www.teacher.org.np

# शिक्षक


मूल्य रु ४०/-

माघ २०६७


- चिन्तन : लोकतन्त्र र स्कूले शिक्षा
  – प्रा. योगेन्द्र यादव
- वनको विज्ञान
  – डा. तीर्थबहादुर श्रेष्ठ
- नेपाली अक्षर सिकाउने काइदा
- २३ हजार दरबन्दी खाली


## विद्यालय व्यवस्थापनका समस्या

# पद्धति होइन प्रवृत्ति दोषी



विद्यालय व्यवस्थापन समितिका उदाहरणीय अध्यक्ष हरिप्रसाद मण्डल, अन्तर्वार्ता पृ. २९



Dabur
Chyawanprash
Dabur
Celebrate Life!
"दुई चम्चाको तयारी
राख्छ टाढा बिमारी"
Introducing 2 Kg
Maha Saver Pack
डाबर
च्यवनप्राश
Dabur
Chyawanprash
Immunity & Strength
जाडो महिनाको आगमनसँगै आएको छ - रुघा र खोकीको समस्या पनि । जति-जति तापक्रम घट्दै जान्छ, त्यति नै हाम्रो रोग प्रतिरोधात्मक शक्ति पनि घट्दै जान्छ र दूषित खाना र पानी अनि कीटाणुले हामीलाई बिरामी बनाउने पूरा तयारी गर्छ । तर ४७ आयुर्वेदिक तत्व युक्त डाबर च्यवनप्राश अपनाएर हामी यी समस्याहरुबाट सजिलै बच्न सक्छौं ।
डाबर च्यवनप्राश - दुई चम्चाको तयारी, राख्छ टाढा बिमारी ।

शिक्षक
मासिक

वर्ष ३ पूर्णाङ्क ३४

माघ २०६७
Jan-Feb 2011

ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष दीपक थापा द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
विपेन्द्र घिमिरे

**कार्यालय**
**ज्ञान विज्ञान सहकारी संस्था लिमिटेड**
**(*शिक्षक* मासिक)**
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर, **पो.ब.नं. ३९१, ललितपुर,** फोनः सम्पादकीय-५५४३२५२, व्यापार/विज्ञापन-५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु दनं ५३/०६५/०६६



# ‘अध्यक्षले लोभ नगरे सबै ठीक हुँदोरहेछ’

**– हरिप्रसाद मण्डल**

पृष्ठ २६-३१

# ६ वर्षमै फेरिएको स्कूल

पृष्ठ २०-२४





# वनको ज्ञान र विज्ञान

पृष्ठ ५२-५४

## गतिविधि


| | |
|---|---|
| स्कूल स्थापनामा पूर्णविराम ! | १२ |
| एसएलसी परीक्षा तालिका | १२ |
| पेशा, व्यवसाय र प्रविधिको पाठ्यक्रम तयार | १३ |
| शिक्षकलाई दुर्गम भत्ता | १४ |
| अनेशिसंघको महाधिवेशन | १४ |
| विशेषको नतिजा सार्वजनिक | १५ |
| २३ हजार दरबन्दी रिक्त | १५ |


## स्तम्भ

विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, जिज्ञासा र जवाफ ८, मनका कुरा १०, फुर्सद ५८, वर्तमानका कुरा ६४

**शिक्षकको ग्राहक बन्दा आधिकारिक व्यक्तिबाट मात्र बन्नुहोस् । पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ तत्काल जानकारी गराउनु होला ।**

■ केदार शर्मा

# राजनीति गर्न आफ्नै नागरिक चाहिन्छ भने...

देश निर्माणमा विभिन्न किसिमका जनशक्तिको आवश्यकता पर्छ। मजदुरदेखि प्राध्यापकसम्म, सैनिकदेखि राजनेतासम्म, व्यापारी-उद्यमीदेखि कलाकारसम्म हजारौं किसिमका पेशा र व्यवसायमा करोडौं मानिसहरू काम गर्छन्।

प्राचीनकालमा एउटा देशभित्र सबै परिआउने प्राय: काम त्यही देशका बासिन्दाले गर्ने गर्थे। तर आधुनिक यातायात, व्यापार, शहरीकरण जस्ता कुरा फस्टाउन थालेपछि एउटा देशका मान्छे अर्को देशमा गएर काम गर्ने चलन बढ्यो। समाज जतिजति अघि बढ्दै गयो, मानिसको काम गर्ने ठाउँ पनि फैलिन थाल्यो। हामी नेपालीहरूले उहिले नै गोर्खा पल्टनका रूपमा बेलायती फौजमा काम गरेका हौं, भारतको असमदेखि बर्मासम्म गाई पालेर बसेका हौं, भारतका चिया बगान मात्र होइन, उखु रोप्ने मजदुरका रूपमा प्रशान्त महासागरको फिजीसम्म पनि पुगेका हौं।

हिजोआजको संसार आफ्ना देशका मानिसहरूले मात्र चल्दै चल्दैन। नेपालीहरू भारत र बेलायतमा सैनिक छन्, सिङ्गापुरमा पुलिस छन्, ब्रुनाईका राजाका अङ्गरक्षक हाम्रै दाजुभाइ छन्। सरकारले नजाऊ भनेको ठाउँमा पनि नेपालीले काम गरिरहेका छन्। मजदुर, खेलाडी, डाक्टर, प्रशासक, वैज्ञानिक- उच्च ओहोदामा कम होलान् तर संसारका अनेक देशमा नेपालीले नगरेको काम छैन। फेसनको राजधानी न्यूयोर्कमा बसेर त्यहाँका धनाढ्य र प्रसिद्ध व्यक्तिहरूले लगाउने लुगाको डिजाइन गर्ने समेत एकजना नेपाली छन्।

नेपालमा पनि विदेशीहरूले अनेक काम गरेका छन्। नेपालमा आधुनिक शिक्षाको थालनी भारतीय शिक्षकहरूबाट भएको हो, आधुनिक चिकित्सा पनि विदेशी, खासगरी भारतीय डाक्टरहरूबाटै शुरु भएको हो। अरू विभिन्न देशका कर्मचारी र स्वयंसेवकहरूले नेपालका कुनाकाप्चादेखि केन्द्रसम्म अनेक काम गरेका छन्। अहिले पनि नेपालभरमा विभिन्न क्षेत्रमा लाखौं भारतीयहरू काम गरिरहेका छन्। कतिले त नेपालकै नागरिकता पनि लिएका छन्। रमाइलो कुरा के भने भारतीयहरू नेपाललाई राम्रो देखेर यता काम गर्न आउँछन्, नेपालीहरू त्यस्तै काम गर्न भारत जान्छन्।

अहिलेको संसारमा योग्यता र क्षमता भएको व्यक्तिलाई अर्को देशमा गएर काम गर्न र सफल हुन असम्भव छैन। आफूकहाँ अर्को देशको डाक्टर, उद्योगपति, व्यापारी, प्राध्यापक- हामी सबै कल्पना गर्न सक्छौं। अरब देशहरूमा सरकारी कर्मचारी समेत विदेशी हुन्छन्। अर्को देशका नागरिकले राष्ट्रप्रमुखको सुरक्षा गरेको पनि देखिएको छ। माथि पनि उल्लेख भयो; भारत र बेलायतले मुलुकको सुरक्षाका लागि समेत अर्को देशका नागरिकमा भर पर्न सकिन्छ भन्ने देखाएका छन्। अर्को देशका नागरिकहरूको पल्टनका भरमा लडाइँ गरेर जितेका पनि छन्। त के, एउटा देशका नागरिकले अर्को देशमा गएर गर्न नसक्ने काम केही छैन त ?

हामीले अन्त गएर जत्रोसुकै महत्त्वपूर्ण पदमा काम गरे पनि वा अर्को देशको नागरिकले हामीकहाँ आएर जे गरे पनि संसारमा कतै पनि एउटा काम भने विदेशीलाई लगाइँदैन- त्यो हो लोकतान्त्रिक राजनीतिमा सहभागी हुने अर्थात् राजनीति गर्ने काम। न त हामी विदेश गएर त्यहाँको राजनीतिमा लाग्न, चुनाव लड्न मिल्छ, न त विदेशी यहाँ आएर नै चुनाव लड्न सक्छ। हामी विश्वविद्यालयका प्रभावशाली प्राध्यापकका रूपमा विदेशीलाई हेर्न सक्छौं, तर गाउँको वडाध्यक्षका रूपमा पनि कोही विदेशीलाई हेर्न चाहँदैनौं। यो हाम्रो मात्र सोचाइ होइन, संसारभर यस्तै हो। कसैलाई अर्को देशमा गएर राजनीति गर्नुपर्छ भने पहिले वैधानिक रूपमा त्यहाँको नागरिक हुनुपर्छ, त्यहाँका मानिसको विश्वासपात्र हुन सक्नुपर्छ अनि बल्ल त्यसतर्फको पहिलो पाइलो शुरु हुन्छ।

संसारमा कसैले पनि अर्कालाई राजनीति जिम्मा नलगाएको कारण एउटै छ, मुलुकका सबै नीतिहरूको केन्द्रीय नीति राजनीति हो। चाहे त्यो वडा तहकै किन नहोस्, त्यो आफ्ना नागरिकहरूको मन र मुटु बुझ्नुपर्ने काम हो। यो अर्कालाई जिम्मा लगाउने नमिल्ने गरी महत्त्वपूर्ण काम हो। तर यति महत्त्वपूर्ण हुँदाहुँदै पनि राजनीतिको भाउ किन घटेको त ? किन मानिसहरू राजनीति मन पराउँदैनन् त ? के मानिसहरूले बुझेर राजनीतिलाई गाली गरेका हुन् कि नबुझी ?

देशको अव्यवस्थाको जिम्मा राजनीति गर्नेहरूलाई लगाएर 'मलाई राजनीति मनपर्दैन' भन्न त सजिलो हुन्छ, तर 'राजनीति मन नपरे के त ?' भन्ने प्रश्नको जवाफ हामीसित छ त ? राजनीति विना देश चल्दैन भने, अर्कालाई बोलाएर आफ्नो देशको राजनीति जिम्मा लगाउन सकिँदैन भने हामीलाई 'आई हेट पोलिटिक्स' भन्ने हक छ त ?

यसपटकको *शिक्षक* मा प्रकाशित भारतीय शिक्षाविद् डा. योगेन्द्र यादवको लेखले यस विषयमा विचारोत्तेजक कुराहरू उठाएको छ। हाम्रा पाठ्यपुस्तकहरूले ज्ञान बढाउने भन्दा अन्योल बढाउने काम गरेका छन् भन्ने डा. यादवको कथन भारतमा मात्र होइन, नेपालमा पनि सही छ। उक्त लेखले शिक्षकहरूमा एउटा गम्भीर उत्तरदायित्व रहेको कुरा मसिनोगरी उठाएको छ- मुलुकमा लोकतन्त्र चाहिन्छ भने राजनीतिप्रति सकारात्मक धारणा बढाउन र सुयोग्य राजनीतिज्ञहरू जन्माउन अत्यन्त जरुरी छ। सबै कुरा जस्तै यसको पनि थालनी स्कूलबाटै र शिक्षकहरूबाटै हुनुपर्छ।

# उज्यालो भैहाल्छ नि !

*रात्रिर्गमिष्यति भविष्यति सुप्रभातं*
*भास्वानुदेष्यति हसिष्यति पंकजश्रीः ।*
*इत्थं विचिन्तयति कोषगते द्विरेफे*
*हा हन्त हन्त नलिनीं गज उज्जहार ।*

*'शिवराज विजय'* नामक संस्कृत ग्रन्थबाट उद्धरण गरिएको माथिको श्लोकमा एउटा भमरोको कथा समेटिएको छ । भमरो सूर्यकमलको थुँगाभित्र पसेर पुष्परस पान गर्न थाल्छ । दिन ढल्दै जान्छ । सूर्यास्त भएपछि कमलको फूलको मुख बन्द हुन्छ । त्यसो भयो भने आफू फूलभित्रै थुनिनुपर्छ भन्ने कुरा ऊ वेलावेलामा सम्झी रहन्छ । तर फूलको मीठो रसले लट्ठ हुँदै गएपछि उसको अर्को मनले भन्छ "फूल बन्द नै भयो भने पनि भोलि बिहान त सूर्योदय भई नै हाल्छ, फूल खुलिहाल्छ र म निस्किइहाल्छु... !"

अरू कुरा उसले सोचेजस्तै भयो । घाम अस्तायो । कमलको फूलको मुख बन्द भयो । भोलिपल्ट बिहान सूर्योदय पनि हुँदैथियो । तर विचरो भमरोको बिडम्बना; सूर्योदय हुनुअघि नै आहाराको



खोजीमा निस्किएको एउटा हात्तीको सूँडले फक्रन बाँकी नै रहेको त्यही कमल चुँडेर निलिदियो ।

**शिक्षाः** यो कथाको भमरो कुनै कुरामा नराम्रोसित आशक्त हुने, समयको अर्थ नबुझ्ने; बाँकी संसार आफ्नो इच्छा अनुसार चल्छ भन्ने कुराको भ्रम राख्ने मानिसहरूको प्रतीक हो ।




# प्रतिक्रिया र सुझाव




## बढ्दो लगानी, घट्दो स्तर

नेपालको शैक्षिक प्रणाली, राज्यको शिक्षाका नीतिगत व्यवस्थाहरू र सामुदायिक विद्यालयको शैक्षिक अवस्था चित्रण गरेर देशको शिक्षाका मुख्य समस्याहरूको चिरफार गर्ने प्रयास गरेकोमा (*शिक्षक*, पुस, २०६७) लाई साधुवाद। सम्पादकीयको रूपमा प्रस्तुत विषय सन्दर्भदेखि शिक्षकका मनका कुरा, (स्रोतव्यक्ति र विद्यालय निरीक्षकको वर्तमान अवस्थादेखि विद्यालयमा शिक्षक नियुक्तिको राष्ट्रिय मुद्दासम्म) व्यवस्थापन समितिको अध्यक्ष पदमा संसदीय चुनावमा हुने दलहरूको भन्दा ठूलो प्रतिस्पर्धा र विद्यालयको सम्पत्ति हिनामिना गर्न प्रअले रोक्न खोज्दा व्यवस्थापन समिति अध्यक्षले विद्यार्थीको अपहरण र हत्यासम्म गरेका कुकृत्य तथा शिक्षक र अभिभावकले आत्मसात गर्न नसकेको उदार कक्षोन्नति र भन्दा राम्रो पद्धति भनिए तापनि कार्यान्वयनका क्रममा अत्यन्त समस्याग्रस्त तथा अविश्वासिलो बनेको पीसीएफका बारेमा खोजमूलक र विश्लेषणात्मक सामग्रीहरू पाउँदा अत्यन्त खुसी लाग्यो। प्रस्तुत सामग्रीहरूको माध्यमबाट अहिलेको मुलुकको शिक्षा प्रणालीको अवस्था आकलन गर्न त सकिन्छ नै, भविष्यमा देशको शैक्षिक दिशा कता जानेछ भन्ने समेत अन्दाज गर्न पनि कठिन हुँदैन।

कथनीमा जे भनिए तापनि नेपालको सार्वजनिक शिक्षा प्रणाली दिनप्रतिदिन समस्याग्रस्त बन्दै गएको छ। यी समस्या थोरै व्यक्तिले सजिलै र सरल तरिकाले समाधान गर्न सक्ने अवस्था छैन। एकातिर विद्यालय व्यवस्थापन समितिलाई अधिकारसम्पन्न बनाउन खोजिँदैछ भने अर्कातिर विव्यसहरू विद्यालयलाई राजनीतिक क्रीडास्थल बनाउँदैछन्। शिक्षामा राज्यले लगानी बढाइरहेको छ तर सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि; विद्यार्थी सङ्ख्या र त्यसप्रतिको समुदाय र अभिभावकको विश्वास घटिरहेको छ। राज्यले शिक्षामा सबैको पहुँच पुऱ्याउन छात्रवृत्तिका कार्यक्रम थप्दैछ तर त्यही छात्रवृत्तिको रकम दुरुपयोगका समाचार पत्रिकामा पढ्नुपर्छ। राज्यले शिक्षालाई निःशुल्क र अनिवार्य गर्ने नीति अङ्गीकार गरेको छ तर निजी विद्यालयहरू खुल्ने क्रम रोकिएको छैन र तिनले हरेक वर्ष शुल्क बढाइरहेका छन्। निजी विद्यालयलाई नियन्त्रण गर्न सक्ने आँट राज्यसँगै देखिँदैन।

अहिले पनि अधिकांश सामुदायिक विद्यालयहरूमा शिक्षक, भवन, कक्षाकोठा, फर्निचर, खेलमैदान, प्रयोगशाला, पुस्तकालय, शैक्षिक सामग्री, शौचालय, खानेपानी जस्ता आधारभूत कुराहरूको अभाव छ, भएको स्रोत र साधनको पनि यथोचित उपयोग भएको छैन। कक्षाकोठाहरू सिकाइका केन्द्रबिन्दु भएका छैनन्।

हातमा सीप नभएको र श्रमप्रति सकारात्मक भावना विकास गर्न नसकेको हाम्रो शिक्षाका समसामयिक सवालहरूलाई उठान गरेर राज्यलाई शिक्षा क्षेत्रप्रति संवेदनशील बनाउन पनि शिक्षक सहयोगी बनोस् भन्ने आशा राख्दछु।

**देवीराम आचार्य, अर्घाखाँची**

## विव्यसको बेथिति; चुनाव कारक होइन

*शिक्षक* को मङ्सिर अङ्कको 'प्रतिक्रिया र सुझाव' स्तम्भमा छापिएको 'शिक्षक भर्नामा नातावाद' शीर्षकको विश्लेषणले मेरो ध्यान खिच्यो। त्यसमा हाम्रो समाजको यथार्थ प्रस्तुत गरिएको छ। तर त्यो विश्लेषण पढेपछि मैले आफैंलाई प्रश्न गरेँ: के अभिभावकहरूले गाउँमा नेतृत्व दिने सक्षम व्यक्ति नभएर जँड्याहा, राजनीतिखोर व्यक्तिलाई अध्यक्ष चुने होलान् त? अध्यक्षको चयन निर्वाचन प्रक्रियाबाट हुन्छ। यसको मतलब जसले बढी भोट ल्यायो त्यही अध्यक्ष बन्छ। अब प्रश्न उठ्छ, बहुमत अभिभावकहरूले राजनीतिक वा गैरजिम्मेवार र अनैतिक व्यक्तिलाई किन चुन्छन्? कतै विगतमा अवसर नपाएका बहुमत अभिभावकहरूले अवसरको गलत उपयोग गरेका त होइनन्? कतै विगतमा पिल्सिएका आवाजहरूले गाउँका ठूलाठालुहरूलाई चुनौती दिन त्यसरी विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा सामान्य सर्वसाधारणलाई चयन त गरेका होइनन्?

हामीले अहिलेको शिक्षा ऐन र नियमावली कार्यान्वयनमा आउनुपूर्वको अवस्था हेर्‍यौं भने त्यहाँ जिल्ला शिक्षा कार्यालयसम्म पहुँच भएका र राजनीतिक दलहरूसँग सम्बन्ध भएका व्यक्तिहरू विव्यसको अध्यक्ष मनोनीत हुने चलन थियो। त्यसरी मनोनीत हुने अध्यक्षले मनोनीत गर्ने संस्था वा व्यक्तिहरूको निर्देशनमा काम नगरे होलान् भन्न सकिन्न।

अहिलेको शिक्षा नियमावली क्रियाशील हुनुपूर्व जिल्ला शिक्षा कार्यालयहरूबाट अस्थायी शिक्षक नियुक्ति हुने चलन थियो। के त्यतिवेला निष्पक्ष, विनापूर्वाग्रह, विना नातावाद/क्रिपावाद शिक्षक नियुक्त गरिन्थे त? के त्यतिवेलाको नियमावलीबाट कोही प्रताडित थिएनन्? के सबैले आफ्नो क्षमताको आधारमा त्यतिवेला शिक्षक पदमा नियुक्ति पाएका थिए त? कतै वर्तमान अवस्थाको यो चुनौती विगतको प्रत्युपादन त होइन? विगतमा पहुँचवालाहरूबाट पाएको सास्तीको बदला वर्तमानमा

गलत तरिकाबाट गरिँदै त छैन? यस्ता गाँठी कुराहरूमा बहसमा भाग लिनेहरूको ध्यान जान नसकेको हो कि जस्तो लाग्यो। त्यसमा पनि विद्यालयहरूमा अध्यक्ष चुन्ने प्रक्रियाबाटै राजनीति शुरु भएको भन्ने जस्तो अलोकतान्त्रिक विचार पनि कतिपय विश्लेषकहरूको देखिन्छ। तर म चुनावी प्रक्रियाबाट अध्यक्ष चयन हुँदा मात्र विद्यालयहरूमा राजनीति भित्रिएको भन्न सक्दिनँ।

देश लोकतान्त्रिक गणतन्त्र स्थापनाको प्रसव पीडामा छ। अर्थात् देशले लोकतन्त्रको स्थापना चाहे पनि त्यो हुन सकिरहेको छैन। लोकतन्त्रलाई लोकतन्त्रका हिमायती हुँ भन्नेहरूले नै तिलाञ्जली दिन थालेपछि यस्तो स्थिति आएको हो। विद्यालय व्यवस्थापन समितिको चयन निर्वाचन प्रक्रियाबाट हुनु भनेको लोकतन्त्रको अभ्यास गर्नु हो। विचारको प्रतिस्पर्धामा राजनीतिको गन्ध हुनु स्वाभाविक हुन्छ। तर त्यस्तो राजनीतिलाई विद्यालयको सर्वोपरि हितका लागि पन्छाउन नसक्नु व्यक्तिको कमजोरी हो। निर्वाचन भनेको आवाज नहुने, पहुँच नहुने, धन नहुने, निमुखा सर्वसाधारणहरूको अस्त्र हो। त्यसमा पनि आफ्ना नानीहरूलाई उज्ज्वल भविष्यका लागि विद्यालय पठाउने अभिभावकहरूले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चुन्न पाउनु अभिभावकहरूको सौभाग्य र उनीहरूको विचारको कदर हुने अवस्था हो। तर यो नितान्त लोकतान्त्रिक परिपाटीको गलत फाइदा उठाउनु व्यक्तिको बदनियत हो।

यसर्थ अभिभावकले पाएको अधिकार कटौती गर्दैमा शिक्षामा राजनीति हुँदैन भन्ने सोच्नु सतही विश्लेषण मात्र हो। यो विगतमा बसालिएको गलत नजिरलाई ढाकछोप गर्ने नीति मात्र हो। यसलाई दुई तरिकाबाट विश्लेषण गर्न जरुरी छ। पहिलो– विगतमा शिक्षा कार्यालयबाट अध्यक्षको मनोनयन हुने अवस्थाको वेला क-कसले अवसर पाए? ती अध्यक्षहरूले कस्ता कस्ता कार्य गरे? त्यसवेला अस्थायी शिक्षकका रूपमा कस्ता कस्ता व्यक्तिहरूले नियुक्ति पाए? के कतै पहुँच नभएका, आफ्नो क्षमतामा भएका बेरोजगार युवाहरूलाई उनीहरूको क्षमताको आधारमा शिक्षण पेशामा आमन्त्रण गरिएको थियो? के त्यतिवेला अवसर पाउने व्यक्तिहरूको शिरमा राजनीतिक आशीर्वाद थिएन त? तसर्थ विद्यालयका अभिभावकले पाउँदै आएको अधिकार कुनै रूपमा कटौती हुनुहुँदैन। त्यसो गर्नु लोकतान्त्रिक मान्यताको विरुद्धमा हुन जानेछ। दोस्रो– चुनावी प्रक्रियाबाट आएकाहरूले गरेका शिक्षक नियुक्ति धाँधलीपूर्ण भए, विवादास्पद भए। विद्यालय व्यवस्थापन समितिहरूले गरेका अपरिपक्व निर्णयहरू बाहिर आउनुलाई चेतनाको हिसाबले उपलब्धि मान्न सकिन्छ। किनभने हिजो पहुँचवालाहरूले आफ्नाहरूलाई शिक्षणमा छिराउँदा कतै उजुरी हुँदैनथ्यो, आज हुँदैछ। बरु; पहुँचवालाहरूलाई नजरअन्दाज गरेर काम गर्दा विवाद आएको तर्फ किन ध्यान दिँदैनौं? किन विवादित विषयहरूमा न्यायिक छानबिनको वकालत गर्न सक्दैनौं? विव्यसको निर्वाचनले हिजोका जिल्लामुखी पहुँच भएकाहरूभन्दा गाउँमा अभिभावकहरूसँग रमाउनेलाई अध्यक्ष बनाएको छ। हामीले ग्रामीण क्षेत्रका विव्यसहरूको अवस्था हेर्‍यौं भने स्थिति छर्लङ्ग हुन्छ। त्यहाँ हिजोका पहुँचवालाहरूको नामोनिसान देखिँदैन।

**हामी एकातिर लोकतन्त्रको वकालत गरिरहेका छौं अर्कोतिर विद्यालयस्तरमा हुने लोकतान्त्रिक परिपाटीलाई तुच्छ ठानिरहेका छौं; किन ?**

हामी एकातिर लोकतन्त्रको वकालत गरिरहेका छौं अर्कोतिर विद्यालयस्तरमा हुने लोकतान्त्रिक परिपाटीलाई तुच्छ ठानिरहेका छौं; किन? त्यसै पद्धतिमा रहेर विद्यालयको वातावरण सुधार्न सकिन्न र? के शिक्षक छनोट प्रक्रियामा देखिएको विवाद समाधान गर्ने एक मात्र उपाय व्यवस्थापन समितिको अधिकार कटौती मात्र हो? मलाई त होइन जस्तो लाग्छ। बरु शिक्षक छनोटमा देखिने विवादलाई अन्त्य गर्न देहायअनुसार कदम चलाउन सकिन्छ–

- दरबन्दी रिक्त भएदेखि शिक्षक नियुक्तिको प्रक्रिया समाप्त नहुन्जेल जिल्ला शिक्षा कार्यालयले आफ्ना प्रतिनिधि (स्रोत व्यक्ति तथा विद्यालय निरीक्षक) मार्फत दोहोरो (प्रत्यक्ष, अप्रत्यक्ष) अनुगमनको व्यवस्था मिलाउने;
- दुवै अनुगमनकर्ताको प्रतिवेदनपश्चात् मात्र विव्यसले नियुक्त गरेको व्यक्तिलाई नियुक्ति दिने;
- अनुगमनकर्ताहरूलाई निष्पक्ष र स्वतन्त्र रूपमा काम गर्न दिन विशेष अधिकार प्रत्यायोजन गर्ने;
- शिक्षक छनोट समितिमा विषय विशेषज्ञ अनिवार्य राख्नुपर्ने व्यवस्था गर्ने;
- शिक्षक छनोटका लागि लिइने लिखित परीक्षाका लागि प्रश्नपत्र जिल्ला शिक्षा कार्यालयले विव्यसले नियुक्त गरेको विषय विशेषज्ञ र अन्य विशेषज्ञहरूको सहयोगमा निर्माण गर्ने;
- परीक्षाका उत्तरपुस्तिका परीक्षण गर्न पनि सोही विशेषज्ञ टोलीलाई जिम्मा दिने;
- प्रश्नपत्रको निर्माण र उत्तरपुस्तिकाको जाँच सकेसम्म कम समयमा गम्भीरतापूर्वक गर्ने, जसले विशेषज्ञहरूलाई अनावश्यक दबाब दिने समय नरहोस्;
- छनोट प्रक्रियामा आएका विवादहरूलाई वस्तुनिष्ठ ढङ्गबाट अध्ययन गरेर किनारा लगाउने विधि-प्रक्रिया पहिल्यै तय गर्ने;
- पहुँचवालाहरूका दबाब र भनसुनबाट विशेषज्ञ र अनुगमन टोलीलाई टाढा राख्ने।

यति गर्न सकियो भने विव्यसको अधिकार कटौती गर्नु पनि परेन र शिक्षक भर्नामा विवादको पनि न्यूनता आउँछ। विवाद आइहाल्यो भने पनि त्यसको वस्तुनिष्ठ अध्ययनबाट किनारा लाग्ने भएकाले पीडितले न्याय पाउने सम्भावना बढेर जान्छ। परिणामतः विद्यालयहरूमा राजनीतिको चलखेल कम हुनजान्छ; प्रतिभा र क्षमता भएका व्यक्ति शिक्षणमा भित्रिन्छन् र गुणस्तरमा पनि सुधार हुन जानेछ।

पदम बडाल
हुस्कर उमावि काँटे, दार्चुला

# प्रतिक्रिया र सुझाव

## कारबाही होस् !

शिक्षा क्षेत्रका विभिन्न पक्षलाई खोज/अनुसन्धान गरी लाखौंलाख पाठकमाझ आउन सफल *शिक्षक* मासिक पत्रिका हामी नियमित पढ्ने गर्दछौं । यस पत्रिकाले कसरी सफल शिक्षक बन्ने भनेर दिनरात खटिरहेका शिक्षकलाई अझ राम्रो बन्न सहयोग गरेको छ । कात्तिक अङ्कमा छापिएका 'प्रतिबद्ध सर पीताम्बर' अत्यन्तै राम्रो लाग्यो । साथै 'आँट पनि कत्रो ! हुँदै नभएका स्कूलका नाममा लाखौं निकासा' जस्ता लेखले शिक्षा क्षेत्रमा कति व्यापक भ्रष्टाचार भइरहेको रहेछ भन्ने जानकारी पाइयो । पहाडी हिमाली क्षेत्रमा भन्दा तराई क्षेत्रमा यस्तो किसिमको नराम्रो काम भइरहेको पाइन्छ ।

जिल्ला शिक्षा अधिकारी नै यस्तो कार्यमा लागिरहेको अवस्थामा देशको भविष्य कतातिर जाला ? यस्तो कार्य गर्ने जोसुकै कर्मचारीलाई कडाभन्दा कडा सजाय हुनुपर्छ ।

घनश्याम निरौला
शारदा प्रावि, नयाँबजार–४, इलाम

## धन्यवाद !

*शिक्षक* मासिकमा प्रकाशित हुने सम्पूर्ण लेखहरू पढ्दा साह्रै खुशी लाग्छ । किनभने यस पत्रिकाले नेपालको दुर्गम क्षेत्रमा बस्ने पाठकवर्ग समक्ष शिक्षामा भएका हलचल, गतिविधि लगायत शिक्षक पद्धतिलाई समेत छोएको र एउटा चासो राख्ने शिक्षाप्रेमीलाई मार्गदर्शक नै बनेको छ । धन्यवाद !

प्रकाश पन्थी
लाप्राक उपस्वास्थ चौकी, लाप्राक, गोरखा

## नगद नै राम्रो हुन्थ्यो

म *शिक्षक* मासिकको नियमित पाठक हुँ । यसमा प्रकाशित सबै सामग्रीहरू ज्ञानवर्द्धक छन् । यस मासिकबाट विजेता प्रतियोगीलाई दिइने नगदको सट्टा पत्रिका नै एक वर्ष दिइने कुरामा भने दुःख लागेको छ । मैले विद्यालयमा आउने पत्रिका नै पढ्ने गर्दछु । यदि कुनै प्रतियोगितामा विजेता भइयो भने नगदै पुरस्कार पाइन्छ कि पाइँदैन ? अर्को कुरा सामान्यज्ञानको कुपन पठाउनुपर्छ कि पर्दैन ? जवाफ पाए आभारी हुनेथिएँ ।

शान्तबहादुर थापा
बेलबारी–१, मोरङ

**(प्रतियोगिता– २२ सम्मका विजेताहरूले नगद पुरस्कार पाउनुहुनेछ भने प्रतियोगिता–२३ पछिका विजेताले एक वर्षसम्म पत्रिका पाउनुहुनेछ । साथै; सामान्य ज्ञानको जवाफ पठाए हुन्छ, कुपन पठाउनुपर्दैन । –सं)**

## पुरस्कार पाइनँ

असोज अङ्क (२०६७) मा मलाई सुडोकु–२२ को विजेता घोषित गरिएको रहेछ । तर हालसम्म पनि मलाई पुरस्कारस्वरुप पत्रिका पठाइएको छैन । मैले पुरस्कार वा पत्रिका कहिले पाउँछु ?

हर्कबहादुर थापा मगर
तितौरे मावि, पालकोट–७, बागलुङ

**द्रष्टव्यः प्रतियोगिता–२३ (अङ्क–३१, कात्तिक २०६७) देखि लागू हुनेगरी विजेतालाई पुरस्कारको रूपमा नगदको सट्टा एक वर्षसम्म *शिक्षक* मासिक निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराउने निर्णय भएको हो । तपाई प्रतियोगिता–२२ को विजेता भएकाले पत्रिका होइन, नगद पुरस्कार नै पाउने श्रेणीमा पर्नुभयो । त्यसैले तपाईंको नाममा पत्रिका पठाइएको छैन । यदि नगदको सट्टा पत्रिका चाहनुहुन्छ भने त्यो विकल्प पनि खुला छ । नगदै लिनको निम्ति परिचयपत्र र परिचयपत्रको एकप्रति फोटोकपीसहित *शिक्षक* को कार्यालयमा सम्पर्क राख्नुहोला । –सं.**

## शिक्षक

अनिश्चित गन्तव्य बोकेका यात्रुहरूलाई
समुन्द्र पार गराएझैं माझीले
अन्धकारमा रुमल्लिएका मानवहरूलाई
अँध्यारो दलदलबाट उतार्दै
कसैको ताली, अनि
कसैको गाली खपिरहेछन् शिक्षक

राजन भूजेल
भाषा निमावि, वठकादियाले–५, खोटाङ


विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड.(अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ ।
तीनथाना, काठमाडौं, फोनः ४३११८४३)

- ✓ विभिन्न विषयका विशेषज्ञहरूद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको ।
- ✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन ।
- ✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म
- ✓ शतप्रतिशतसम्म मासिक शुल्कमा छात्रवृत्तिका साथ एक वर्षे बी.एड. तथा तीन वर्षे बी.एडमा नयाँ भर्ना आरम्भ ।
- ✓ जाडो विदा पछिका कक्षा माघ १७ गते देखि आरम्भ ।
- ✓ एम.एड. दोस्रो वर्षको सोध-पत्रको सोध-प्रस्ताव बुझाउने अन्तिम मिति माघ २० गते ।

पहिलो सामुदायिक शिक्षा क्याम्पस

काठमाडौं शिक्षा क्याम्पस
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोनः ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
नोटिस बोर्ड नं.: क्याम्पस विषेश सूचना (१६१८०१४२३०२४०)
विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१)
उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ ।

E-mail: kscram@ksc.edu.np, URL: w w w . k s c . e d u . n p


हाम्रा केही साहित्यिक प्रकाशन
आफैंतिर फर्केर हेर्दा
लेखक : श्रीभद्र शर्मा
अवकाश पछिको आकाश
लेखक : तेजेश्वरबाबु ग्वंग:
विस्मृतिका फूलहरू
लेखक : बमप्रसाद श्रेष्ठ (मास्के)
छापामार युवतीको डायरी
लेखक : तारा राई
चर्चित व्यक्तित्व
लेखक : व्याकुल पाठक
घामको चुम्बन
लेखक : युवराज नयाँघरे
गृहप्रवेश
लेखक : डायमनशमशेर राणा
कहाँ गए ती दिनहरू
लेखक : अम्बर गुरुङ
पहेँलो गुलाफ
लेखक : प्रेमा शाह
शिशिरको बतास
लेखक : अर्जुन निरौला
रत्न पुस्तक भण्डार
वैद्धकमार्ग-७१ 'ग' बागबजार, काठमाडौं, नेपाल । फोन : ४२२३०२६, ४२४२०७७


गुञ्जन्छ राष्ट्रको हरेक कुनामा...
नेपाल एफएम नेटवर्क
NEPAL FM 91.8
NEPAL FM
91.8
Socially Inclusive Radio of New Nepal
तपाईं जहाँ भए पनि नेपाल एफ एम
विस्तृत जानकारीका लागि : नेपाल एफ.एम. 91.8, रविभवन, काठमाडौं
फोन: ४२८०१२१, ४२८०१२३, ईमेल : radio@nfm.com.np
www.nfm.com.np

# जिज्ञासा जवाफ

## वैकल्पिकको पालो कहिले ?

सरकार र शिक्षक युनियनबीच भएको सहमतिको बुँदा नम्बर चारमा २०६१/६२ को आन्तरिक प्रतिस्पर्धामा स्थायी हुन नसकी वैकल्पिक सूचीमा रहेका शिक्षकलाई कानुनमा व्यवस्था गरेर स्थायी नियुक्तिको व्यवस्था मिलाउने भनिएको छ । यो सङ्ख्या ११ सय जति रहेको अनुमान छ । यो सहमति भएको पनि एक वर्ष नाघिसक्यो । यो व्यवस्था कहिलेदेखि लागू होला ?

**बलरामप्रसाद थारू**
**नेपाल राष्ट्रिय निमावि, विरुवागुठी, पर्सा**
**बलिरामप्रसाद दास**
**जनता उमावि, पकडिया, बढनिहार, पर्सा**

*शिक्षा नियमावली, २०५९ को संशोधन प्रस्तावमै उक्त व्यवस्थालाई थप्ने प्रयास गरिएको हो । तर, नियमावलीमा त्यसरी थप्न नमिल्ने देखियो । हामी शिक्षा ऐनको संशोधन प्रस्तावमा उक्त व्यवस्थालाई राख्ने प्रयासमा छौं ।*

***जनार्दन नेपाल***
***सहसचिव, शिक्षा मन्त्रालय***

## घरपायक मिल्ला ?

म प्राथमिक तहको स्थायी शिक्षक हुँ । मेरो घर विर्ता देउराली-३, काभ्रेमा पर्छ । घरबाट स्कूल पुग्न एक दिन पैदल हिँड्नुपर्छ । मैले २०४८ सालदेखि त्यहाँ सेवा गरिरहेको छु । हाल मेरो स्वास्थ्यमा समस्या परेकाले घरपायक सरुवा हुन खोज्दैछु । निकट भविष्यमै मेरो घरपायक स्कूलमा प्राथमिक दरबन्दी पनि रिक्त हुँदैछ । तर प्राय: स्कूलमा दरबन्दी रिक्त हुँदा सरुवा गर्नेभन्दा अस्थायी नियुक्तिलाई प्राथमिकता दिने गरिएको पाइन्छ । जिशिका र स्कूलले सहमति नदिई मेरो सरुवाको सम्भावना छैन । त्यसरी रिक्त हुने दरबन्दीमा मैले सरुवा पाउँछु कि पाउँदिनँ ? त्यसका लागि के गर्नुपर्ला ?

**रामसिं घिसिङ**
**बालुवा मावि, बालुवापाटी, काभ्रे**

*दरबन्दी रिक्त भएको अवस्थामा अस्थायी शिक्षक नियुक्त गर्ने वा अर्को स्कूलको शिक्षकलाई सरुवा गरेर पदस्थापन गर्ने भन्ने निर्णय गर्ने अधिकार व्यवस्थापन समितिलाई छ । त्यसो हुँदा तपाईंले आफ्नो सरुवाको लागि घरपायक स्कूलको व्यवस्थापन समितिसँग सल्लाह गर्नुस् । त्यसमा जिशिकाले सहजीकरण गरिदिन सक्छ ।*

***रामशरण सापकोटा***
***जिशिअ, काभ्रे***

## मैले नियुक्ति पाउँला ?

म १५ मङ्सिर २०६४ देखि युवक निमावि, धधवार बर्दियामा प्राथमिक तहकी स्थायी शिक्षक अमिरा शाको स्थानमा 'सट्टा शिक्षक'को रूपमा कार्यरत छु । शिक्षक शा मानसिक रोगी भएपछि मलाई सट्टा शिक्षक राखिएको हो । उहाँले पूरै तलब पाउनुहुन्छ । त्यसको केही अंश मलाई दिने गरिएको छ । शाको अवकाशपछि मैले उहाँको स्थानमा स्थायी शिक्षकको हैसियतमा काम गर्न पाउँछु कि पाउँदिनँ ? शारीरिक अस्वस्थताका कारण चार वर्षसम्म स्कूलमा अनुपस्थित हुने शिक्षकको हकमा शिक्षा ऐन/नियमावलीमा कस्तो व्यवस्था छ ?

**मानबहादुर खरेल**
**युवक निमावि, धधवार, बर्दिया**

*शारीरिक अस्वस्थताको कारणले कुनै शिक्षक पढाउन असमर्थ छ भनी मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो शिक्षकलाई पाँच वर्षसम्म सेवा अवधि थप्दा पेन्सन पाउने अवस्था पुग्ने रहेछ भने बाँकी अवधि थप गरी अवकाश दिन सकिने व्यवस्था शिक्षा नियमावलीमा छ । तर, त्यसरी अवकाश पाएपछि रिक्त हुने पदमा तपाईंले सीधै प्रवेश पाउनुहुने छैन । छनोट परीक्षामा सफल हुने उम्मेदवारले मात्रै अवसर पाउनेछ ।*

***पदमसिंह विष्ट***
***शाखा अधिकृत, शिक्षा विभाग***

## पीसीएफ के हो ?

मैले पीसीएफ अनुदानबाट निम्नमाध्यमिक तहको तृतीय श्रेणीमा नियुक्ति पाएको छु । पीसीएफ पनि राहत कोटा जस्तै हो भन्ने सुनिन्छ । अर्थात् राहत र पीसीएफ कोटा भनेको उस्तै हो कि फरक हो ? पीसीएफमा श्रेणी अनुसार तलब स्केल हुन्छ कि हुँदैन ?

**हेमन्त माझी**
**कालिका निमावि, रतनपुर, उदयपुर**

*पीसीएफ र राहत फरक किसिमका अनुदान हुन् । राहतमा दरबन्दीका शिक्षक सरहको तलब दिइन्छ । पीसीएफ भनेको चाहिँ 'प्रति विद्यार्थी अनुदान' हो । विद्यार्थीको सङ्ख्या हेरेर जिशिकामार्फत स्कूलमा पीसीएफ अनुदान पठाइन्छ । आफूले पाएको पीसीएफ अनुदानबाट तलब दिने गरी स्कूलले शिक्षक नियुक्त गर्छन् ।*

***कृष्णप्रसाद ढुङ्गाना***
***उपसचिव, शिक्षा विभाग***

## विद्यार्थी घटे के हुन्छ ?

देशमा प्रस्तावित स्कूलहरू थुप्रै छन् । त्यस्ता स्कूलमा सरकारले राहत दरबन्दी र पीसीएफ कोटा वितरण गर्दै आएको छ । यदि दरबन्दी अनुसार स्कूलमा (प्राथमिक तहमा) विद्यार्थी सङ्ख्या पुगेन भने त्यस्तो दरबन्दीलाई सरकारले अनुसार अन्यत्र कतै सरुवा गर्छ कि, दरबन्दी सदाको लागि कटाउँछ ?

**ताराबहादुर बस्नेत**
**नवदुर्गा प्रावि, छायाँक्षेत्र-३, सल्यान**

*राहत र पीसीएफ आफैंमा दरबन्दी होइन, यो अनुदान हो । विद्यार्थी सङ्ख्या बढी भएर शिक्षक दरबन्दी कम भएका वा नभएका स्कूलमा शिक्षक सेवा पुऱ्याउन यस्तो अनुदान दिइएको हो । भविष्यमा विद्यार्थी सङ्ख्या घटेमा वा शिक्षक सङ्ख्या नपुगेका स्कूलमा दरबन्दी मिलानका क्रममा त्यस्तो अनुदान कटौती हुन पनि सक्छ ।*

***हरि गौतम***
***उपनिर्देशक, शिक्षा विभाग***

## महङ्गीभत्ता पाइएन

सरकार र शिक्षक युनियनबीच भएको सहमतिमा राहत शिक्षकलाई दरबन्दीका शिक्षक सरह सेवा-सुविधा दिने भनिए पनि हामी राहतकोटामा कार्यरत शिक्षकले गत सालको महङ्गी भत्ता अहिलेसम्म पनि पूरा पाएका छैनौं। हामीलाई बाँकी भत्ता दिइन्छ कि 'जति आयो खाऊ, चुप लागेर पढाऊ' भन्न खोजिएको हो? साथै हामीजस्ता राहत शिक्षकलाई स्कूलले नियुक्ति दिनुको सट्टा जिशिकाले नियुक्ति दिन मिल्दैन?

**रामचन्द्र अधिकारी**
**जलकन्या निमावि, बैरेनी-६, धादिङ**
**टीकाबल्लभ पराजुली**
**लालीगुराँस प्रावि, किमालुङ-२, भोजपुर**

*स्वीकृत दरबन्दी र राहत शिक्षकले पाउने तलब र महङ्गीभत्तामा कुनै विभेद छैन। राहत शिक्षकलाई पनि रु. १,२०० का दरले महङ्गीभत्ता पठाइएको हो। कुन जिल्लाका कुन स्कूलसम्म भत्ता नपुगेको हो भन्ने बारेमा प्रस्ट भएन। यदि अपुग भएकै रहेछ भने अर्थ मन्त्रालयसँग माग गरेर निकासा पठाउनेछौं। कानुनतः अस्थायी शिक्षक नियुक्तिको अधिकार विद्यालय व्यवस्थापन समितिलाई नै भएकाले राहतको नियुक्ति पनि सम्बन्धित स्कूलबाटै हुन्छ। त्यसमा जिशिकाले नियुक्ति समर्थन मात्रै दिने हो।*

***कृष्णप्रसाद ढुङ्गाना***
***उपसचिव, शिक्षा विभाग***

## रकम निकासा भइसक्यो

मैले ८ वर्षदेखि विद्यालय कर्मचारी (पियन)को रूपमा एकदम न्यून पारिश्रमिक (रु.५०० देखि १,००० सम्म) पाउने गरी सेवा गर्दै आएको छु। २०६६ कात्तिक ११ मा शिक्षक-सरकार सहमति अनुसार कर्मचारी व्यवस्थापनका लागि आर्थिक वर्ष २०६६/६७ मा प्रावि तहको लागि रु.२२,००० पठाइएको जानकारी शिक्षा विभागका उपसचिव कृष्णप्रसाद ढुङ्गानाले गराउनुभएको छ। (*शिक्षक* मासिक, २०६७ भदौ) तर सो रकम हालसम्म विद्यालय खातामा जम्मा भएको छैन। त्यो रकम कुन शीर्षकमा कहिलेसम्म खातामा निकासा भई आउने र पारिश्रमिक पाउने हो?

**धनबहादुर खड्का**
**प्रावि लेकहातीखाल, छिन्चु-१, सुर्खेत**

*आव २०६६/६७ कै कार्यक्रममा निश्चित प्रक्रिया पुगेका विद्यालयहरूले पाउने गरी प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक विद्यालयमा क्रमशः रु.२२,०००, २७,००० र ३१,००० पठाइएको र चालु आवदेखि रु.४२,००० (प्रावि), ५२,००० (निमावि) र ६५,००० (मावि)का दरले ७५ वटै जिशिकामा रकम निकासा भइसकेको छ। जिशिकाबाट रकम निकासा लिनका लागि आफ्नो विद्यालयलाई अनुरोध गर्नुहोला।*

***कृष्णप्रसाद ढुङ्गाना***
***उपसचिव, शिक्षा विभाग***

## राहतको बढुवा हुन्छ र ?

अस्थायी शिक्षकले पनि बढुवा भएर माथिल्लो श्रेणीको तलब बुझेको सुनिन आएको छ, यदि हो भने राहत शिक्षकको हकमा त्यो लागू हुन्छ कि हुँदैन?

**तेजकिरण शर्मा**
**त्रि.ज. मावि, लक्ष्मीपुर पोखरा, सल्यान**

*अस्थायी शिक्षकको बढुवा गर्न मिल्दैन। कहीं कसैलाई त्यसरी बढुवा गरेर बढी तलब दिइएको छ भने त्यो कानुन विपरित हो। साथै, राहत शिक्षकको पनि त्यसरी बढुवा हुन सक्दैन।*

***हरि गौतम***
***उपनिर्देशक, शिक्षा विभाग***

## एक तह बढुवा पाइएला ?

म २०४० सालमा प्राथमिक तृतीय श्रेणीमा स्थायी नियुक्ति पाएँ। शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरी २०४३ सालमा उच्च प्रावि तहमा पुनः स्थायी नियुक्ति पाएँ। साथै, क्षे.शि.नि., धनकुटाले २०५३/०७/१८ मा प्रमाणपत्र तह उत्तीर्ण गरेका उच्च प्रावि तहका शिक्षकलाई प्रा.शि. द्वितीय श्रेणीमा पदस्थापन गर्ने निर्णय गरेपछि म सोही पदमा कार्यरत छु। अब म र मजस्ता अन्य साथीले अवकाश पाउँदा एक तह बढुवा पाउँछौं कि पाउँदैनौं?

**गोविन्द दाहाल**
**पञ्चरत्न मावि, चारपाने-७, झापा**

*प्राथमिक तृतीयबाट उच्च प्रावि (द्वितीय श्रेणी सरह) बढुवा भइसकेको हुँदा तपाईं र तपाईं जस्तै अन्य शिक्षकको एक तह बढुवा पाउनुहुने छैन।*

***मधुसुदन अधिकारी***
***उपसचिव, विद्यालय शिक्षक किताबखाना***

**अनुरोधः** यस स्तम्भमा शिक्षक मित्रहरूले जान्न चाहेका ज्ञानविज्ञानसम्बन्धी कुरा, स्कूलमा सामना गर्नुपरेका शैक्षिक र प्रशासनिक समस्या, चुनौती वा जटिलताको आधिकारिक जवाफ पहिल्याएर प्रकाशित गरिनेछ। - सम्पादक

## ध्यानाकर्षण

- **'राहत शिक्षकको भविष्य' सम्बन्धी जिज्ञासाको जवाफ *शिक्षक* को अङ्क ३१ (कात्तिक, २०६७) मा प्रकाशित छ।**
- **पेन्सन सम्बन्धी जिज्ञासाको जवाफका लागि *शिक्षक* को अङ्क २८ (साउन, २०६७) र अङ्क ३१ (कात्तिक, २०६७) हेर्नुहोला।**
- **तलबमान सम्बन्धी जिज्ञासा शान्त पार्न *शिक्षक* को अङ्क ३० (असोज, २०६७) र अङ्क ३२ (मङ्सिर, २०६७) हेर्नुहोला।**
- **यस स्तम्भमा जिज्ञासा राख्ने शिक्षक तथा अन्य पाठकहरूले आफ्नो जिज्ञासा छरितो र स्पष्टसँग पठाउनुहोला। साथमा आफ्नो पूरा परिचय र पूरा ठेगाना समेत उल्लेख गर्नुहोला। परिचय नखुलेका जिज्ञासाको जवाफ खोज्न हामी असमर्थ हुनेछौं। अघिल्ला अङ्कहरूमा समेटिएका जवाफसँग मिल्ने जिज्ञासा दोहोर्‍याइने छैन; जवाफ छापिएका अङ्कहरू खोजेर हेर्नुहोला। *शिक्षक* का सबै अङ्कहरू हाम्रो वेबसाइट www.teacher.org.np मा उपलब्ध छन्।- सं)**

मनका कुरा

# एउटा अपजस

एउटा शिक्षकले आफ्नो सेवाकालमा कति विद्यार्थीलाई ताछ्र्यो अथवा उसले क-कसलाई के कस्तो प्रभाव पारेको हुन्छ भन्ने कुराको हिसाब कसैले पनि राखेको हुँदैन। तर समय बित्दै गएपछि विस्तारै ती कुराहरूको उपलब्धि थाह हुँदै जाँदोरहेछ। आज म जब आफ्नो शिक्षक जीवनको स्मरण गर्छु- मलाई गर्व लाग्छ। भर्खरै एसएलसी दिएर स्वयंसेवकका रूपमा आफैंले केही महिनाअघिसम्म पढेका कक्षाकोठाहरूमा चक-डस्टर लिएर घुम्दै गर्दा आफैंलाई असजिलो र अप्ठ्यारो नलाग्ने त कुरै थिएन तैपनि विस्तारै बानी लाग्दै गएपछि मनमा एककिसिमको आत्मसम्मानको अनुभूति पनि हुन थालिसकेको थियो।

आफैंले पढेको शनिश्चरे मावि(झापा) को विद्यालयमा म स्वयंसेवक शिक्षक थिएँ दुई वर्ष। त्यसपछिको सात वर्ष लियन पदमा रहें। कामको बोझ ज्यादा र आर्थिक सुविधा कम हुँदा कहिलेकाहीं विरक्त लाग्थ्यो। त्यसो त त्यसवेला शिक्षक जागिरबाट कोही पनि सन्तुष्ट थिएनन्। यो कुरा २०३७ सालतिरको थियो। निजामती कर्मचारीसरहको सुविधाको माग गरी पटकपटक ठूला ठूला शिक्षक आन्दोलनहरू भए। स्थायी शिक्षकहरूको सुविधा बढाउन हामी लियनहरू पनि खुब कुद्यौं। जब कि; सुविधा बढेपछि पदका मालिक फर्केर आउँथे र आफूले बिदा लिनुपर्थ्यो। तैपनि सो पदमा मैले सात वर्ष काम गरें। 'इन्द्रसेन सन्सारी' सरको म लियन थिएँ। मैले २०४३ सालमा स्कूल छोडेर हिँड्दा पनि उहाँ हाजिर हुनुभएको थिएन।

भूगोल, इतिहास, नेपाली आदि विषयहरू पढाउँथें। विद्यार्थीलाई पिट्थें पनि तर उनीहरू मसँग कहिल्यै डराउँदैनथे। म छुच्चो थिएँ। परीक्षामा चिट चोर्न दिन्नथें, तैपनि उनीहरूको साथी जस्तो हुन्थें। दिनदिनैका गतिविधिले कसलाई के प्रभाव पर्छ, कसलाई के? शिक्षकले त्यो कुरा थाहै पाउँदैन। समय बितिसकेपछि कालान्तरमा ती प्रभावहरू थाह हुँदैजान्छन् जब विद्यार्थीहरू पनि अभिभावक हुँदै जान्छन्।

स्मरणीय कैयौं कुरा छन् शिक्षक जीवनका। तैपनि साहित्यिक गतिविधिमा बिताएको मेरो समय सबैभन्दा बढी मूल्यवान भएको छ। मेरो साहित्यिक गतिविधिसँग जोडिन आएका धेरै विद्यार्थी भाइहरू आज देशका चर्चित र प्रतिष्ठित साहित्यकार भएका छन्। मलाई पनि स्थापित गराउन उनीहरूको योगदान अत्यन्त महत्त्वपूर्ण रहेको छ। उसवेलाका फुच्चे विद्यार्थी भाइहरू जब उच्च अध्ययनको सिलसिलामा राजधानी गए; उनीहरूले मेरा साहित्यिक कृतिहरूको प्रकाशन र प्रसारणमा साह्रै ठूलो काम गरे। यसमा दुबसु क्षेत्री, केवल भण्डारी, भीष्म उप्रेती, टङ्क उप्रेती, कृष्ण भण्डारी लगायतका धेरै भाइहरूको गुन सम्झन्छु। उनीहरूको प्रत्यक्ष भावनात्मक तथा आर्थिक सहयोग नपाएको भए आजको म हुन अरू धेरै समय लाग्थ्यो वा सम्भव नै थिएन पनि। म उनीहरूप्रति कृतज्ञ छु र खुसी पनि किन छु भने जुनवेला म शिक्षक थिएँ विद्यालयले मलाई खासै पैसा दिँदैनथ्यो, तर त्यसको



रविन सायमि

**मेरो एउटा सहीले उसको जीवनकै बाटो बदलिएछ। तर म पनि त के गर्न सक्थें र? शायद उसले मलाई पटक-पटक हेप्यो होला, टेरेन होला। मलाई असह्य भएपछि सही गरिदिएँ होला। जेहोस्; एउटा शिक्षकको हातमा रहेको चक बालकको भविष्यको रेखा खिच्ने साधन पनि हो रहेछ।**

ब्याजको स्याज पनि असुल भएको छ आज उसवेलाका विद्यार्थी भाइहरूको मद्दतले ।

एउटा शिक्षकले आर्थिक आकर्षण मात्र हेर्ने होइन रहेछ । उसले त भविष्यसँग खेलिरहेको हुँदोरहेछ । त्यो भविष्य समाज र राष्ट्रको पनि हो- आफ्नै पनि । मेरो प्रतिभालाई प्रसारण गराउने काममा कुनै समयका विद्यार्थी भाइहरूकै सहयोग छ । हुन त उनीहरू मेरा मात्र विद्यार्थी थिएनन् । त्यसवेलाका शनिश्चरे माविका २४ जना शिक्षकका उनीहरू विद्यार्थी थिए । अरू शिक्षकहरूले के-के पाए थाह छैन तर मैले भने आशा नगरेको फल पाएँ ।

एउटा शिक्षकले आफ्नो पेशालाई केवल आर्थिक विषयसँग मात्र जोड्ने कि आदर्शसँग पनि जोड्ने ? शिक्षालाई व्यापार मात्र सोच्ने कि समाजको क्यानभास पनि सोच्ने जहाँ चित्र बन्छ ।

मेरो सात वर्षको शिक्षक जीवन अत्यन्त गौरवान्वित छ । त्यसवेला समयमै म स्थायी हुन पाएको भए शायद यो सेवालाई म छोड्ने थिइनँ होला । तर चारपल्टसम्म शिक्षा आयोग दिँदा पनि म आई.एड. गरेको कार्यरत शिक्षक पटकपटक अनुत्तीर्ण गराइएँ । संयोगले कृषि विकास बैंकको परीक्षा उत्तीर्ण गरेको दुई महिनापछिको शिक्षा आयोगको रिजल्टमा म पास भएको थिएँ । तर बैंकमा नियुक्ति पाइसकेको मैले फर्केर जाने विचार गरिनँ । शिक्षक पेशासँग विरक्त भएर म बैंकतिर लागेको थिइनँ, रोजगारीको खोजी गर्दै जाँदा म यहाँ आइपुगेको थिएँ ।

**समयमै स्थायी हुन पाएको भए शायद यो सेवालाई मैले छोड्ने थिइनँ होला । तर चारपल्टसम्म शिक्षा आयोग दिँदा पनि आई.एड. गरेको कार्यरत शिक्षक पटकपटक अनुत्तीर्ण गराइएँ । तर कृषि विकास बैंकको परीक्षा उत्तीर्ण गरें । विरक्तिएर होइन, रोजगारीको बाध्यताले मैले स्कूल छोड्न पुगें ।**

शिक्षक जीवनका कैयौं जसहरूसँगै एउटा अपजस पनि थाहा पाएँ धेरैपछि । २०५० सालमा म काँकडभिट्टा साना किसान विकास आयोजनामा कार्यरत थिएँ । एक दिन दिउँसो खाजा खान एउटा सानो छाप्रे पसलमा पुगेको वेला त्यहाँ उपस्थित धेरैले नमस्कार गरे । म बैंकको कर्मचारी भएकाले ऋणी कृषकहरूले नमस्ते गरिरहन्थे । सबैको नमस्ते फर्काएर म पनि उनीहरूकै बीचमा बसें । एक जना युवक मसँग ज्यादै परिचित जस्तो बोल्न लागे । अनुहार हेरें चिने जस्तो थियो तर ठम्याउन सकिनँ । निकै बेरका यताउताका कुराकानीपछि उनले सोधे–

– 'सरले मलाई बिर्सनुभो जस्तो छ । हुन त निकै वर्ष पनि त भो ।'

मैले लाज पचाउँदै उनलाई चिन्न नसकेको कुरा भनें । उनले भने- 'तपाईंले सबैलाई चिनेर पनि के साध्य र ! सधैं कैयौं मानिसहरूसँग परिचय भइरहन्छ । तर म चाहिँ तपाईंको विद्यार्थी थिएँ निकै वर्षअघि ।'

२०४३ सालमा मैले विद्यालय छोडेको । त्योभन्दा अघिको विद्यार्थी भने पछि यसै पनि एक दशकअघिको कुरा थियो । मैले जिज्ञासा राखें । उनले भने-

– 'म सरको विद्यार्थी थिएँ । कालिस्थान हो मेरो घर । म खरेल हुँ । अब सम्झनोस् ।'

तैपनि मैले ठम्याउन सकिनँ । उनले थपे-

– 'तर मैले पढाइ पूरा गरिनँ, त्यो पनि तपाईंकै कारणले ।'

यो सुनेर मनमा कता-कता नमीठो लाग्यो । मेरो कारणले उसको पढाइ कसरी पूरा भएन होला ? म त एउटा साधारण शिक्षक थिएँ, म प्रशासक पनि थिइनँ । फेरि म त्यति साह्रो छुच्चो पनि थिइनँ कि कसैलाई त्यति हदसम्म दुःख दिऊँ ! उसको कुरा अनौठो लागेर हाँस्दै सोधें–

– 'मैले के गरें र भाइको पढाइ पूरा भएन त ?'

उसले हाँस्दै भन्यो–

– 'तर आज म सरलाई धन्यवाद दिन्छु । तपाईंले कक्षा आठको परीक्षाको मेरो उत्तरपुस्तिकामा चिटेड लेखेर सही नगरी दिएको भए यहाँभन्दा पाँच हजार कि.मी. टाढा बम्बै पुगेर म यो मेकानिक्स बन्न सक्ने थिइनँ, न यो काँकडभिट्टामा आज यत्तिको ग्यारेज नै खोल्न सक्ने थिएँ । त्यसवेलाका मेरा साथीहरू कलेज पढेर पनि आज बेरोजगार छन् । तर म त दिनको तीनचार हजार रुपैयाँ सजिलै कमाउन सक्छु ।'

उनको कुराले म चिसो भएँ । मनमा कत्ति नमीठो लाग्यो । यस्तो सुल्टोसुल्टो मात्र सुन्ने बानी परेको मलाई यो उल्टो प्रशंसाले लज्जित बनायो । वरिपरि बसेका मानिसहरू पनि अलमल्ल परे ।

मैले सोधे– 'परीक्षामा चिट चोर्नु राम्रो कुरा थियो त ? एउटा शिक्षकले त्यो त गर्छ गर्छ नि ।'

उसले भन्यो– 'यो कुरा आज त मैले पनि बुझेको छु नि, तर त्यसवेला तपाईंप्रति म ज्यादै रिसाएको थिएँ । तपाईंलाई बाटो पनि ढुकें । पछि सोचें एउटा कापीमा सही गरेपछि अरू विषयको परीक्षा दिनुको के अर्थ भनी मैले परीक्षा दिइनँ र फेरि कहिल्यै स्कूल गइनँ ।'

मन दुःखी भयो । मेरो कारणले एउटा विद्यार्थीको जीवनमा कस्तो असर परेछ । ऊ के हुनुपर्ने मान्छे के भएछ । मेरो एउटा सहीले उसको तमाम जीवनको बाटै मोडिएछ । तर म पनि त के गर्न सक्थें र? शायद उसले मलाई पटक-पटक हेप्यो होला, टेरेन होला । मलाई असह्य भएपछि सही गरिदिएँ होला । जेहोस्; एउटा शिक्षकको हातमा रहेको चक बालकको भविष्यको रेखा खिच्ने साधन पनि हो रहेछ ।

आज पनि जब म उसलाई सम्झन्छु, भित्र कता-कता नमीठो लाग्छ । तर त्यो कर्म मैले आफ्नो कर्तव्य पूरा गर्नुपर्दा गरेथें ।

भन्न मन लाग्छ- शिक्षक हुनु भनेको कुनै कार्यालयको खरिदार, सुब्बा वा अधिकृत हुनु जस्तो होइन । ठूलो नैतिक, सामाजिक र भावी जिम्मेवारी हुन्छ । भविष्यसँग धेरै जवाफदेही हुन्छ । आजको एउटा असल वा खराब कामको भयानक परिणति हुन्छ । तर म सन्तुष्ट छु, मैले खराब भन्दा असलै काम बढी गरें होला, किनभने त्यो एउटा बाहेक अरू अपजस पाएको छुइनँ ।

**कृष्ण धरावासी**
झापा

# स्कूल स्थापनामा पूर्णविराम !

पुसको अन्तिम साता, दुईतिरबाट एउटै व्यहोराका दुई वटा समाचार सार्वजनिक भए। माओवादी पार्टीसँग आवद्ध अखिल नेपाल शिक्षक सङ्गठनले आगामी (२०६८) वैशाखदेखि देशमा नयाँ निजी स्कूल दर्ता गर्न नदिने आफ्नो निर्णय प्रकाशमा ल्यायो भने शिक्षा मन्त्रालयले चाहिँ सरकारी क्षेत्रमा नयाँ प्राथमिक विद्यालय खोल्न रोकिएको जानकारी गरायो।

स्कूल, कलेज लगायत सम्पूर्ण शिक्षा क्षेत्रमा राज्यवाहेक अरूको उपस्थिति हुनुहुँदैन भन्ने आफ्नो राजनीतिक दर्शन वा मान्यतालाई व्यवहारमा उतार्न सङ्गठनले यस्तो निर्णय गरेको देखिन्छ।

उता शिक्षा मन्त्रालयले चाहिँ आफ्नो मातहत खोलिएका विशेषत: प्राविहरूमा धेरै ठूलो अनियमितता (खासमा कागजमा मात्रै विद्यालय खुलेको देखाएर सरकारी अनुदान पचाउने प्रवृत्ति) भएको कारण देखाई नयाँ प्राविको स्वीकृति बन्द गरेको छ। यस अनुसार सरकारी क्षेत्रमा स्कूल, नयाँ स्कूल स्थापना गर्न शिक्षक सङ्गठनले व्यवधान पैदा गर्ने छैन भने कसैले निजी बोर्डिङ स्कूल खोल्न चाहेमा सरकारलाई कुनै आपत्ति हुने छैन। यसरी दुवैले स्कूल खोल्न एउटा क्षेत्रलाई छुट र अर्कोमाथि प्रतिबन्ध लगाउँदा त्यसको सार दुवै प्रकृतिका स्कूल खोल्न प्रतिबन्ध लगाएसरह नै हुन्छ।

कारण र उद्देश्य जे भएपनि; सभ्य विश्वमा विरलै सुन्न पाइने (स्कूल खोल्न प्रतिबन्ध !) घटना नेपालमा व्यवहारमै देखिने अवस्था आइपरेको छ।

शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालले सरकारी क्षेत्रमा नयाँ स्कूल खोल्ने प्रक्रिया रोक्नुपर्नाको कारण सामुदायिक स्कूलको सङ्ख्या आवश्यकताभन्दा बढी भएको बताएका छन्। उनले *शिक्षक* सँग भने- 'स्कूलको सङ्ख्या धेरै भएकाले व्यवस्थापनमा समस्या आएको छ, स्कूल खोलेर मात्र हुँदैन, राम्रोसँग चलाउनु पनि पर्छ, त्यसैले अहिले नयाँ स्कूल खोल्नुको औचित्य नभएकाले दर्ता प्रक्रिया रोकिएको हो।'

माओवादी निकट अखिल नेपाल शिक्षक सङ्गठनको १०-११ पुस २०६७ मा बसेको केन्द्रीय समितिको बैठकले आउँदो वैशाखदेखि नयाँ निजी स्कूल खोल्न नदिने निर्णय गरेको थियो। सङ्गठनका अध्यक्ष गुणराज लोहनीले सामुदायिक विद्यालयको स्तर उकास्न र समाजमा भइरहेको 'वर्ग उत्थान' घटाउन आफूहरूले उक्त निर्णय गरेको बताएका छन्। उनले भने- 'अन्तरिम संविधानको नि:शुल्क शिक्षाको प्रावधान कार्यान्वयनका लागि निजी स्कूल दर्ता गर्न नदिने र भइरहेका निजी स्कूलको अनुगमन र निरीक्षण गरी तिनलाई करको दायरामा ल्याउन खोजिएको हो।'

लोहनीले आउँदो वैशाखबाट नेता, कर्मचारी र शिक्षकले आफ्ना छोराछोरी सरकारी स्कूलमा भर्ना गर्नुपर्ने बताए। उनको भनाइ छ- 'सरकारी कर्मचारी, नेता र शिक्षकले आफ्ना छोरीछोरी सरकारी स्कूलमा पढाउन नथालेसम्म सामुदायिक स्कूल उकालो लाग्ने सम्भावना छैन।'

माओवादीको विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीले पहिलेदेखि नै निजी स्कूल विरुद्ध अभियान चलाउँदै आएको छ।

---

## २०६७ को एसएलसी परीक्षा तालिका

**परीक्षा सञ्चालन समय: बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म**

| मिति | विषय |
|---|---|
| २०६७ साल चैत १० गते बिहीबार | अनिवार्य अङ्ग्रेजी<br>वेदविद्याश्रमतर्फ– अनिवार्य संस्कृत व्याकरण र अनुवाद |
| २०६७ साल चैत ११ गते शुक्रबार | अनिवार्य नेपाली। गैरनेपाली परीक्षार्थीका लागि अङ्ग्रेजी (Elective English) |
| २०६७ साल चैत १३ गते आइतबार | अनिवार्य गणित |
| २०६७ साल चैत १४ गते सोमबार | अनिवार्य सामाजिक अध्ययन |
| २०६७ साल चैत १५ गते मंगलबार | अनिवार्य विज्ञान<br>वेदविद्याश्रमतर्फ– अनिवार्य संस्कृत भाषा र साहित्य |
| २०६७ साल चैत १६ गते बुधबार | अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा<br>वेदविद्याश्रमतर्फ– अनिवार्य कर्मकाण्ड<br>संस्कृततर्फ– अनिवार्य संस्कृत भाषा |
| २०६७ साल चैत १७ गते बिहीबार | ऐच्छिक प्रथमपत्रका सबै विषयहरू |
| २०६७ साल चैत १८ गते शुक्रबार | ऐच्छिक द्वितीयपत्रका सबै विषयहरू |

# पेशा, व्यावसाय र प्रविधिको पाठ्यक्रम तयार

**विद्यालय** क्षेत्र सुधार योजना अनुसार पाठ्यक्रम विकास केन्द्र (पाविके) ले आउँदो वैशाखबाट परीक्षण गर्ने गरी कक्षा ६ देखि ८ सम्मको लागि १०० पूर्णाङ्कको *पेशा, व्यवसाय र प्रविधि शिक्षा* विषयको पाठ्यक्रम तर्जुमा गरेको छ। उक्त पाठ्यक्रमलाई १८ पुस २०६६ मा बसेको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदले स्वीकृत गरेको छ। पाविकेको उपनिर्देशक दिनेशकुमार श्रेष्ठका अनुसार आउँदो शैक्षिक सत्रमा उक्त पाठ्यक्रमको परीक्षण कक्षा ६ मा, अर्को वर्ष ७ र त्यसपछि कक्षा ८ मा गरिनेछ।

पाविकेले आउँदो तीन महिनामा नयाँ विषयको रूपमा लागू गर्न लागिएको पेशा, व्यवसाय र प्रविधि शिक्षाको पाठ्यपुस्तक पनि तयार गरिसक्ने जनाएको छ। तथापि विद्यालय क्षेत्र सुधार कार्यक्रम अनुसार १०० वटा सरकारी विद्यालयमा प्रयोग र परीक्षण गर्न लागिएको उक्त विषयको पठनपाठन गर्न आवश्यक पर्ने शिक्षकको व्यवस्था कसरी गर्ने भन्ने टुङ्गो भने अझै लागेको छैन।

पाविकेले तयार गरेको कक्षा ६ को *पेशा, व्यवसाय र प्रविधि शिक्षा* विषयको पेशागत शिक्षा इकाइमा पेशाको परिचय, नेपालका परम्परागत पेशाहरूको परिचय र महत्त्व, कृषि तथा गैरकृषिमा आधारित पेशा र स्थानीय व्यावसायिक पेशा समेटिएको छ। स्थानीय व्यावसायिक पेशामा शिक्षण, कृषि, व्यापार, निर्माण, सार्वजनिक लेखा, सिलाइबुनाइ, कपाल काट्ने आदि राखिएको छ। इकाई-२ मा रोजगारीको परिचय, प्रकार र महत्त्व, स्वरोजगारी, मौसमी रोजगारी, पारिश्रमिक आर्जन, रोजगारी सिर्जना, रोजगारी र शिक्षाको सम्बन्ध, रोजगारी र तालिमको सम्बन्ध, साधारण र व्यावसायिक तालिम आदि विषयवस्तु समेटिएको छ। इकाई-३ मा चाहिँ श्रमको परिचय र प्रकार, स्थानीय रोजगारी सम्बन्धी सूचना प्राप्ति, सूचना प्राप्त गर्ने तरिका र साधन जस्ता पाठ्यवस्तु छन्।

कक्षा ६ कै खाद्यवस्तु उत्पादन तथा व्यवस्थापन शीर्षकमा सुक्खा तरकारी, फलफूलको चाना, गुन्द्रुक, बेसार तथा सुठो आदिको उत्पादन सम्बन्धी विषयवस्तु राखिएको छ। जडीबुटी व्यवस्थापन अन्तर्गत जडीबुटीको परिचय र महत्त्व, स्थानीय जडीबुटीको पहिचान तथा सङ्कलन सम्बन्धी पाठ छन्। यता, कृषि तथा पशुपालन व्यवस्थापन सम्बन्धी इकाइमा

**विद्यालय क्षेत्र सुधार कार्यक्रम अनुसार १०० वटा सरकारी विद्यालयमा प्रयोग र परीक्षण गर्न लागिएको उक्त विषयको पठनपाठन गर्न आवश्यक पर्ने शिक्षकको व्यवस्था कसरी गर्ने भन्ने टुङ्गो भने अझै लागेको छैन।**

माटो सम्बन्धी ज्ञान, माटो अनुसारको स्थानीय तरकारी र कन्दमूल (तरुल, सखरखण्ड आदि) मलखाद, सिंचाईको व्यवस्था, रोग कीराको पहिचान र संरक्षण, भेडा, बाखा, हाँस, बङ्गुर, कुखुरा, गाई, भैंसी पालनको तरिका र ज्ञान, पशुपन्छीमा लाग्ने सामान्य रोगको पहिचान सम्बन्धी सामग्री राखिएका छ। शिल्पकला सम्बन्धी इकाईमा कपडा डिजाइन, फेब्रिड पेन्टिङ, ब्लक प्रिन्टिङका विविध पक्षहरू समेटिएका छन्। कक्षा ६ को उक्त विषयमा यस बाहेक बगैंचा/नर्सरी व्यवस्थापन, बजार व्यवस्थापन, व्यापार तथा बजार व्यवस्थापन, सामान्य व्यावसायिक सीप, स्थानीय प्रविधि र आधुनिक प्रविधि सम्बन्धी विषयवस्तु समेटिएको छ।

पेशा, व्यवसाय र प्रविधि विषयको कक्षा ६ को लागि तयार गरिएको पाठ्यवस्तुलाई कक्षा ७ र ८ मा अरु विस्तृतीकरण गरिएको छ। आधुनिक प्रविधि इकाईमा कक्षा ६ का छात्रछात्राका लागि आधुनिक प्रविधिको आवश्यकता र महत्त्व, घरायसी प्रयोगका आधुनिक उपकरणहरू- इस्त्री, हिटर, राइसकुकर, ट्वाइलेट फ्लस, सूचनाप्रविधिको अवधारणा, आवश्यकता र महत्त्व, विश्वमा सञ्चारको महत्त्व, कम्प्युटर र यसको प्रयोग, सूचना स्रोतको रूपमा कम्प्युटर, टेलिफोन, मोबाइलको प्रयोग सम्बन्धी विषयवस्तु राखिएको छ भने कक्षा ७ मा यसलाई विस्तार गरेर प्रविधि साक्षरताको परिचय र महत्त्व, रेडियो, एफएम र टेलिभिजनको परिचय, सञ्चार साधनका रूपमा कम्प्युटर, इमेल, इन्टरनेट, अनलाइन च्याट, भिडियो च्याट, विद्युत्को स्वीच, ज्वाइन्ट बक्स, सकेट, प्लग, वायर, भोल्ट गार्ड तथा घरायसी प्रयोग विद्युतीय साधनहरू माइक्रोओभन, भ्याकुम क्लिनर, ग्रिन्डर, मिक्चर आदिका बारेमा जानकारी दिइएको छ। कक्षा ६ र ७ को दिइएको उल्लिखित पाठ्यवस्तुलाई कक्षा ८ मा विस्तृतीकरण गर्दै एटिएम, फ्याक्स, फोटोकपी, स्क्यानिङ, मल्टिमिडिया, भिडियो मेल, एसी, वासिङ मेसिन, गिजर, रेफ्रिजेरेटरको परिचय र प्रयोगको रूपमा पाठ्यक्रममा राखिएको छ।

सरकारी स्कूलमा नयाँ विषयको रूपमा परीक्षण गर्न खोजिएको पेशा, व्यवसाय र प्रविधि शिक्षाको पाठ्यक्रमले अहिलेको विद्यालय शिक्षामा अभाव खट्किएको व्यावसायिक शिक्षालाई केही हदसम्म पूर्ति गर्न खोजे पनि यसलाई देशभरिका सबै सामुदायिक स्कूलमा लागू गर्ने टुङ्गो भएको छैन। किनभने उक्त विषयलाई सबै सरकारी विद्यालयमा लागू गर्न आवश्यक पर्ने लागत (पाठ्यपुस्तक, प्रयोगशाला, शिक्षक, शैक्षिक सामग्री) आदिका बारेमा शिक्षा मन्त्रालयले विस्तृत गृहकार्य गर्न बाँकी छ। आधारभूत तहमा उक्त विषय परीक्षण गरेपछि मात्र माध्यमिक तह (कक्षा ९-१२) मा लागू गर्ने सरकारी तयारी रहेको छ।

# शिक्षकलाई दुर्गम भत्ता


नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
कार्यक्रम तथा बजेट शाखा

सानोठिमी, भक्तपुर

विषय:- शिक्षकको स्थानीय भत्ता सम्बन्धमा ।

श्री जिल्ला शिक्षा कार्यालय,
७५ जिल्ला

स्थानीय भत्ताको मासिक दर

| पद | "क" वर्ग सदरमुकाम र ६ कोष भित्र | "क" वर्ग सदरमुकाम र ६ कोष र सोभन्दा बाहिर | "ख" वर्ग सदरमुकाम र ६ कोष भित्र | "ख" वर्ग सदरमुकाम र ६ कोष र सोभन्दा बाहिर |
|---|---|---|---|---|

**शिक्षा** मन्त्रालयले स्थायी र अस्थायी शिक्षकहरूलाई २०६७ साउनदेखि लागू हुने गरी दुर्गम भत्ता दिने निर्णय गरेको छ। राहत शिक्षकले भने यस्तो भत्ता पाउने छैनन्।

विभागले दुर्गम भत्ता पाउने क्षेत्रका शिक्षक र तिनले पाउने भत्ताको विवरण बुझाउन सबै जिल्ला शिक्षा कार्यालयहरूलाई २० पुस २०६७ मा परिपत्र गरेको छ। *(हेर्नुस् पत्र)*

सम्बन्धित जिल्लाबाट विवरण आएपछि दुर्गम भत्ता बापतको रकम निकासा दिने विभागले जनाएको छ। मनाङ, डोल्पा, मुगु, हुम्ला, मुस्ताङ, बझाङ, बाजुरा, जुम्ला, कालीकोट र दार्चुलाका दरबन्दीका शिक्षकले दुर्गम भत्ता पाउने छन्। त्यस्तै संखुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, गोर्खा, बाग्लुङ र डोटीका दुर्गम गाविसका स्कूलमा कार्यरत शिक्षकले पनि यस्तो भत्ता पाउनेछन्।

सरकारले आव २०५७/५८ देखि शिक्षकलाई दुर्गम भत्ता दिँदै आएको भए पनि गत वर्षको बढ तलब अनुसार मन्त्रिपरिषद्ले स्वीकृत गरेको दुर्गम भत्तामा शिक्षकहरू नपरेको कारण देखाउँदै विभागले शिक्षकलाई दुर्गम भत्ता उपलब्ध गराएको थिएन।

दुर्गम क्षेत्रमा त्यसअघि जिल्ला बाहिरका शिक्षकले तोकिएको पूरै र स्थानीय शिक्षकलाई त्यसको आधा रकम दिने गरिन्थ्यो। यस वर्षदेखि भने दुवैलाई समान रूपमा भत्ता दिइने भएको छ। तर, जाडो र गर्मीमा स्कूल बिदा अवधिको भत्ता भने मन्त्रालयले कटौती गर्ने निर्णय गरेको छ। शिक्षकका पेशागत संस्थाहरूले यसको विरोध गर्दै निर्णय सच्याउन सरकारको ध्यानाकर्षण गराएका छन्।

# अनेशिसंघको प्रथम महाधिवेशन

**शिक्षक** र सरकारबीच २०६४ कात्तिक ११ मा भएको १४ बुँदे सहमति कार्यान्वयनमा जोड दिँदै राष्ट्रिय जनमोर्चा निकट अखिल नेपाल शिक्षक संघको प्रथम महाधिवेशन बुटवलमा सम्पन्न भयो। १६-१७ पुसमा भएको सो महाधिवेशनले २४ असार २०६७ मा मारिएका अर्घाखाँचीका शिक्षक धर्मबहादुर राउतको हत्यारा पत्ता लगाई पीडितका परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्ने, शिक्षक सेवा आयोगलाई संवैधानिक बनाई शिक्षक छनोट, बढुवा आदि आयोगबाटै गरिनुपर्ने मागसमेत गरेको छ।




महाधिवेशनले अनुमति पाएका विद्यालयमा सरकारी दरबन्दी कायम गरिनुपर्ने, अस्थायी र राहतकोटामा कार्यरत शिक्षकलाई प्रक्रिया पुऱ्याएर स्थायी गरिनुपर्ने, विभिन्न समयमा मारिएका शिक्षकका परिवारलाई क्षतिपूर्ति दिइनुपर्ने जस्ता २० बुँदे प्रस्ताव पारित गरेको छ। देश सङ्घीयतामा जाने निश्चित भइसके पनि सङ्घीयताले देश विखण्डनतर्फ जाने भएकाले राष्ट्रियताको रक्षाका लागि एकजुट हुन देशभरका शिक्षकहरूलाई महाधिवेशनले आह्वान गरेको छ।

देशभरिका ४२ जिल्लाका करिब २०० शिक्षक सहभागी भएको सो महाधिवेशनले नरेन्द्रबहादुर थापाको अध्यक्षतामा ३३ सदस्यीय कार्यसमिति र चार सदस्यीय सल्लाहकार समिति गठन गरेको छ। २४ साउन २०६७ मा दर्ता भएको अखिल नेपाल शिक्षक संघ ट्रेड युनियनमा समेत दर्ता भएको छ।

**गोपाल बराइली**

# विशेषको नतिजा सार्वजनिक

**उच्च** माध्यमिक शिक्षा परिषद्ले प्राथमिक शिक्षकका लागि २२-२८ माघ २०६६ मा सञ्चालन गरेको कक्षा १२ को विशेष परीक्षामा ३८ प्रतिशत परीक्षार्थी शिक्षक उत्तीर्ण भएका छन् । उक्त नतिजा ७ पुसमा प्रकाशित भएको हो ।

१४ हजार २२५ जना शिक्षकले आवेदन भरेकोमा १२ हजार ४५५ ले परीक्षा दिएका थिए । तीमध्ये ४ हजार ३१ परीक्षार्थी उत्तीर्ण भएको जानकारी उमाशि परिषद्ले दिएको छ ।

विशेष परीक्षामा चिट चोरेर तमासा देखाउने २५ शिक्षकको परीक्षा रद्द गरिएको जानकारी परिषद्का उपनियन्त्रक कृष्णप्रसाद शर्माले दिए । परिषद्का अनुसार डोटी, डडेल्धुरा, दैलेख र जाजरकोटका शिक्षकले आफूलाई पायक केन्द्र नपरेको भन्दै परीक्षा नै बहिष्कार गरेका थिए । नवलपरासी, कपिलवस्तु, पर्सा लगायतका जिल्लाका परीक्षार्थी शिक्षकले परीक्षामा कडाइ गरिएको भन्दै दोस्रो दिनदेखि परीक्षा बहिष्कार गरेका थिए । परीक्षा बहिष्कार गर्ने शिक्षक स्वतः फेल भएका छन् ।

# शिक्षकका २३ हजार दरबन्दी रिक्त

**सामुदायिक** विद्यालयमा २३ हजारभन्दा बढी शिक्षक दरबन्दी रिक्त रहेको शिक्षक सेवा आयोगले जनाएको छ । आयोगका अनुसार ७४ जिल्लामा २३ हजार ३३७ शिक्षक दरबन्दी रिक्त छन् । बाराबाट रिक्त दरबन्दीको तथ्याङ्क आउन बाँकी रहेको जनाइएको छ ।

तहगत रूपमा चाहिँ प्राविमा १५ हजार १४९, निमाविमा ४ हजार ६१३ र माविमा ३ हजार ५७५ शिक्षक दरबन्दी रिक्त छन् । त्यस्तै माविमा अङ्ग्रेजी पढाउने ८६८ शिक्षकको अभाव छ भने नेपालीमा ६१४, गणितमा ६१६, विज्ञानमा ५४१, सामाजिकमा ६०६ वटा पद खाली छन् । माविकै स्वास्थ्य, जनसङ्ख्या र वातावरणमा ८२, लेखामा १०३, अर्थशास्त्रमा ६६, शिक्षामा २०, भूगोलमा १८, गणित/विज्ञानको संयुक्त ११, कम्प्युटरमा ४ तथा अन्य ऐच्छिक विषयमा १५ वटा दरबन्दी रिक्त छन् ।

आयोगका अध्यक्ष उदयराज सोतीले 'शिक्षक सेवा आयोग नियमावली' संशोधन भएपछि स्थायी पदपूर्ति गर्नका लागि रिक्त दरबन्दीको देशव्यापी आँकडा सङ्कलन गरिएको जानकारी दिएका छन् । उनले भने, "हामी नियमावलीको संशोधन पर्खेर बसेका छौं । नियमावली आएपछि रिक्त दरबन्दीमा शिक्षक भर्ना गर्न खुल्ला विज्ञापन गर्छौं ।"


IMAGE CHANNEL

IMAGE 97.9 FM
MUSIC OF YOUR LIFE

**Embassy of India, Kathmandu**
Mahatma Gandhi Scholarship Scheme 2010-11
Candidates short-listed for interview

Embassy of India, Kathmandu is pleased to announce candidates short-listed for interviews under Mahatma Gandhi Scholarship Scheme 2010-11. Names of short-listed candidates along with venue, date and time has been placed on the Indian Embassy website at **www.indianembassy.org.np** and has also been displayed on the notice board at Education wing, Embassy of India, Kathmandu (Ph: 01-4439926 & Fax No. 01-4414149) and CGI Birgunj (Ph No. 051-532233 & Fax No. 051-532269).

Candidates are requested to appear for the interview based on the details provided in the website.

**रिपोर्ट** हिन्दू विद्यापीठ-नेपाल

सुरेशराज न्यौपाने

# विद्यालयको भीडमा पृथक पहिचान

*धनभन्दा पनि प्यारो छ,*
*मनभन्दा पनि प्यारो छ,*
*मेरो धर्म मेरो आफ्नो संस्कृति*
*प्राणभन्दा पनि प्यारो छ ।*

यिनै पङ्क्तिका साथ शुरु हुन्छ, ललितपुरको बालकुमारीस्थित हिन्दूपीठ-नेपालमा अध्ययनरत करिब ५०० विद्यार्थीहरूको विद्यालयको दैनिकी । तीमध्ये दलित, युद्धपीडित, पिछडिएका र दुर्गमका गरी १०० भन्दा बढी बालबालिकाले यहाँ छात्रवृत्ति पाएका छन् । २५ वर्षअघि स्थापित ललितपुरको यस विद्यालयले काठमाडौंको थली र दाङमा पनि सञ्जाल विस्तार गरिसकेको छ । यी तिनैवटा विद्यालयमा गरी १४०० विद्यार्थी अध्ययनरत छन् । यो विद्यालयले आफूलाई मुख्यत: तीनवटा कुरामा केन्द्रित गरेको देखिन्छ- नैतिक मूल्य-मान्यता, संस्कृति र अध्यात्ममा आधारित शिक्षा । हिन्दू विद्यापीठ-नेपालको अगुवाई गरेका छन् ४७ वर्षीय प्राचार्य चिन्तामणि योगीले । *(हे.वार्ता पृ.१८)*

यहाँ कविता, वादविवाद, प्रार्थना, भजन र सत्सङ्ग नियमित जसो हुने गरेको छ । साताको पाँच दिन नैतिक शिक्षाको अतिरिक्त कक्षा पनि सञ्चालन हुन्छ । उक्त कक्षामा वेद, उपनिषद्, रामायण, महाभारत, बाइबल र समसामयिक घटनाका सकारात्मक र नकारात्मक पक्षमाथि छलफल छलाइन्छ । विद्यालयको पिस क्लबले शिक्षक अनुपस्थित रहेको वेला वा विद्यार्थीहरू तनावमा हुँदा १-३ मिनेटसम्म मौन धारणा गराउने गर्छ । प्रार्थनासभामा राष्ट्रभक्ति र नैतिक शिक्षा दिने विभिन्न गीतहरू गाउन लगाइन्छ ।



तस्बिरहरू: सुरेशराज न्यौपाने

यी विषयका अतिरिक्त विद्यार्थीहरूलाई विश्वबजारमा प्रतिस्पर्धाका लागि सक्षम बनाउन अङ्ग्रेजीलाई नै पठनपाठनको माध्यम बनाइएको छ । तर, अङ्ग्रेजीमा पढाए पनि अङ्ग्रेज नबनाउने लक्ष्य राखेको दावी गर्छन प्राचार्य योगी । योगीका अनुसार यही लक्ष्य हासिल गर्न शिक्षकहरू पनि नैतिक शिक्षालाई विशेष जोड दिँदै विद्यार्थीलाई शिक्षा हस्तान्तरणभन्दा पनि उनीहरूको रुपान्तरणप्रति बढी सजग छन् ।

हाल बर्माका दुई शिक्षक विद्यालयमा अध्यापनरत छन् भने बर्माका एक र थाइल्याण्डका चार नेपाली भाषी विद्यार्थी अध्ययनरत छन् । त्यतिमात्र नभई समय-समयमा अमेरिका र युरोपमा बस्दै आएका नेपालीका छोराछोरीसमेत छुट्टीका वेला नेपाली संस्कार र पूर्वीय दर्शन अध्ययनका लागि आउने गरेका छन् । यस विद्यालयले विगत सात वर्षदेखि एसएलसीमा उत्कृष्ट नतिजा ल्याइरहेको छ । उक्त अवधिमा विशिष्ट श्रेणी र प्रथम श्रेणीमा मात्र विद्यार्थी उत्तीर्ण भएका छन् ।

रामनवमी, बुद्धजयन्ती, ल्होसार, उभौली-उधौलीमा बिदा नदिएर ती पर्व र उत्सवहरूको ऐतिहासिक, सांस्कृतिक र वैज्ञानिक आधारका बारेमा विद्यार्थीहरूबीच छलफल चलाइन्छ । छठ र दशैंबीचको वैज्ञानिक र सांस्कृतिक सम्बन्ध खोजी गर्न लागिपर्छन् विद्यार्थी र शिक्षक ती पर्व परेका वेला । बिदा हुने पर्वलाई नै खुला पाठ्यक्रमका रूपमा लिएको प्राचार्य योगीको दाबी छ । योगी भन्छन्, "विद्यार्थीहरूलाई संस्कृति नमेटाइकन विकृति हटाउने कुरामा सचेत बनाउँछौं ।"

नाम 'हिन्दू विद्यापीठ' भए पनि विद्यालयको वातावरण सबै धर्मका लागि सहज छ । जुनसुकै समुदाय र धर्मलाई भर्नाका लागि स्कूलमा आवेदन

दिन सक्छन्। नर्सरी र केजी तहमा अभिभावकसँग छलफल गरेपछि मात्रै भर्ना लिने गरिएको छ भने कक्षा एकदेखि सातसम्म नयाँ भर्नाका लागि प्रवेश परीक्षा पास गर्नै पर्ने हुन्छ। योगी थप्छन्, "हामीले हिन्दू धर्ममा आधारित शिक्षा दिने नभई हाम्रो संस्कृति र संस्कारलाई बुझाउने र नेपाली माटोको हिन्दू संस्कृति र संस्कार दिने गरेका छौं।"

सीतामढी, बिहार घर भएका मोहम्मद इजहार मन्सुरीले आफ्ना दुई छोरा र एक छोरीलाई यही विद्यालयमा पढाएका छन्। कपडामा बुट्टा बुन्ने व्यवसाय सञ्चालन गरेर १६ वर्षदेखि काठमाडौंमा बस्दै आएका मन्सुरीका जेठा छोरा कासिफ सबाले गत वर्ष एसएलसीमा ८२.२ प्रतिशत अंक ल्याए। मुस्लिम समुदायबाट भएर पनि कासिफको शैक्षिकस्तरले पनि सबै धर्मावलम्बीहरूका लागि विद्यालयको वातावरण सहज र अनुकूल रहेको पुष्टि गर्छ। कासिफका बुबा मन्सुरी भन्छन्, "शुरुमा मलाई पनि अप्ठ्यारो लागेको थियो पछि विद्यालयको सहज वातावरण, अनुशासन देखेर त म निकै प्रभावित भएँ।" विद्यालयले धर्मलाई भन्दा पनि ज्ञानलाई बढी जोड दिने गरेको उनको अनुभव छ। बुबा मन्सुरीका अनुसार कासिफ विद्यालयमा हुने जुनसुकै कार्यक्रममा सक्रिय रूपमा सरिक हुने गरेका थिए। उनका कान्छा छोरा फैज आजम र छोरी सबाना साहिन पनि यही विद्यालयमा अध्ययनरत छन्। भन्छन्, "धर्मभन्दा माथि उठेर शिक्षा र ज्ञानका लागि म त अन्य विद्यार्थीहरूलाई पनि त्यही विद्यालयमा भर्ना गराउन सिफारिस गर्ने गरेको छु।"

त्यसैगरी अर्का अभिभावक विमलकुमार बानियाँ पनि विद्यालयबाट सन्तुष्ट देखिन्छन्। बानियाँकी छोरी विभिषा बानियाँले गत वर्ष धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको एमबीबीएसको प्रवेश परीक्षामा सबैलाई उछिन्दै प्रथम भइन्। बुबा विमल भन्छन्, "हजारौं विद्यार्थी भएको ठाउँमा पढाउनुभन्दा साना विद्यालयमै पढाउँदा राम्रो हुने ठानेर विद्यापीठमा भर्ना गरेँ।" उनकै छोरा विशाल बानियाँले पनि सोही स्कूलबाट ८५.५ प्रतिशत अंक ल्याई एसएलसी उत्तीर्ण गरे। विद्यालय सञ्चालनको आर्थिक स्रोत भनेको मुख्यत: विद्यार्थीहरूबाट लिइने शुल्क नै हो। विद्यार्थीहरूसँग मासिक रु. ६०० देखि



रु.१,२०० सम्म लिन्छौं। स्कूलको सञ्चालक समितिका सदस्य र व्यवसायी तथा विदेशमा बस्ने नेपालीको सहयोगमा विद्यालय चलिरहेको छ।

बालमैत्री शिक्षणलाई जोड दिएको छ, विद्यालयले। विद्यार्थीलाई स्वतन्त्र र भयरहित वातावरणमा शिक्षा हासिल गर्न शिक्षक र विद्यार्थीबीच मित्रवत् व्यवहारका लागि सक्दो प्रयास गरेको देखिन्छ, विद्यालयले। शिक्षकसँग डराउने र धक मान्नुपर्ने अवस्था त परैजाओस् विद्यालयका प्राचार्यसँग पनि विद्यार्थी जुनसुकै वेला भेट्न सक्छन्।

शारीरिक दण्ड निषेध नै छ, विद्यालय परिसरमा। कुनै विद्यार्थीले आचरण विपरीत काम गऱ्यो भने पनि उसलाई कक्षामा असल विद्यार्थीको सामीप्यमा राख्ने र अभिभावकमार्फत पनि उत्प्रेरणा दिलाउने प्रयास गर्छौं। त्यसैगरी विद्यालयका बाल क्लबका माध्यमबाट पनि विद्यार्थीलाई 'काउन्सिलिङ' गर्ने गरिएको छ।

विद्यालयले विद्यार्थीको शिक्षामा मात्र नभई उनीहरूलाई पढाउने शिक्षक छनोटमा पनि सजगता अपनाउने गरेको पाइन्छ। नयाँ शिक्षक छनोट भइसकेपछि कक्षाकोठामा पठाउनुअघि पुराना शिक्षकको माध्यमबाट आफ्नो उत्तरदायित्वबारे अवगत गराउने र उसको शिक्षण शैलीलाई करिब एक महिनाको अवधिलाई परीक्षणका रूपमा लिइने गरिएको छ। विद्यार्थीसँग घुलमिल, पाठयोजना तयारी, पुराना शिक्षकहरूसँग सम्बन्ध स्थापित भएपछि मात्र उसलाई पूर्ण र नियमित जिम्मेवारी दिने गरिएको छ।

त्यस अलावा विद्यार्थीको समग्र मूल्याङ्कन परीक्षा भए पनि साथै, शिक्षक र अभिभावकले पनि अधिकतम १०-१० अङ्क दिन पाउने व्यवस्था गरिएको छ। शिक्षकले विद्यार्थीको सामाजिक ज्ञानको स्तर जाँचेर मात्र यस्तो अङ्क दिने गरेका छन्। साथै विद्यार्थीले दैनिक कतिबेर टीभी हेर्छ, पढाइमा लगाव कस्तो छ? आदि कुराको मूल्याङ्कनका आधारमा आफ्नो बच्चाको मूल्याङ्कन गर्ने अवसर अभिभावकलाई पनि दिइएको छ।

शिक्षक छनोटमा पनि विशेष सजगता अपनाइने गरिएको छ। छनोट अघि उसका लागि एक हप्ताको अवलोकन कक्षा राखिन्छ। यो अवधिमा उसले कक्षामा गएर विद्यार्थीसँग अन्तरक्रिया गर्छ, विद्यार्थीले पनि शिक्षकलाई बुझ्ने प्रयास गर्छन्। पुराना शिक्षकले उसको मूल्याङ्कन गर्छन्। साथै उसले हाम्रो स्कूलको गतिविधि, शिक्षण शैली र कार्यविधिबारे बुझ्छ। स्कूलको समग्र वातावरणलाई बुझेपछि उसले आफूलाई कत्तिको अनुकूल महसुस गरेको, नगरेको मूल्याङ्कन गर्छौं र त्यसैका आधारमा छनोट गरिन्छ।

छात्रवासमा बस्दै आएका विभिन्न धर्म र समुदायका विद्यार्थीहरूले समाजमा विद्यमान छुवाछूत र गलत कर्मकाण्डलाई गतिलो चुनौती पेश गरेका छन्। विद्यालयले आफ्ना विद्यार्थीहरूलाई भारतको चण्डीगढ, लखनऊ तथा जापान, थाइल्याण्डलगायतका मुलुकमा समेत पठाउने गरेको छ। एकातिर विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी पनि उत्पादन गर्ने र अर्कोतिर पूर्वीय संस्कार तथा राष्ट्रिय संस्कार बुझेका यहाँका नदीनाला, देवीदेवता र बोटबिरुवालाई आफ्नो ठान्ने विद्यार्थी उत्पादन गर्नु नै मुख्य लक्ष्य रहेको योगी बताउँछन्।

शिक्षाको मूल लक्ष्य भनेको पूर्ण मानवको विकास हो त्यसो नहुँदा व्यक्तिवादी समाज र मूल्यमान्यताविहीन समाज निर्माण भइरहेको योगीको ठहर छ। योगी भन्छन्, "अहिलेको शिक्षाले डाक्टर र इन्जिनियर तयार गरे पनि मानव तयार गर्न सकेको छैन। शिक्षाको प्राण बुझ्ने समाज नै भएन। हाम्रो लक्ष्य भनेको नेपाली माटोको तिलक लगाउने विद्यार्थी उत्पादन गर्नु हो। शिक्षित मान्छे सचेत भएन र मूल्यमान्यता विहीन भयो भने त्यो जस्तो भयाभव स्थिति केही हुँदैन।"

वार्ता

# शिक्षा र अध्यात्म : खाँचो 'फ्यूजन'को


## चिन्तामणि योगी
**संस्थापक प्रिन्सिपल, हिन्दू विद्यापीठ-नेपाल**


**तपाईंको परिचय ?**

म दाङमा जन्मिएको हुँ। प्रारम्भिक शिक्षा भारतको दिल्लीमा गुरुकुलबाट पूरा गरेँ। त्यहाँ आठ वर्ष बिताएर म नेपाल फर्किएँ। त्यतिवेला १६ वर्षको उमेर नपुगेसम्म एसएलसी परीक्षा दिन पाइँदैनथ्यो। तर, मैले त्यही उमेरमा शास्त्री (स्नातक) तहमा भर्ना हुन आवेदन दिएँ। प्रवेश परीक्षामा सफल भई म त्रिभुवन विश्वविद्यालय अन्तर्गतको संस्कृत अध्ययन संस्थान, दाङमा भर्ना भएँ। पछि काठमाडौंको वाल्मीकि क्याम्पसबाट न्यायदर्शनमा स्नातकोत्तर (आचार्य) प्रथम श्रेणीमा उत्तीर्ण गरेँ।

**दाङमै नपढेर दिल्ली पुग्नुपर्ने बाध्यता चाहिँ के थियो ?**

मेरो परिवार गोरक्षनाथ संस्कार र परम्परामा हुर्किएको हुँदा बुबा-आमामा कम्तीमा एउटा छोराले चाहिँ संस्कृत पढे हुन्थ्यो भन्ने चाहना थियो। त्यसैले म दिल्ली गएको हुँ।

**संस्कृत पढ्दैमा तपाईंलाई राजनीति, जागिर, व्यापार वा अन्य पेशामा लाग्न कुनै रोकावट हुनेथिएन। तैपनि शैक्षिक क्षेत्र नै किन रोज्नुभयो ?**

वास्तवमा संस्कृत पढ्न पाएकोमा मलाई ठूलो गर्व छ। संस्कृतकै माध्यमबाट जीवनमा केही फरक काम गर्नुपर्छ भन्ने दृढता पनि थियो। काठमाडौं आएपछि मातृभूमि सेवक संघ भन्ने संस्थासँग मेरो सम्पर्क भयो। त्यो संस्थासँग आबद्ध भएर मैले एक वर्षसम्म स्वयंसेवा गरेँ। त्यतिवेला हरेक साँझ हामी काठमाडौंका बालबालिकाहरूलाई 'बाल संस्कार' कार्यक्रम सञ्चालन गर्थ्यौं। त्यसबाट मलाई बच्चाहरूसँग रमाउन र खेल्न सक्छु भन्ने कुराको अनुभूति भयो। त्यसले पनि मलाई शैक्षिक क्षेत्रमै काम गर्न अभिप्रेरित गर्‍यो र २०४२ सालमा हिन्दू विद्यापीठ स्थापना गरेँ। त्यतिवेला मेरो उमेर २१ वर्ष मात्रै थियो।

**तपाईंको प्राथमिकता शिक्षा हो कि अध्यात्म ?**

पहिलो कुरा त म शिक्षा र अध्यात्मलाई छुट्याउनै चाहन्न। हिन्दू विद्यापीठ नेपाल स्थापना गरेर यहाँसम्म ल्याएको आधारमा



सुरेशराज न्यौपाने

म आफूलाई बढी शिक्षासेवी ठान्छु। अध्यात्मिक चिन्तन भनेको एउटा ठूलो चिन्तन हो। त्यही चिन्तनलाई शिक्षाको क्षेत्रमा लगाएको छु। अहिले चाहिँ म अध्यात्म शिक्षाको प्रचारप्रसारमा बढी संलग्न छु। तसर्थ; मेरो कामलाई शिक्षा र अध्यात्मको 'फ्यूजन' भन्दा हुन्छ।

**हाम्रा सरकारी स्कूलको शिक्षालाई कसरी हेर्नुहुन्छ ?**

मैले बुझे अनुसार सरकारको वार्षिक बजेटको सबैभन्दा बढी लगानी (१७ प्रतिशत) शिक्षा क्षेत्रमा छ। तर, त्यसको तुलनामा उपलब्धि चाहिँ कमजोर देखिन्छ। शिक्षामा चरम राजनीतिक

हस्तक्षेप हुनु एउटा ठूलो समस्या भएको छ। अर्कोतिर कतिपय शिक्षकहरू पनि राजनीतिक दलका झण्डा बोकेर हिँड्दैछन्। यसको नकारात्मक असर स्कूलको शिक्षामा परेको छ। खासगरी सीपमूलक ज्ञान र शिक्षाको पाटो एकदमै कमजोर छ।

बरु; शिक्षा नै नपाए पनि हाम्रा पुर्खामा धेरै व्यावहारिक ज्ञान र सामाजिक संस्कार, मूल्य-मान्यता त थियो। हरेक जातिका आ-आफ्नै पुर्ख्यौली पेशा र सीपहरू थिए। तर, अहिलेको शिक्षाले न कुनै सीप दिन सकेको छ, न त संस्कार नै।

**कुनै सरकारी स्कूलमा 'असल' वा 'महान्' भन्न मिल्ने शिक्षक भेट्नुभएको छ ?**

मैले प्रत्यक्ष रूपमा भेट्ने-चिन्ने अवसर त पाइनँ, तर स्व. बद्रीविक्रम थापाबाट सुनेको कुरा हो, नेपालगञ्जमा मङ्गलप्रसाद भन्ने एक जना शिक्षक थिए। त्यतिवेलाका बडाहाकिम बद्रीविक्रमजी आफ्नो कार्यालयको काम सकेर मङ्गलप्रसादकहाँ भलाकुसारी गर्न पुग्थे रे!

जीर्ण अवस्थामा रहेको मङ्गलप्रसादजी संलग्न हाईस्कूल मर्मतसम्भार गर्नुपर्ने अवस्था थियो। त्यसका लागि काठ अपुग थियो। तत्कालीन राजा महेन्द्र नेपालगञ्जमा गएका वेला मङ्गलप्रसादले यो प्रसङ्ग उनलाई सुनाएछन्। महेन्द्रले तुरुन्त वनका कर्मचारीलाई बोलाएर 'आवश्यक काठ उपलब्ध गराइदिनु' भनेर आदेश दिएछन्। वनका कर्मचारीले बरामद भएका चोरीका काठको चाङ देखाएर 'यो सबै लैजानुस्' भनेर मङ्गलप्रसादलाई भनेछन्। मङ्गलप्रसादले 'चोरीका काठबाट स्कूल बनाएर म मेरा विद्यार्थीलाई चोरीको उपयोगिता दर्साउन चाहन्न' भनेर त्यो काठ लिन इन्कार गरेछन्। राजाको हुकुम भइसकेकाले वनका हाकिमलाई झन् आपत पर्‍यो। अनि उनले न्यायिक प्रक्रिया पुर्‍याएर काठ उपलब्ध गराएछन् र स्कूलको भवन बन्यो।

वास्तवमा त्यतिवेला देशमा थुप्रै मङ्गलप्रसादहरू थिए, जसले देशको शिक्षा र संस्कारमा अतुलनीय योगदान पुर्‍याए।



**नेपालको सन्दर्भमा सरकारी स्कूलको स्तरमा सुधार नगरी मुलुकको समग्र शैक्षिक उन्नतिको अपेक्षा गर्न सकिँदैन। त्यसनिम्ति तपाईंका के सुझाव छन् ?**

मूलरुपमा त शैक्षिक नीतिमै सुधार हुनुपर्छ। पाठ्यक्रममा सुधार गरेर त्यसलाई जीवनोपयोगी बनाइनुपर्छ। साथै राजनीतिक तहबाट शिक्षामा हस्तक्षेप नगर्ने सार्वजनिक प्रतिबद्धता आउनुपर्‍यो। एउटा स्कूले बच्चालाई आफ्नो दलमा जबरजस्ती आबद्ध गराउने अहिलेको संस्कार बन्द हुनुपर्छ। बाल मनोविज्ञानको दृष्टिले हेर्दा यो शोषण नै हो। अर्को कुरा स्कूलको दायित्व समुदायले नै लिनुपर्छ।

**शिक्षकका लागि कस्तो तालिमको महत्त्व देख्नुहुन्छ ?**

अहिले हामीकहाँ शिक्षक तालिमका मोडेलले शिक्षण विधि, बालमनोविज्ञान, परीक्षा पद्धति, शिक्षण योजनाको तयारीलाई धेरै हदसम्म सघाएको देखिन्छ। तर, आत्म चेतनाको विकास, नैतिक जागरण, उत्प्रेरणाको पाटो चाहिँ कमजोर छ। वास्तवमा हाम्रो देश अध्यात्म विद्याको आधारभूमि हो। समग्र मानव मूल्य/मान्यताको विकास गर्ने थलो हो। तर, हामीले मूल्य/मान्यताको विकास गर्ने तालिम पद्धतिलाई चाहिँ अवलम्बन गर्न सकेका छैनौं। त्यस्तो तालिम भइदिए त्यसले शिक्षकमा

**हाम्रा विद्यार्थीले गणित, विज्ञान, अङ्ग्रेजी जस्ता हरेक विषय पढ्नैपर्छ। हाम्रा विद्यार्थी पनि आज ठूला डाक्टर, इञ्जिनियर, कम्प्युटरका विज्ञ भएका छन्। यही हो 'आर्ट अफ लिभिङ'। समस्यालाई कसरी समाधान गर्ने, मस्तिष्कलाई कसरी चुस्त राख्ने, सम्बन्धलाई कसरी सुस्थापित गर्ने, सकारात्मकताको विकास कसरी गर्ने ? जस्ता कुराहरू चाहिँ 'आर्ट अफ लाइफ'मा पर्छन्।**

आत्मविकास, सकारात्मकतावाद, सिर्जनशीलता तथा अध्यात्मिक जीवनशैलीतर्फ अभिप्रेरित गर्छ।

**तपाईंको विद्यालयका शिक्षकले तालिमका अवसर कत्तिको पाउने गरेका छन् ?**

हाम्रा शिक्षकका लागि नियमित रूपमा कार्यशाला र तालिमको अवसर दिने गरिएको छ। त्यस्तो कार्यशालामा विषयगत कुरा मात्रै नभएर अध्यात्मिक र दार्शनिक चिन्तनका कुराहरू गरिन्छन्। हामीले हाम्रा तालिमलाई सीप, चेतना र संस्कारको विकासमा केन्द्रित गरेका छौं।

**अभिभावकले अरू निजी स्कूलको तुलनामा हिन्दू विद्यापीठलाई कुन अर्थमा भिन्न मान्ने ?**

पछिल्लो समयमा युवाहरूमा नकारात्मक प्रवृत्ति बढेको देखिन्छ। यसको समाधान हो- संस्कारयुक्त र चरित्रप्रधान शिक्षा। हिन्दू विद्यापीठ नेपालले त्यस्तै शिक्षा दिने प्रयास गरिरहेको छ। शैक्षिक गुणस्तरको सवालमा अन्य स्कूलले पनि उल्लेख्य प्रगति हासिल गरेका छन्। तथापि शिक्षाले हरेक मानिसमा सामाजिक संस्कार र चरित्रको विकास गराउनैपर्छ।

**के हिन्दू विद्यापीठका विद्यार्थीहरू अन्यत्रका भन्दा बढी अध्यात्मिक हुन्छन् ?**

हाम्रो प्रयास चाहिँ त्यही हो। चरित्रवान र अध्यात्मिक शिक्षा धेरै चुनौतीपूर्ण रहे पनि हामी धेरै हदसम्म यसमा सफल भएका छौं।

**तर अहिले त भौतिक र प्राविधिक शिक्षाको युग होइन र ?**

त्यो पनि हो। त्यसैले त हिन्दू विद्यापीठले आफ्नो शिक्षणमा 'आर्ट अफ लिभिङ' र 'आर्ट अफ लाइफ' दुवै पक्षलाई केन्द्रित गरेको छ। हाम्रा विद्यार्थीले गणित, विज्ञान, अङ्ग्रेजी जस्ता हरेक विषय पढ्नैपर्छ। हाम्रा विद्यार्थी पनि आज ठूला डाक्टर, इञ्जिनियर, कम्प्युटरका विज्ञ भएका छन्। यही हो 'आर्ट अफ लिभिङ'। समस्यालाई कसरी समाधान गर्ने, मस्तिष्कलाई कसरी चुस्त राख्ने, सम्बन्धलाई कसरी सुस्थापित गर्ने, सकारात्मकताको विकास कसरी गर्ने? जस्ता कुराहरू चाहिँ 'आर्ट अफ लाइफ'मा पर्छन्।

बर्दिया डायरी

सुदर्शन घिमिरे

# ६ वर्षमा फेरिएको स्कूल

मध्यपश्चिमको तराई जिल्ला बर्दियाको कमलपुर गाउँस्थित त्रिशक्ति प्राविको मुहार शिक्षक तथा अभिभावकको पहलकदमीमा ६ वर्षमै फेरिएको देखेपछि जोकोहीलाई पनि लाग्छ– नेपालका सार्वजनिक स्कूलको सुधार असम्भव छैन ।



खाजा खाँदै र खेल्दै ।



तस्बिरहरू: सुदर्शन घिमिरे

**स्कूल सुधार्ने कर्मठहरू: प्रअ, शिक्षक, बालविकास कार्यकर्ता र सहायक कर्मचारी।**

प्रायः रिपोर्टिङमा हिँड्ने म यसपालि शिक्षक मासिकको फरक कामको सिलसिलामा काठमाडौंबाट बाहिर निस्किएँ। पुसको तेस्रो साता बर्दियाको तारा तालस्थित गङ्गा प्रावि पुगियो। सरकारी स्कूलमा नमुनै कहलिएको यो विद्यालय साँच्चै राम्रो रहेछ। कक्षाभरी शैक्षिक सामग्री, अन्तरक्रियामुखी, क्रियाकलापमा आधारित शिक्षण, चुस्त व्यवस्थापन र प्रतिबद्ध शिक्षकका कारणले यो स्कूल नमुना भन्न लायक रहेछ। स्कूल घुमेर फर्कंदा खुब आनन्द आयो। तर, राम्रो स्कूल अवलोकन गर्ने रहर अझै मरेको छैन। बर्दिया भ्रमणपछि केही वर्षमा बदलिएका स्कूल अवलोकन गर्ने उत्कट अभिलाषा झनै जागृत भएको छ। कार्यालयको कामको सिलसिला समाप्त भएपछि मैले जिल्ला शिक्षा अधिकारी जयप्रसाद आचार्यसँग सम्पर्क गरें। आचार्य केही महिनाअघि मात्र यस जिल्लामा शिक्षा अधिकारी बनेर आएका रहेछन्। उनले मलाई केही वर्षमा फेरिएको स्कूल हेर्न सल्लाह मात्र दिएनन्, सँगै आफू पनि जाने उत्साह देखाए।

शीतलहरको कठ्याङग्रिँदो जाडोका बीच हामी बिहान ११ बजेतिर सोझै स्कूलतिर हान्नियौं। हाम्रो गाडी स्कूलको गेटमा गएर रोकिएपछि मात्र त्रिशक्ति प्रावि कमलपुर पुगिएको थाहा भयो। गेटबाट पस्ने बित्तिकै रूखमा अडेस लगाएर टेबुलमाथि राखिएको ठूलो ऐनामा गएर मेरा आँखा ठोक्किए। माझ चौरमा ऐना राख्नुको कारण सोधन नभ्याउँदै उत्तर पनि मिलिहाल्यो, एक जना विद्यार्थी आएर ऐना हेर्न थाले। सबै विद्यार्थीले बिहान स्कूल पस्दा र अरू बेलामा पनि आफ्नो अनुहार हेर्न र सरसफाइ कस्तो छ भनी आफैंले थाहा पाउन यो व्यवस्था गरिएको रहेछ।

शिशु कक्षाका बच्चाहरूमध्ये कोही चौरमा खेल्दै र धेरै चाहिँ समूहमा बसेर खाजा खाइरहेका रहेछन्। घरमा आफ्ना अभिभावकले बनाइदिएको ताजा खाजा खान पाउँदा उनीहरूको चेहरामा खुशी छचल्किएको देख्न सकिन्थ्यो। केहीले रोटी, हलुवा र धेरैले चाहिँ भुटेको भात खाजाको रूपमा ल्याएका रहेछन्। उनीहरू बस्ने, खेल्ने र पढ्ने कोठा हेरियो, राम्रै रहेछ। शिक्षा अधिकारीलाई चौरमै छाडेर म अरू कक्षाकोठातिर लागें। मेरो मनमा गङ्गा प्राविको जस्तो कक्षाकोठा छ क छैन भन्ने कौतुहल थियो। बाहिर च्याकमै जुत्ता मिलाएर राखेको देखेपछि भित्रको अवस्थाबारे अनुमान गर्न बेर लागेन।


हरेक कक्षाकोठा शैक्षिक सामग्रीले भरिएका देखिन्थे। भित्ताहरू खाली नै थिएनन्। बीच-बीचमा पनि डोरी तानेर त्यहाँ पनि शब्दपत्तिहरू प्रशस्तै झुण्ड्याइएका थिए। पङ्क्तिकारले इलामदेखि बझाङसम्मका दर्जनौं स्कूल घुमाइक्रममा प्राथमिक स्कूलका कक्षाकोठामा यति धेरै शैक्षिक सामग्री देख्न पाएको गङ्गा प्रावि पछि यो अर्को मौका थियो। हरेक कक्षाकोठाका दराजमा शैक्षिक सामग्री राखिएका रहेछन्। समूहगत बसाइका लागि राउण्ड टेबुलहरू थिए। कक्षामै पुस्तकालय समेत देख्दा अनौठो लाग्यो। जुत्ता मिलाउने, सरसफाइ गर्ने, शैक्षिक सामग्री मिलाउने लगायतका काम गर्ने गरी जब चार्ट लागू गरिएको रहेछ।

गतिलो शैक्षिक/भौतिक व्यवस्थापनका कारण बालबालिकाहरूमा जिम्मेवारीबोधको भावना विकास भएको रहेछ। बालबालिकाहरूले कक्षाकोठा हाम्रो हो र यसलाई राम्रो बनाउने काम हाम्रै हो भन्ने ठानेको पाएँ। "कुनै कक्षा खाली भयो भने विद्यार्थी सम्हाल्न गाह्रो हुन्न, किनभने त्यस्तोमा कक्षा मनिटरले कक्षा सम्हाल्छ। उसलाई खाली कक्षामा के कसरी कक्षाकार्य गर्ने भनेर सिकाइएको हुन्छ", शिक्षक राजेन्द्रप्रसाद खनालले भने। मैले कक्षा १ का केटाकेटीसँग एकछिन अन्तरक्रिया पनि गरें। उनीहरूले एकैस्वरमा भने, "घरमा भन्दा स्कूल रमाइलो लाग्छ। किनकि स्कूलमा साथीहरूसँग खेल्न र पढ्न पाइन्छ।" शिक्षकहरूले आफूहरूलाई माया गर्ने भएकाले स्कूल आएको कुरा पनि साना नानीहरूले भने।

कक्षाकोठाको सरसर्ती अवलोकन सकेर प्रअको कार्यकक्षमा आउँदा नजिकैको गुराँस उच्चमाविका शिक्षकहरू स्कूल राम्रो कसरी बनाउन सकिन्छ भनेर

# बर्दिया डायरी

## ‘२४ वर्ष त घाम तापेरै बिताइयो’



**रामचन्द्र खनाल, शिक्षक**

२०६० सालमा बेस बर्दियाले विद्यालयको भवन बनाइदियो । भवन त बन्यो तर कक्षाकोठा उस्तै । त्यस्तैमा शिक्षकलाई तालिम दिने कुरा आयो । तदनुरुप एक जना शिक्षकलाई रातो बङ्लाको अढाइ महिने तालिममा पढाउने निधो भयो । त्यसमा म छानिएँ । त्यो तालिमले जादू गर्‍यो । कसरी राम्रोसित पढाउने भन्ने उपाय मात्र सिकाएन, बुढेसकालमा केही गरौं न त भन्ने भावना र आत्मविश्वास पनि तालिमले जगाइदियो ।

फर्केर आएपछि तालिममा सिकेका कुरा प्रअ, शिक्षक साथीहरू र व्यवस्थापन समितिसँग बाडेँ । काम शुरु गरि हेरौं के हुन्छ भनेर शुरु गरियो । कक्षाकोठालाई विद्यार्थी केन्द्रित र बालमैत्री बनाइयो । बसाइ व्यवस्थापन बदलियो । अनि जब चार्ट लागू गर्नेदेखि सिकाइ तरिकासम्म बदल्यौं । पाठ अनुसारको उपयुक्त शैक्षिक सामग्रीको विकास गरी क्रियाकलाप गराउन थाल्यौं । समूहगत कार्य पनि सँगसँगै अघि बढायौं । यसले नसोचेको परिवर्तन पो आयो । पहिला उद्दण्ड जस्ता लाग्ने विद्यार्थी पनि जिम्मेवार भएर प्रस्तुत हुन थाले । घोकाएर वा कालोपाटीमा लेख्न लगाएका भरमा विद्यार्थीले सिक्दा रहेनछन्, जति बढी क्रियाकलाप गरायो, उति नै बढी सिक्दा रहेछन् भन्ने बोध भयो । हामीले हासिल गरेको उपलब्धिले आत्मविश्वास र ऊर्जा बढायो । नयाँ-नयाँ काम गर्न उकास्यो । आज हामी यहाँ आइपुग्न सफल भयौं ।

म २०३७ सालदेखि शिक्षण पेशामा छु । १० वर्षजति त प्रअ पनि भएँ । मैले करिब २४ वर्ष घामै तापेर कटाएँ । शिक्षकको तलब खाएँ तर शिक्षक भइनँ । वास्तविक शिक्षक भएको चाहिँ ६ वर्ष मात्र भयो । जीवनको महत्त्वपूर्ण समय खेर फालेकोमा मलाई पश्चात्ताप छ । हामीले चाहेको भए धेरै राम्रो गर्न सक्ने रहेछौं । धेरै बालबालिकाको भविष्य राम्रो बनाउन सक्ने रहेछौं । ढिलै भए पनि आँखा खुले । विगतको गल्तीलाई सुधारेर अगाडि बढ्ने दुर्लभ अवसर छ । म अहिले ५८ वर्षको भएँ र रिटायर्ड हुन केवल दुई वर्ष बाँकी छ । तर ममा काम गर्ने ऊर्जा बढिरहेको छ । साँझ-बिहान केही नभनिकन स्कूलको काम गरिरहेको छु । नठगिकन राम्रो र परिणाममुखी काम गर्दा कति धेरै आनन्द प्राप्त हुनेरहेछ भन्ने कुरा अहिले आएर बल्ल अनुभव गर्न पाएँ । त्यस अर्थमा म धन्य भएको छु । विगतमा मैले जस्तै आज ठगेर बसेका शिक्षक साथीहरूलाई मेरो विनम्र अनुरोध छ, कृपया अब ठग्न छाडेर वास्तविक शिक्षक हुनुस् । शिक्षक भएर ठग्नु भनेको समाज र भावी पुस्तालाई मात्र होइन, अन्ततः आफैँलाई पनि ठग्नु रहेछ । राम्रो शिक्षक भएर काम गर्दा बालबालिका र सिङ्गो समाजमा आउने रुपान्तरण पछि आउने असीम आनन्दको अनुभव लिनुस् । जीवनलाई सार्थक बनाउनुहोस् । यो कुरा उपदेश होइन, मेरो अन्तरात्माको पुकार हो ।

अध्ययन भ्रमण गर्न आएका रहेछन् । उनीहरूले भने, “यो स्कूल हामीले सुने जस्तै रहेछ । स्कूल साँच्चिकै राम्रो रहेछ । हामीमा जाँगर पलाउने हो भने स्कूल राम्रो बनाउन गाह्रो रहेनछ ।” शुक्रबारको दिन, त्यसमाथि शीतलहर शुरु भएकाले मुटु कमाउने जाडो थियो । अधिकांश केटाकेटीहरू पातलो सर्ट या यस्तै एकसरो कपडा लगाएर आएका थिए । त्यसैले स्कूलले छिटै घर जाने सल्लाह सहित १ हप्ताका लागि जाडोको छुट्टी दियो । अनि म प्रअ मिथिलेशकुमार यादव र उनको शिक्षक टीमसित कुराकानी गर्न थालेँ । प्रअ र शिक्षकसँगको संवादबाट स्कूलमा बच्चा पिट्ने कार्य बन्द भएको थाहा भयो । ग्रेड टिचिङले उस्तै सकारात्मक प्रभाव पारेको रहेछ । कक्षा छाड्ने र दोहर्‍याउने दर धेरै घटिसकेछ । केटाकेटीहरूले ज्वाएफुल लर्निङ वातावरण पाएका रहेछन् । ८ जना शिक्षक, ३ जना बालविकास कार्यकर्ता र १ जना पियन गरी कुल १२ जनाको टिमले स्कूलको मुहार फेर्न साँच्चिकै सफल भएका रहेछन् । यहाँ यो वर्ष करिब ३५० विद्यार्थी अध्ययनरत छन् ।

केही वर्षअघिसम्म अरू औसत स्कूलकै हाराहारीमा रहेको यो स्कूलको मुहार



विद्यार्थीहरू यसरी समूहगत कार्यमा व्यस्त रहन्छन् ।

कसरी एकाएक फेरियो त? यसको आफ्नै कथा रहेछ। कुरा २०६० सालको हो। बेस बर्दियाले एउटा भवन बनाइदिएपछि पनि स्कूलमा कुनै परिवर्तन आएन। त्यसपछि शिक्षकलाई तालिम दिए केही हुन्छ कि भन्ने सोच आएछ। बेसकै सहयोगमा शिक्षक राजेन्द्र खनाललाई तालिम दिन पठाइयो। उनले अढाइ महिने तालिम लिएर काठमाडौंबाट स्कूल फर्किएपछि नै मुहार फेरिने क्रम शुरु भएको रहेछ। (हे.राजेन्द्र खनाल) यस सुधार प्रक्रियाले ६ वर्षमा यति ठूलो र मौलिक परिवर्तन ल्याउन सक्छ भन्ने कुरा स्वयं शिक्षकहरू नै विश्वस्त थिएनन्। तर यसले पाका शिक्षक खनालको जीवनलाई हेर्ने सोचमा मात्र परिवर्तन ल्याइदिएन, उनी स्वयं परिवर्तनका सूत्रधार पो बने। यो कुरा थाहा पाएपछि जिशिअ आचार्यले उनलाई जिल्लाका महत्त्वपूर्ण शिक्षा कार्यक्रममा खनाललाई स्कूल कसरी फेर्न सकिन्छ भनेर बोल्न लगाउँछन्, ताकि त्यसले आशा र विश्वास जगाउन सकोस्। उता प्रअ यादवमा चाहिँ यति धेरै आत्मविश्वास बढेको देखिन्छ कि उनी बिग्रेको स्कूल बनाउन सरुवा भई जान चाहन्छन्। (हे. बक्स)

यी दुई स्कूल घुमेर काठमाडौं फर्कंदै





# ‘बिग्रेको अर्को स्कूल सपार्न चाहन्छु’

**मिथिलेसकुमार यादव, प्रअ**

म यो स्कूलमा आएको दुई वर्षपछि बेस बर्दियाले चारकोठे पक्की भवन र चर्पी निर्माण गऱ्यो। तर त्यसले हाम्रो स्कूलको पठनपाठनमा खासै सुधार भएन। हामीले के महसुस गऱ्यौं भने शिक्षकहरूको सोच, विचार, बानी र व्यहोरामै परिवर्तन आवश्यक रहेछ। त्यसको लागि तालिम आवश्यक थियो। त्यसै वेला बेस बर्दियाले पैसा व्यहोरिदिने गरी रातो बङ्गलाको अढाइ महिने तालिम लिने अवसर आयो। राजेन्द्र सरलाई तालीममा पठाइयो।

फर्केर गएपछि उहाँले तालिममा सिकेका कुरा हामीलाई बाँड्नुभयो। हामीले थुप्रै नयाँ कुरा सिक्न पायौं। सो आधारमा हामीले नयाँ योजना बनायौं र सोही अनुसार कक्षा कोठामा गयौं। हामीले के गरिरहेका छौं भन्ने कुराको बेसले निरन्तर अनुगमन र मूल्याङ्कन गरिरह्यो। त्यसले हामीलाई तालिममा सिकेका कुरा व्यवहारमा अनुवाद गर्न घचघच्याइरह्यो। त्यस कारणले पनि हामीले काम गऱ्यौं। मुख्य काम भनेको आफूलाई परिवर्तन गर्नुथियो, जुन आफैंमा सबैभन्दा कठिन रहेछ। तर हामी घिसारिँदै भए पनि परिवर्तित हुँदै गयौं। कक्षाकोठामा पनि परिवर्तन देखिन थाल्यो। त्यसले हामीलाई झन् बढी रुपान्तरित हुन प्रेरित मात्र गरेन, काम गर्ने नयाँ जाँगर र ऊर्जा पनि थपिदियो। यति ठूलो परिवर्तन होला भनेर मैले त कल्पना पनि गरेको थिइनँ।

हामी शिक्षकले चाहे केही पनि असम्भव रहेनछ भन्ने आज महसुस भएको छ। विद्यालयमा सरकारले पैसा दिएर र राम्रो भवन बनाइदिएर मात्र कक्षाकोठामा कुनै परिवर्तन आउँदैन। परिवर्तन त हामी शिक्षकहरूले नै ल्याउने पर्ने रहेछ। त्यसका लागि खाँचो छ नवीन आइडियाको र हामी राम्रो गर्न सक्छौं भन्ने आत्मविश्वास र प्रतिबद्धताको। त्यसपछि आर्थिक पारदर्शिता, टिम वर्कको भावना चाहिन्छ। शिक्षकले राम्रो गर्न थाले, विद्यालयको हिसाबकिताब पारदर्शी छ है भन्ने सञ्चार भएपछि अभिभावकमा नयाँ आशा र उमङ्गको सञ्चार हुँदोरहेछ। त्यसपछि उनीहरू नै स्कूललाई के सहयोग गरौं भन्दै आउँछन्। शिक्षक र अभिभावकबीचको आपसी समझदारी, विश्वास र संयुक्त रूपमा स्कूल राम्रो बनाउने अठोटले नै अन्ततः स्कूल फेरिँदोरहेछ भन्ने आज आएर छर्लङ्ग भयो। स्कूल सप्रेपछि हामीलाई समुदायले मात्र होइन, सबैतिरबाट बढी नै सम्मान र इज्जत दिएका छन्।

हामी पहिला अरूका कुरा सुन्न रुचि राख्दैनथ्यौं। शिक्षक भएकाले सबैकुरा थाहा छ भन्ने घमण्ड गर्थ्यौं। तर ती सबै कुरा खोक्रा रहेछन् भन्ने कुरा आज आएर छर्लङ्ग भएको छ। जति काम गऱ्यो उति नै बढी सिक्नुपर्दोरहेछ भन्ने बोध भएको छ। अब म बिग्रेको अर्को सामुदायिक स्कूलमा जान चाहन्छु। म त्यहाँको स्कूललाई पनि यस्तै राम्रो बनाउन सक्छु भन्ने विश्वास छ। स्कूल कसरी राम्रो बनाउन सकिँदो रहेछ भनेर मलाई मोटामोटी सूत्र थाहा भयो। त्यसैले मैले हाम्रा नयाँ जिशिअलाई अनुरोध गरिसकें। उहाँले केही समय यही स्कूलमा काम गर्नुस्, अनि सल्लाह गरौंला भन्नुभएको छ।

# बर्दिया डायरी







**शैक्षिक सामग्री राखिएको दराज । आफ्नो अनुहार कत्तिको सफा छ भनेर ऐना हेर्दै एक विद्यार्थी (बीच) । कक्षा कोठाको बाहिर ऱ्याकमा मिलाएर राखिएका जुत्ताहरू ।**

गर्दा बाटोमा मैले सात वर्षअघि इलाम नगरपालिकाको एउटा प्राथमिक विद्यालयकी प्रधानाध्यापकलाई सम्झन पुगें । भवन, खेलमैदान, पर्याप्त शिक्षक, सबै राम्रै भए पनि स्कूलको पठनपाठनको अवस्था चाहिँ दयनीय थियो । सबै थोक भएर पनि स्कूलको पढाइ राम्रो हुनसकेको रहेनछ, किन होला भन्ने जिज्ञासामा ती प्रअले भनेको पहिलो वाक्य थियो, "शिक्षा नीति नै ठीक छैन, अनि कसरी स्कूल राम्रो होओस् त ।" उनको भनाइको आशय शिक्षा नीति गलत भएकै कारण आफूहरूले राम्रोसित शिक्षण नगरेको भन्ने थियो । धेरै स्कूलका शिक्षकहरूले यही भाकामा भन्ने गरेको मैले सुनेको छु । तर यी स्कूलका शिक्षकहरूले सरकार या माथिल्लो निकाय या अरू कसैका बारेमा खासै गुनासो गरेनन् । बरु छिमेकी स्कूलका शिक्षक र हामीसँग पनि सुझाव पो मागे । त्यो देखेर म त आश्चर्यचकित भएँ । लाग्यो, गर्नेहरू अरूलाई औंला ठड्याउन आवश्यक नै ठान्दैनन्, आफैं नै कर्मक्षेत्रमा डटेर लाग्नु प्रीतिकर मान्दारहेछन् ।


स्कूलमा आएको र स्कूलले ल्याएको परिवर्तनलाई मिहिन रूपमा केलाउने खाँचो महसुस नभएको होइन । त्यसका लागि कम्तीमा तीन-चार दिन स्कूल र समुदायमै बसेर अध्ययन गर्नु पर्ने रहेछ । तर कामको सिलसिला अलि भिन्न भएकाले म यसपटक योभन्दा बढी समय दिन नसक्ने अवस्थामा थिएँ । त्यसो त यस स्कूल पूर्ण छ, सुधारको काम गर्न आवश्यक छैन भन्ने होइन । जति गर्दै गयो, उति नै नयाँ नयाँ कामहरू गर्दै जानुपर्छ । तर कक्षाभित्र पसेर शिक्षकहरूले राम्रोसित नपढाइरहेको नेपाली सार्वजनिक स्कूलहरूको परिवेशमा चाहिँ यो विद्यालयलाई हाललाई राम्रै विद्यालयको कोटिमा राख्न सकिन्छ । गुलरिया बजार फर्कंदा बाटामा जिशिअ आचार्यले राम्रो/नमुना स्कूलको सूचकहरू विकास गर्न लागेको जानकारी दिँदै सोही आधारमा यस स्कूललाई पनि मापन गरिने बताए । "म यो स्कूलमा आएको परिवर्तनबाट धेरै प्रभावित भएको छु", उनले भने ।

यी स्कूल घुम्दा धेरै ऊर्जा मिलेको र नयाँ कुरा सिक्न पाएको अनुभव भयो । यस स्कूलका प्रअ र शिक्षकहरूप्रति आदरभाव जाग्यो । शिक्षकसँग जाँगर राम्रो बनाउने प्रतिबद्धता र टिमवर्क को भावना भए सार्वजनिक स्कूल सपार्न सकिन्छ । र उनीहरूले समुदायको विश्वास जितेर भरपुर सहयोग लिएर स्कूल चम्काउन सक्छन् भन्ने छर्लङ्ग भयो । यो छोटो घुमाइले सार्वजनिक स्कूलमा सुधार ल्याउन सकिन्छ भन्ने पुरानो विश्वास झन् बलियो बनाइदिएको छ ।






विद्यालयस्तरका हाम्रा उपयोगी र स्तरीय प्रकाशनहरू
All in One
Junior/Senior
आधुनिक वर्णमाला
English/Nepali
LOTUS ENGLISH READER 8
Series A-8
सजिलो नेपाली माला 9
Series Ka-8
SOCIAL STUDIES CREATIVE ARTS
Series A-10
My School English
Series 1-5
MODERN GRADED SCIENCE & ENVIRONMENT
Series A-10
HEALTH PHYSICAL EDUCATION AND YOGA
Series 1-10
OUR SCHOOL MATHEMATICS BOOK-A
Series A-10
MODERN COMPUTER SCIENCE BOOK 4
Series 1-10
MORAL EDUCATION
Series 1-8
MASTERMIND GENERAL KNOWLEDGE 5
Series 1-10
विद्यार्थी प्रकाशन प्रा.लि.
प्रकाशक तथा वितरक
कमलपोखरी, काठमाण्डौ
फोन नं. : ४२२७२४६, ४२४५८३४
पो.ब.नं. : १२९९०, फ्याक्स : ४२२१२९१
Web : www.vpb.com.np, Email : vidyarthi_pub@yahoo.com
विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाण्डौ

तपाई जहाँ हुनुहुन्छ त्यहीँ
तपाई जहाँ पुग्नुहुन्छ त्यहीँ
अर्थात
देशैभरि
उज्यालो 90 नेटवर्क
तपाई ढुक्कले
व्यवसाय गर्नुहोस्
देशभरिका ९० वटा एफएम
स्टेशनहरूबाट एकसाथ प्रवर्द्धन गर्न
हामी साथमा छौं ।
Broadcast System
Partner Radio Stations
National Coverage
विहानदेखि रातीसम्म
६ बजे कामयौरन ● ९, १२, ३, ६ र १०:४५ बजे नेपाल खबर ● ८ बजे नेपाल दर्पण
सीधा कुरा, प्रष्ट विचार
थप जानकारीका लागि
विज्ञापन शाखा
०१ ५५५१७१६ Ex.२०४
०१ २११२२३४ सीधा
Communication Corner Pvt. Ltd.
Kupondole, Lalitpur, Tel: 5546277
Fax: 977-1-5549357, E-mail: info@unn.com.np, URL : www.unn.com.np
Ujyaalo 90 Network
Sanepa, Lalitpur, Tel: 5551716

# विद्यालय व्यवस्थापनका चुनौती दोषी : पद्धति होइन, प्रवृत्ति

**अभिभावक र व्यवस्थापन समितिका नाममा भ्रष्ट, लुच्चा र आपराधिक प्रवृत्तिका मानिसहरू सरकारी विद्यालयहरूमा हावी हुँदै गएका छन् र तिनलाई पदलोलुप राजनीतिक दलहरूले निर्भयता प्रदान गरेका छन्। तर, मोरङको श्रीसार्वजनिक निमाविको व्यवस्थापन समिति यसको अपवाद बनेको छ। समितिको तीनवर्षे कार्यकालमा उक्त निमाविमा भएको कायापलटले विद्यालय व्यवस्थापनको चुनौती मौजूद प्रणाली नभएर प्रवृत्ति हो भन्ने निचोड निस्कन्छ।**

■ राजेन्द्र दाहाल




एक दशकको अन्तरालमा नेपालका सार्वजनिक विद्यालयहरूको व्यवस्थापनसँग गाँसिएका मुद्दा र बहसमा झण्डै १८० डिग्रीको फरक आएको छ। दश वर्षअघि विद्यालय व्यवस्थापन समिति र प्रअ तथा शिक्षकहरूको नियुक्तिमा सीमित राजनीतिक पदाधिकारी र कर्मचारीतन्त्रको हस्तक्षेपले किचलो पैदा गरेको, पठनपाठन बिथोलिएको, भ्रष्टाचार मौलाएको समाचारले अखबारका पानामा ठाउँ पाउँथे। त्यस्तो समस्या र विकृतिबाट वाक्क भएका अभिभावक र जनताको विवेकलाई सर्वोपरि ठान्ने विश्लेषकहरूको एउटै आवाज हुन्थ्यो– 'जसका छोराछोरी पढ्ने हुन्, विद्यालयको व्यवस्थापन र शिक्षक राख्ने-फिक्ने अधिकार तिनैलाई देऊ।' २०५८ मा शिक्षा ऐनमा भएको संशोधनले यो माग पूरा गरिदियो; आफ्ना बालबालिका पढ्ने विद्यालयको सम्पूर्ण व्यवस्थापन र तिनलाई पढाउने शिक्षक रोज्ने अधिकार समेत कानुनतः अभिभावकहरूले प्राप्त गरे।

शिक्षा ऐनले प्रदान गरेको अधिकारको सदुपयोग गरी देशका अनगिन्ती अभिभावकहरूले आफ्ना छोराछोरी पढ्ने विद्यालयको स्याहार-सुसार गरेर पहिलेको तुलनामा धेरै राम्रो बनाएका छन्। अभिभावकहरूद्वारा व्यवस्थापन गरिएका कैयौं सार्वजनिक स्कूलले विद्यार्थी आकर्षित गरिदिएर आसपासका निजी स्कूलहरूलाई विस्थापित हुन समेत बाध्य तुल्याएका छन्। विद्यालयको तहगत बढोत्तरी, पठन-पाठन र अतिरिक्त क्रियाकलापमा सुधार गर्न त झन् धेरै सरकारी स्कूल सफल भएका छन्। तर, अभिभावकहरूको संलग्नताका कारण प्राप्त सफलताका यस्ता घटना निरन्तर ओझेलमा पर्दै आएका छन्। विद्यालय व्यवस्थापन समितिलाई प्राप्त अधिकारको दुरुपयोग देशव्यापी प्रकोप बनेको छ। अभिभावक र व्यवस्थापन समितिका नाममा भ्रष्ट, लुच्चा र आपराधिक प्रवृत्तिका मानिसहरू सरकारी विद्यालयहरूमा हावी हुँदै गएका छन् र तिनलाई पदलोलुप राजनीतिक दलहरूले निर्भयता प्रदान गरेका छन्। परिणामतः यता आएर विद्यालय व्यवस्थापनमा अभिभावकलाई दिइएको अधिकार र महत्त्व नै समस्याको जड हो कि भन्ने भान पार्ने

गरी व्यवस्थापन समितिका पदाधिकारीका मनपरी र भ्रष्टाचारका घटनाहरू छरपष्ट हुन थालेका छन् ।

तथापि, सार्वजनिक विद्यालयको सु-सञ्चालनका लागि स्थानीय समुदाय र राज्यको भूमिकामा सन्तुलन कायम गर्ने चुनौती नेपालमा मात्रै रहेको भने होइन । विद्यालय शिक्षालाई अनिवार्य र नि:शुल्क गरी यसलाई सर्वाधिक महत्त्व दिने मुलुक संयुक्त राज्य अमेरिकामा पनि विद्यालय व्यवस्थापन समिति या 'बोर्ड' र विद्यालय प्रशासनबीच मनोमालिन्य पैदा भइरहँदो रहेछ भन्ने कुरा, *शिक्षक* को मङ्सिर अङ्कमा हामीले उद्धृत गरेको त्यहाँको *द लेजर* नामक दैनिकको सम्पादकीय-आग्रहबाट स्पष्ट हुन्छ । *द लेजर* को त्यही सम्पादकीयले हामीलाई नेपालका सरकारी विद्यालयको व्यवस्थापन र त्यसमा पनि विशेष गरेर समितिका अध्यक्ष र सदस्यहरूको भूमिकाबारे खुला बहस चलाउन प्रेरित गर्‍यो ।

उक्त अमेरिकी दैनिकको तर्क बोर्डका सदस्यहरूलाई हरेक महिना कम्तीमा तीन दिन कक्षामा पढाउन लगाउने हो भने तिनले विद्यालय, शिक्षक र विद्यार्थीका वास्तविक समस्या बोध गर्न पाउँछन् र त्यसबाट बोर्डलाई यथार्थपरक निर्णय गर्न र कार्यक्रम बनाउन मद्दत पुग्छ भन्ने थियो ।

नेपालमा व्यवस्थापन समितिका सबै सदस्यहरूलाई 'कक्षामा पढाउन पठाऊँ' भन्ने अवस्था नरहेका कारण हामीले खुला बहसका लागि 'विद्यालयको हितमा जसले जे जानेको छ, त्यही काम गर्नुपर्ने व्यवस्था गर्नु कस्तो हुन्छ ?' भन्ने विषय अघि सार्‍यौं *(हे. विस्तृत शिक्षक, अङ्क ३२, मङ्सिर २०६७, पृष्ठ २१; www.teacher.org.np)*।

रु.७००० हजार नगद पुरस्कार राखिएको यो बहस शृङ्खलामा देशभरिका पाठकहरूले यति धेरै चासो र रुचि देखाउनुभयो, हामीले रचना पठाउने म्याद २० मङ्सिरबाट बढाएर २० पुस २०६७ पुर्‍यायौं र छनोटमा परेका विचार/रचनाहरू एउटाको सट्टा दुईवटा (पुस र माघ) अङ्कमा छाप्ने निर्णय गर्‍यौं । यस सम्बन्धमा, २० पुस २०६७ भित्र हामीलाई १५० भन्दा लेख प्राप्त भए । हरेक लेखकका सुझाव र तर्कमा केही न केही मौलिक कुराहरू अवश्य थिए । तर; स्थानाभावका कारण, दुई अङ्कमा गरेर करिब डेढ दर्जनवटा मात्र प्रतिनिधिमूलक लेखले *शिक्षक* का पानामा छापिने अवसर पाए *(हे. पृष्ठ ३२-३९)*। प्रकाशित भएका लेखले अप्रकाशित लेखका रचनाकारहरूको भावनालाई पनि समेटेका छन् भन्ने हामीलाई विश्वास छ ।

पुरस्कार कसलाई दिने भन्ने निर्णय गर्न यसपटक हामीलाई निकै हम्मे पर्‍यो । *शिक्षक* का अधिकांश सहकर्मीहरूको राय थियो– 'छापिएकामध्ये जुन कुनैलाई दिए पनि हुन्छ, किनभने सबै उस्तै छन्; अनि हरेकका आ-आफ्नै विशेषता पनि छन् ।' तैपनि कुनै एउटा वा दुईवटा छान्नैपर्ने भएकाले हामीले यो अङ्कमा प्रकाशित **इन्द्रराज बडु** र गताङ्कमा प्रकाशित **आधुनिक चौधरी** को आलेख छान्यौं । घोषित पुरस्कार राशी (रु.७,००० हजार) उहाँहरूलाई दामासाही गरिनेछ ।

## पद्धति मात्रै दोषी होइन

विद्यालय व्यवस्थापनका समस्या र समाधानमा केन्द्रित यो खुला बहसमा व्यवस्थापनमा रहेका अथवा 'समस्याका कारक' भनी आरोपित व्यक्ति वा पदाधिकारीहरूले पटक्कै सहभागिता जनाएनन् । अभिभावकहरूको मतबाट समितिका पदाधिकारी छान्ने स्थापित लोकतान्त्रिक पद्धतिको बचाउ गर्न पनि थोरै व्यक्तिहरू मात्र अघि सरे । अभिमत प्रकट गर्नेहरूमध्ये अधिकांश शिक्षकहरू त थिए नै; विद्यालय व्यवस्थापन समितिलाई हाल प्राप्त अधिकार (विशेषत: शिक्षकको नियुक्ति र सरुवा सम्बन्धी) प्रति उनीहरू बढी असन्तुष्ट र आक्रोशित भेटिन्थे । तथापि, बहुसङ्ख्यक लेखकहरूको चिन्ता, निहित उद्देश्य पूर्तिकै निम्ति विद्यालय व्यवस्थापन समितिमा हुन थालेको अस्वाभाविक घुसपैठ; त्यस्तो घुसपैठलाई साथ र संरक्षण दिने प्रमुख राजनीतिक दलहरूको नीति तथा विद्यालयमा जतिसुकै अनियमितता र अपराध हुँदा पनि केही गर्न नसक्ने शिक्षा प्रशासनको लाचारीप्रति लक्षित पाइन्छ । अहिलेको 'पद्धति नै भएन, बदल्नुपर्छ' भन्ने आग्रह राख्नेहरू नगण्य भेटिन्छन् भने, पद्धति, नीतिनियम उल्लङ्घन गर्नेहरू तत्काल दण्डित गरी निरुत्साहित तुल्याउने हो भने हालको पद्धतिले राम्रो परिणाम दिन सक्छ भन्ने धेरैको विश्वास रहेको पाइन्छ । अर्थात्, खराब नियत बोकेर विद्यालय व्यवस्थापन समिति कब्जा गर्न खोज्नेहरूलाई राजनीतिक दल र नेताहरूले संरक्षण प्रदान गर्नु र व्यवस्थापनमा भएर जथाभावी गर्नेहरूलाई कानुनत: दण्डित नगर्नु नै अहिलेको प्रमुख समस्या हो; यी दुई कुरा नसच्याइकन





**व्यवस्थापन समितिका अध्यक्ष मण्डल र उनले बनाएका बाल खेलौना ।**

सबै तस्बिर: सञ्जय खनाल

नयाँ पद्धति अपनाउने हो भने त्यसले पनि काम गर्ने छैन भन्ने समष्टिगत सार भेटिन्छ ।

### जस्तो सोचेको त्यस्तै

यो बहसमा सहभागी हुन आह्वान गर्दा हामीले विकल्प अघि सारेका थियौं– 'हाम्रा विद्यालय व्यवस्थापन समितिका सबै अध्यक्ष वा सदस्यहरूले अमेरिकामा जस्तो कक्षामा गएर पाठ्यपुस्तक पढाउन सम्भव हुँदैन भने पनि चन्दा दिन सक्नेले चन्दा दिने, बगैंचा बनाउन जान्नेले बगैंचा बनाउने र सिकाउने, गारो लगाउन जान्नेले गारो लगाइदिएर विद्यालयलाई मद्दत गर्न सक्छन् ।' (हे. विस्तृत *शिक्षक,* अङ्क ३२, मङ्सिर २०६७) ।

नभन्दै एउटा त्यस्तै दृष्टान्त हाम्रो जानकारीमा आयो– मोरङको सिसवनी, जहदास्थित श्रीसार्वजनिक निमाविको व्यवस्थापन समिति । (यो जानकारीको 'क्ल्यू' चाहिँ हामीलाई रामप्रसाद पाण्डेयको यसै अङ्कमा प्रकाशित लेख *(पृ. ३८)* बाट प्राप्त भएको थियो ।) हरिप्रसाद मण्डल अध्यक्ष रहेको उक्त व्यवस्थापन समितिको तीनवर्षे कार्यकाल भर्खरै सकिएको छ । तर, यो समिति तीन वर्षमा सार्वजनिक निमाविको 'कायापलट' गर्न सफल भएको स्पष्टै देखिन्छ । गाउँ उही, देशको अवस्था र राजनीतिक दलहरूको व्यवहार उस्तै, प्रअ र शिक्षक पुरानै तर पनि यो निमावि बाहिरदेखि भित्रसम्म नयाँ भएको छ । सात सय विद्यार्थी पढ्ने गाउँको सरकारी स्कूल सफा-सुग्घर र चम्किलो मात्रै देखिँदैन, स्कूलको बगैंचामा फूलै फुलेको पनि पाइन्छ । सफा राखिएका स्कूलका भित्ताहरूमा शिक्षक र विद्यार्थीलाई कर्तव्य सम्झाउने आदर्श वाक्यहरू राम्ररी लेखिएका छन् । विद्यार्थीलाई खेल्ने बाहिरी सुविधाहरू त छँदैछन्; स्वयं व्यवस्थापन समितिका अध्यक्षले आफ्नै हातले बनाइदिएका ठूलो आकारका रङ्गीन चेस, लुँडो आदिका बोर्ड समेत छन् ।

स्कूल कसरी बदलियो त ? धेरै वर्षदेखि यस स्कूलको जिम्मेवारी सम्हाल्दै आएका प्रधानाध्यापक अजयकुमार सिंह सबै जस हरिप्रसाद मण्डलको नेतृत्वमा रहेको व्यवस्थापन समितिलाई दिन्छन् । प्रअ सिंहको कथन अनुसार, मण्डल नेतृत्वको समिति बनेपछि, विद्यालयका सबै पक्षमा सकारात्मक वातावरण बन्न थाल्यो । व्यवस्थापन समिति एकढिक्का भएर विद्यालय सुधारका निम्ति खट्न थाल्यो । अध्यक्ष लगायत समितिका प्राय: हरेक सदस्य नियमित रूपमा स्कूल आउने, आफूले जानेको र सक्ने काम गर्न थाले । जस्तो– अध्यक्ष मण्डल काठका मिस्त्री हुन् । स्कूलमा कुनै बेन्च-डेस्क भाँचिएको, हल्लिएको पाउनासाथ उनी त्यसको मर्मतमा आफैं खटिइहाल्थे । अध्यक्ष स्वयं ज्यावल लिएर काममा खट्न थालेपछि, त्यसैगरी आफूले जानेको र सक्ने काम गर्न अरू सदस्य तथा शिक्षकहरू पनि उत्प्रेरित हुन थाले । विद्यालय हाताभित्र राम्रो फूलबारी बनाउन, बगैंचा निर्माणको अनुभव भएका स्वयंसेवी शिक्षक सदानन्द मण्डल अग्रसर भए । उनलाई सघाउन शिक्षा कार्यालयका स्रोतव्यक्ति इन्द्रकुमार बास्तोला अघि सरे । फूलबारीलाई टिकाइराख्न व्यवस्थापन समितिका सदस्य र शिक्षकहरू हरेकले केही न केही योगदान गर्दै रहे । त्यस्तै, खेलकुद, चमेना गृह, सरसफाइ आदिको व्यवस्थापन गर्न समितिका सदस्य र शिक्षकहरू स्वत:स्फूर्त रूपमा सक्रिय हुन थाले ।

नियम बनाउनु भन्दा बनाएको नियमको नियमित पालना गर्न-गराउन कठिन हुन्छ । सार्वजनिक निमाविको व्यवस्थापन समितिका सदस्य र शिक्षकहरूले स्कूल हाताभित्र चुरोट, बिँडी

**श्रीसार्वजनिक निमाविको**
**निवर्तमान व्यवस्थापन समिति**

| |
|---|
| हरिप्रसाद मण्डल, अध्यक्ष |
| **सदस्यहरू** |
| शिवगङ्गाप्रसाद मण्डल |
| रामप्रसाद मण्डल |
| गजेन्द्र ठाकुर |
| श्रीमती लक्ष्मीदेवी मण्डल |
| राजकुमार मण्डल |
| जितेन्द्र राय |
| राजेशकुमार राजवंशी |
| प्रअ अजयकुमार सिंह, सदस्य-सचिव |

मात्र हैन, पान र गुट्का पनि नखाने नियम बनाएका छन् । खानेहरू पनि विद्यालय कम्पाउण्ड बाहिरै थुकेर भित्र पस्छन् । स्कूलका कोठा, बरण्डा र चउरको सफाइ हेर्दा यो नियमको राम्रैसँग पालना भएको अनुमान गर्न गाह्रो पर्दैन ।

श्रीसार्वजनिक निमाविको व्यवस्थापन समितिको गठन अरू भन्दा भिन्न तरिकाबाट भएको थिएन । पहिले स्कूल प्रशासन र व्यवस्थापनबीच यहाँ पनि मनोमालिन्य थियो । आर्थिक कारोबारका विषयमा यसअघि यहाँ पनि कलह भएकै देखिन्छ । तर पनि, उही प्रक्रियाबाट उही कायदिश लिएर आएको निवर्तमान व्यवस्थापन समितिले चाहिँ कसरी यति धेरै उपलब्धि हात पार्न सक्यो त भन्ने जिज्ञासा स्वाभाविक रूपमै पैदा हुन्छ । अनि, यो समितिको कार्य हेर्दा, धेरैले भनेझैं, निर्वाचनबाट व्यवस्थापन समिति चयन गर्ने प्रक्रिया पनि आफैंमा दोषी देखिँदैन, किनभने हरिप्रसादको टीम पनि त्यस्तै चुनाव जितेर आएको थियो ।

विवाद देखिएका प्राय:जसो विद्यालय व्यवस्थापन समिति र हरिप्रसादले अध्यक्षता गरेको समितिको कार्यशैलीबीच एउटा ठूलो भिन्नता भने देखिन्छ, त्यो हो– विद्यालयको खातापाता सञ्चालनमा अध्यक्षको असंलग्नता । विवाद र समस्या पैदा भएका प्राय: विद्यालयहरूमा अध्यक्षहरू आर्थिक कारोबारमा संलग्न पाइन्छन् । अर्थात्, आर्थिक कारोबारकै कारण प्रअ, शिक्षक र व्यवस्थापन समितिका सदस्य तथा अध्यक्षबीच खटपट पैदा हुने गर्छ । यही कुरामा श्रीसार्वजनिक निमावि भाग्यमानी हुन पुगेको देखिन्छ, जसका अध्यक्षले पैसा खेलाउने कामबाट आफूलाई टाढै राखे ।

अध्यक्ष मण्डलले विद्यालयको खाता सञ्चालनमा आफूलाई संलग्न नै गराएनन् । बरु आफ्नो सट्टा गाविस सचिवका नाममा खाता खोलाए । यसरी स्वयं अध्यक्ष नै चोखो बस्न खोजेपछि, उनको मातहतकाले अनियमितता गर्ने गुञ्जायस स्वाभाविक रूपमै न्यून भयो । आर्थिक हिनामिनाको सम्भावना कम भएपछि, आपसी द्वन्द्व र मनोमालिन्य पनि कम हुने नै भयो । त्यसमाथि 'आफ्नो गाउँको स्कूललाई केही गर्नुपर्छ' भन्ने भावना पनि भएपछि, एकपछि अर्को गर्दै सकारात्मक वातावरणको लहर चल्नु अनौठो थिएन । बितेका तीन वर्षसम्म यस्तै भएको देखिन्छ– श्रीसार्वजनिक निमावि, जहदा, मोरङमा ।

*(हे. मण्डलको अन्तर्वार्ता पृ २९)*

(साथमा **मोहन भण्डारी र सञ्जीव खनाल**)

# अध्यक्षले लोभ नगरे सबै ठीक हुँदोरहेछ

**हरिप्रसाद मण्डल**
अध्यक्ष, विद्यालय व्यवस्थापन समिति (निवर्तमान)
श्रीसार्वजनिक निमावि, सिसवनी, जहदा, मोरङ




**तपाईंले कहाँ, कतिसम्म पढ्नुभयो ?**

कक्षा ७ सम्म मैले यही विद्यालयमा पढेको हुँ। अहिले खुल्ला विद्यालयअन्तर्गत ८ कक्षामा पढ्दैछु।

**छोराछोरी–भाइबहिनी कुन स्कूलमा पढ्छन् ?**

दुई छोरा छन्। उनीहरू यही विद्यालयको कक्षा ८ र ६ मा पढ्दैछन्। दुई बहिनी र दुई दिदीको विवाह भइसक्यो। उनीहरूले शिशु कक्षा मात्र पढे। हाम्रो विद्यालय व्यवस्थापन समितिका सबै सदस्यका छोराछोरी पनि यहीं पढ्छन्।

**स्कूलका बारेमा कहिलेदेखि चासो राख्न थाल्नुभयो ?**

आफू अनपढ भए पनि छोराछोरीलाई राम्रो पढाउनुपर्छ भन्ने ज्ञान छ। छोराछोरीलाई निजी विद्यालयमा पढाउने आर्थिक हैसियत मसँग छैन। घर नजिकैको विद्यालय सुध्रियो भने नानीहरूको

**म काठ मिस्त्री पनि हुँ। विद्यालयका लागि आफैंले फर्निचर बनाएँ। फर्निचर बनाउँदा एक पैसा ज्याला लिइनँ। पक्की भवनका झ्याल र ढोका सबै मैले नै बनाएको हुँ। त्यसमा चाहिं आधा ज्याला लिएँ। के गर्ने पेट त भर्नै पर्‍यो।**

# बहस विद्यालय व्यवस्थापनका चुनौती



**मैले आफ्नो नाममा बैंक खाता नखोली गाविस सचिव र हेडमास्टरको नाममा राखें। मलाई पैसामा लोभ छैन। म आफैं काठ मिस्त्री भएकाले जतिखेर विद्यालयको डेस्क बेञ्च भाँचियो त्यतिखेर नै नि:शुल्क बनाउँछु। म आर्थिक लेनदेनमा अगाडि बढ्दिनँ।**

भविष्य उज्ज्वल हुन्छ भनेर यतातिर लागेको हुँ।

**व्यवस्थापन समितिमा जाने रहर कसरी पलायो ?**

मलाई पाँच वर्षअघि अध्यक्षमा जित्नुभएका दाइले 'तिमी जस्तो मान्छे व्यवस्थापन समितिमा चाहिन्छ' भनेर सदस्यमा मनोनीत गर्नुभएको थियो। त्यसपछिको कार्यकालमा बसिनँ। तर त्यतिखेरको व्यवस्थापन समितिले चित्तदुख्ने काम गऱ्यो। प्लान नेपालले ४२ लाखको भवन, शौचालय बनाउन रकम दिएको थियो। व्यवस्थापन समितिका अध्यक्ष महेन्द्र मुखिया र प्रअ अजय सिंहबीचको विवादले सहयोग रकम गुम्यो। प्लान नेपालले उक्त रकम सौठा उच्च माविमा लगानी गऱ्यो। त्यही घटनाले मलाई व्यवस्थापन समितिमा आउने वातावरण सृजना गऱ्यो। पहिलाका अध्यक्षले ठूला-ठूला काम गर्छु भनेर घोषणा गरेका थिए। तर केही पनि गरेनन् र आएको रकम पनि गुमाए। त्यसपछि मलाई विद्यालयका लागि केही गर्ने 'इगो' जाग्यो र राम्रो काम गरेर देखाउँछु भनेर अध्यक्षमा उम्मेदवारी दिएँ र जितें पनि।

**अध्यक्षमा कसरी जित्नुभयो, प्रतिद्वन्द्वी को थिए ?**

बहुमत अभिभावकले मलाई मतदान गरे र विजयी बनाए। चुनावमा मेरा प्रत्यासी सद्भावनाबाट विसनदेव मण्डल, काङ्ग्रेसबाट हीरालाल मुखिया र मधेशी जनअधिकार फोरमका महेन्द्र मुखिया थिए।

**तपाईंको टिम कस्तो छ ?**

अत्यन्तै सहयोगी टिम छ। विद्यालयको विकासका लागि सदस्य र मेरो सिद्धान्तले पनि मेल खाएको छ।

**अध्यक्ष भएपछि स्कूलमा के के काम गर्नुभयो ? कत्तिको समय दिनुहुन्छ स्कूललाई ?**

म अध्यक्ष भएपछि विद्यालयको पक्की भवन बन्यो। विद्यालयको सुन्दरताका लागि परिसरभित्र फूलबारी बनायौं। विद्यालयभन्दा पूर्वपट्टि रहेको करिब ८ बिघा ऐलानी जमिन व्यक्तिहरूले कब्जा गरेका थिए। त्यो उनीहरूबाट खोसेर विद्यालयले उपभोग गर्ने वातावरण बनायौं। म विद्यालय बनाउनैका लागि अध्यक्ष भएकाले समय नदिने त कुरै भएन। त्यसका लागि रातदिन भन्दिनँ। म काठ मिस्त्री पनि हुँ। विद्यालयका लागि आफैंले फर्निचर बनाएँ। फर्निचर बनाउँदा एक पैसा ज्याला लिइनँ। पक्की भवनका झ्याल र ढोका सबै मैले नै बनाएको हुँ। त्यसमा चाहिँ आधा ज्याला लिएँ। के गर्ने पेट त भर्ने पऱ्यो।

**शिक्षक/प्रअसँग कस्तो सम्बन्ध छ ? शिक्षकका छोराछोरी कहाँ पढ्छन् ?**

प्रअसँग मात्र होइन, विद्यालयका सबै शिक्षक र कर्मचारीसँग मेरो सम्बन्ध राम्रो छ। स्कूलका सबै शिक्षक र कर्मचारीका बालबालिका विद्यालयका नियमित विद्यार्थी छन्। गाउँका केही बालबालिका निजी विद्यालयमा पढ्न जान्छन्। उनीहरूलाई पनि यही विद्यालयमा आकर्षित गर्ने वातावरण निर्माण गर्दैछु। हाम्रो विद्यालयमा पढ्ने छात्रा मात्र नभई छात्रलाई पनि पोशाकको नि:शुल्क व्यवस्था गरिएको छ। यसले विद्यार्थीलाई नियमित विद्यालय आउन प्रेरित गरेको छ।

**सबै शिक्षक मन लगाएर पढाउँछन् ? कुन शिक्षकले के विषय पढाउँछन् भन्ने थाहा छ ?**

विद्यालयमा दुई स्थायी दरबन्दीका सहित १२ शिक्षक र ७१८ विद्यार्थी छन्। त्यसमध्ये चार राहत दरबन्दी, एक विशेष कक्षा, एक बाल विकास र चार निजी स्रोतका छन्। निजी स्रोतका शिक्षकहरूले चार वर्षदेखि नि:शुल्क पढाइराखेका छन्। मेरो प्रत्येक दिन सबै शिक्षकसँग भेट हुन्छ। शिक्षकहरूले पढाए/नपढाएको निगरानी समितिले गर्छ। कुनै शिक्षकले बिदा लिए वा अपर्झट बाहिर जानुपरे सबै कक्षा 'इङ्गेज' गर्ने हिसाबले पालो मिलाएर जान शिक्षकहरूलाई आग्रह गरेका छौं। मलाई कुन शिक्षकले के पढाउँछन् भन्ने राम्रो हेक्का छैन, तर कक्षा खाली भएर विद्यार्थी बाहिर उफ्रिएको पाउँदा कुन शिक्षकले पढाएनन् भनेर सोधखोज चाहिँ गर्ने गरेको छु।

**पठनपाठन सुधार गर्न अरू के गर्नुभएको छ ?**

पठनपाठनको अनुगमन गर्न अभिभावकहरूको १५ सदस्यीय अनुगमन समिति गठन गरिएको छ। समितिले ५-५ जनाको टोली बनाएर पढाइ भए/नभएको निरीक्षण गर्दै आएको छ।

**शिक्षकहरूलाई सुझाव पनि दिनुहुन्छ ?**

कुरा उठ्दा पठनपाठनका सवालमा सुझाव नदिने कुरै भएन। समिति र शिक्षकबीच पटक-पटक कसरी गुणस्तरीय शिक्षा दिने भन्ने बारेमा छलफल पनि हुने गर्छ।

**स्कूल राम्रो पार्न के के गर्नुपर्दोरहेछ ?**

पार्टीको राजनीतिबाट मुक्त गराएर उपलब्ध आर्थिक अनुदान उचित रूपमा सदुपयोग गर्ने हो भने सामुदायिक विद्यालय साँच्चिकै अगाडि बढ्ने रहेछ भन्ने मेरो ठम्याइ छ। यसका लागि विद्यालय अभिभावक, राजनीतिक दल र व्यवस्थापन समिति एक हुनुको विकल्प म देख्दिनँ।

स्कूलको आम्दानीका स्रोत के छन् ?

विद्यालयको अतिरिक्त आम्दानी अहिले केही पनि छैन। एक वर्षअघिसम्म गाविसले तीन वटा पोखरी दिएको थियो। त्यसबाट वार्षिक ३० हजार रुपैयाँ आम्दानी हुन्थ्यो। त्यो पनि यसपालिदेखि गुम्यो। राजनीतिक दलको खिचातानी र दबाबका कारण गाविसले पोखरी फिर्ता लग्यो। पोहोर विद्यालयको बारीमा तरकारी खेती गरेर आर्थिक स्रोत जुटाउन पहल गर्‍यौं तर सफल हुन सकेन। तैपनि आयस्रोत बढाउन सर्वपक्षीय छलफल गरिरहेका छौं।

**शिक्षक भर्ना गर्न, ठेक्कापट्टा पाउन राजनीतिक दबाब कत्तिको आउँछ ?**

हाम्रो विद्यालयमा निजी स्रोतका शिक्षकहरूले चार वर्षदेखि नि:शुल्क पढाइरहेका छन्। त्यसैले होला; शिक्षक नियुक्तिमा दबाब आउँदैन। निर्माणको ठेक्कापट्टामा चाहिँ दबाब आउँछ। तर हामीले दबाब आए पनि सस्तोमा काम गर्नेलाई ठेक्का दिने गरेका छौं। काठको काम त म आफैं आधा ज्यालामा गर्ने भएकाले विवाद आउने नै भएन।

**दुई जना मात्र स्थायी शिक्षकबाट कसरी ८ कक्षासम्म पढाइराख्नुभएको छ ?**

हो, विद्यालयमा दुई जना मात्र स्थायी शिक्षक छन्। तर कक्षा ८ सम्मको पढाइलाई कुनै असर छैन। चारजना राहत दरबन्दी, एकजना विशेष कक्षा, एकजना बालविकास र चारजना निजी स्रोतका शिक्षकले धान्दै आएका छन्।

**चार वर्षदेखि नि:शुल्क पढाइरहेका शिक्षकहरूको श्रमशोषण भएन ?**

यसलाई त्यसरी बुझ्दिनुभएन। उनीहरूलाई प्रअलाई आउने दशैं पेस्की बापतको रकम दामासाही रूपले वर्षेपिच्छे ५ देखि ७ हजार रुपैयाँसम्म बाँड्ने गरेका छौं। यसबाट उहाँहरू सन्तुष्ट नै हुनुहुन्छ। विद्यालय उहाँहरूको पनि हो। उहाँहरूले विद्यालयको विकासका लागि आफ्नो कर्तव्य पूरा गरिरहनुभएको हो। निकट भविष्यमा विद्यालयलाई राहत दरबन्दी कोटा आउँछ। त्यो कोटामा सबैभन्दा पहिलादेखि काम गर्दै आएका शिक्षकलाई नियुक्ति दिने सहमति भएको छ।

**अरू विद्यालयका व्यवस्थापन समिति र तपाईंको समितिमा केही फरक पाउनुहुन्छ ?**



हाम्रो समितिले सबै काम सहमतिमा गर्दै आएको छ। त्यसैले सबै पक्षको सहयोग पनि पाएको छ। अन्य विद्यालयको समितिमा यस्तो वातावरण नहुन पनि सक्छ। हाम्रो समितिमा आर्थिक अनियमितता छैन, समितिको सबैभन्दा सबल पक्ष पनि यही हो।

पार्टीको राजनीतिबाट मुक्त गराएर उपलब्ध आर्थिक अनुदान उचित रूपमा सदुपयोग गर्ने हो भने सामुदायिक विद्यालय साँच्चिकै अगाडि बढ्ने रहेछ भन्ने मेरो ठम्याइ छ।

**थुप्रै स्कूलमा त व्यवस्थापन समितिका पदाधिकारीहरूले विद्यालयको साधनस्रोत हिनामिना गर्ने, प्रअलाई जथाभावी गर्न दबाब दिने गरेको सुनिन्छ। तपाईंकहाँ कस्तो छ ?**

चुनावका प्रत्यासी साथीहरूले धेरै कुरा गर्छन्। ठेक्कापट्टामा घुस खायो पनि भन्छन्। विद्यालयको भवन बनाउँदा निकासा भएको रकम त मैले आफ्नो नाममा बैंक खाता नखोली गाविस सचिव र हेडमास्टरको नाममा राखें। मलाई पैसामा लोभ छैन। म आफैं काठ मिस्त्री भएकाले जतिखेर विद्यालयको डेस्क बेञ्च भाँचियो त्यतिखेर नै नि:शुल्क बनाउँछु। म आर्थिक लेनदेनमा अगाडि बढ्दिनँ। नचाहिने काम गर्नुहुँदैन, चाहिने काममा डटेर लाग्नुपर्छ, सबैलाई कुरा बुझाएर र समेटेर जानुपर्छ भन्ने मेरो चाहना हो।

**तपाई आफैंले स्कूललाई केही दिनुभएको छ ?**

मैले विद्यालयलाई आफ्नो श्रम दिएको छु, परिवारलाई भन्दा बढी समय दिएको छु। विद्यालयका लागि म दिनरात भन्दिनँ।

**भविष्यको योजना के छ ?**

कक्षा बढ्दै जाँदा भवनको समस्या हुन्छ। यसका लागि आर्थिक स्रोत जुटाउन र विद्यालयलाई गुणस्तरयुक्त बनाउन आगामी दिनमा म पदीय दायित्वमा नरहे पनि सहयोग गर्नेछु।

# अलिकति आकर्षण घटाइदिऊँ

गुरुको आश्रममा गई विद्या अध्ययन गर्नुपर्ने गुरुकुल शिक्षा प्रणालीको वेला अर्थात् पौराणिक कालमा शिक्षा व्यवस्थापनको जिम्मा आश्रमलाई नै हुन्थ्यो। त्यसवेला शिक्षा राज्य नियन्त्रित थिएन। धर्म, संस्कृति र परम्पराद्वारा यो सञ्चालित हुन्थ्यो।

नेपालमा लिच्छविकाल र मल्लकालमा पनि राज्यले शिक्षालाई आफ्नो दायित्वभित्र लिएको थिएन। तत्कालीन समाजले आफ्नो आवश्यकता अनुसार शिक्षा आर्जनको जोहो मिलाउने गरेको देखिन्छ। राणाकालदेखि राज्यले शिक्षामा केही रुचि देखाउन थाल्यो। राणाकालमा स्थापित सबै शिक्षण संस्थाहरूको व्यवस्थापनको जिम्मा पूर्ण रूपले सरकारले लिएको थियो। त्यसवेलाका शिक्षण संस्थाहरू ब्रिटिश भारतमा सञ्चालित मेकालेद्वारा प्रतिपादित शिक्षा पद्धतिबाट प्रभावित थिए। मेकाले शिक्षा पद्धतिको उद्देश्य ब्रिटिश शासकहरूका लागि क्लर्क उत्पादन गर्नु भएजस्तै यहाँ सञ्चालित शिक्षाले त्यसवेलाका अड्डा/अदालतहरूका लागि कारिन्दा तयार पार्नुथियो।

२००७ सालको राजनीतिक परिवर्तनपछि धेरै ठाउँमा विद्यालयहरू स्थापना गरिए। पञ्चायतकालमा पनि विद्यालय स्थापना हुने काम द्रूतगतिमा भयो। यसरी त्यतिवेला सरकारले विद्यालयहरूको स्वीकृति दिने, नाममात्रको आर्थिक सहायता दिने र कहिलेकाहीं अनुगमन गर्ने काम मात्र गर्दथ्यो। विद्यालय सञ्चालनको सम्पूर्ण खर्च र व्यवस्थापनको काम स्थानीय समुदायवाट गठित सञ्चालक समितिले गर्दथ्यो। सञ्चालक समितिहरूले श्रमदान जुटाएर वा चन्दा उठाएर विद्यालयको भौतिक व्यवस्थापन गर्थे भने विद्यार्थीको शुल्कबाट वा सो अपुग भए चन्दा उठाएर शिक्षकहरूको तलब व्यहोर्ने काम गर्दथे। नयाँ शिक्षा योजना (२०२८-३२) लागू भएपछि परिस्थितिमा ठूलो परिवर्तन आयो। शिक्षकहरूको पूरै तलब सरकारले व्यहोर्न थाल्यो र विद्यालयको भौतिक पूर्वाधार निर्माणमा पनि केही हदसम्म सहयोग गर्न थाल्यो। यस्तो सहयोगसँगै सञ्चालक समितिको अवधारणामा पनि परिवर्तन आयो। र, यसलाई सहयोग समिति नामकरण गरी यसका अधिकार र कर्तव्यहरू सीमित पारियो।

तर नयाँ शिक्षा योजनाको मध्यावधि मूल्याङ्कनपछि पुन: विद्यालयको सञ्चालन, नियन्त्रण र रेखदेखको जिम्मेवारीसहित सञ्चालक समितिलाई ब्युँताउने काम भयो; जसको नाम विद्यालय व्यवस्थापन समिति राखियो। यो क्रम अद्यावधि चलिरहेको छ। २०५८ सालपछि विद्यालय व्यवस्थापन समिति चुनावबाट गठन गरिने व्यवस्था भएको छ। र, यसलाई अत्यन्त शक्तिशाली बनाउने प्रयास गरिएको छ। यस अवधिमा विद्यालय व्यवस्थापन समितिहरू धेरै ठाउँमा बद्नाम पनि भएका छन्। यता आएर विद्यालय व्यवस्थापन समितिमा थप विकृति र विसङ्गतिहरू उत्पन्न भएका छन्।

**सरकारी अनुदान नभएको वेला स्थानीय समुदायले सम्पूर्ण स्रोतसाधन जुटाएर विद्यालय सञ्चालन गर्दथे। त्यतिवेला उनीहरू वास्तविक सञ्चालक थिए। त्यसैले त्यतिवेलाका विद्यालयहरू राजनीतिबाट मुक्त थिए। अहिले परिस्थिति बदलिएको छ। केही अपवादलाई छोडेर हाम्रा सामुदायिक विद्यालयहरू राजनीतिकरण भएका छन्।**

## समिति र विकृति

- विद्यालय व्यवस्थापन समितिलाई बढी शक्तिशाली बनाइँदा अनेक विकृतिहरू मौलाएका छन्। जि.शि.का.ले कुनै शिक्षक सरुवा गर्न आवश्यक पर्दा वि.व्य.समितिको सहमति लिनुपर्ने, दुई जनाको पूर्ण सहमति हुँदासमेत पारस्परिक सरुवा गर्न पनि समितिलाई सोध्नुपर्ने; जि.शि.का.ले सरुवा गरेको शिक्षकलाई समितिले उपस्थित नगराई फर्काइदिने जस्ता कामहरू हुने गरेका छन्। रिक्त स्थानमा आफ्नो मान्छे भर्ना गर्नुपर्ने हुँदा जि.शि.का.ले सरुवा गरेर पठाएको व्यक्तिलाई फर्काउने गरिन्छ।
- विद्यालय व्यवस्थापन समितिको गठन चुनावबाट हुने भएपछि विद्यालयभित्र राजनीति सहजै पस्ने हुन्छ। समिति गठन गर्दा राजनीतिक दलहरूले आ-आफ्नो उम्मेदवार उठाउँछन् र उसलाई जिताउने प्रयास गर्दछन्। विजेता उम्मेदवार (पदाधिकारी) ले विद्यालयको स्वार्थभन्दा पनि आफ्नो पार्टीको स्वार्थलाई प्राथमिकता दिई काम गरेको पाइन्छ। यसले कुनै पार्टीविशेषको स्वार्थपूर्ति भए पनि विद्यालयको भलाइ हुन सक्दैन।
- केही व्यक्तिहरू साम-दाम-दण्ड-भेद जेसुकै उपाय गरेर भए पनि अथवा नक्कली अभिभावकको रूपमा भए पनि विद्यालय व्यवस्थापन समितिभित्र छिर्ने प्रयास गर्दछन्। त्यस्ता व्यक्ति विद्यालयमा खासै योगदान गर्ने उद्देश्यका लागि नभई विद्यालयमा प्रभुत्व कायम गर्न अथवा केही आर्थिक आर्जनका उद्देश्यले समितिभित्र पस्न खोज्दछन्।
- वर्तमान ऐन-नियमले विद्यालय व्यवस्थान समितिलाई अस्थायी शिक्षक भर्नाको अधिकार पनि दिएको छ। फलत: आफ्नो छोरा, भतिजा वा नातेदारलाई शिक्षक पदमा भर्ना गर्नका लागि पनि समितिमा पदाधिकारी बन्ने आकर्षण बढेको छ। सरकारले लामो समयदेखि स्थायी पदपूर्तिको विज्ञापन नै नगर्ने, गरे पनि परीक्षा नभइदिने, परीक्षा भएछ भने पनि लामो समयसम्म रिजल्ट नभइदिने देशको परस्थितिका कारण एकपटक अस्थायी नै भएपनि आफ्नो मान्छे शिक्षकमा नियुक्त गर्न सकियो भने वर्षौंसम्म टिक्न सक्ने र फेरि कार्यरत शिक्षक स्वत: स्थायी हुने सम्भावना पनि रहने

देशको परिस्थिति भएको हुँदा यस्तो विकृतिलाई मलजल मिलेको छ। नयाँ शिक्षक नियुक्त हुँदा वा सरुवाबाट पूर्ति गर्दा समेत विद्यालयको विषयगत खाँचोलाई ध्यानमा राखी गर्नुपर्नेमा विषयगत र 'राम्रो' मानिसको ठाउँमा 'हाम्रो' मानिस भए पुग्ने भएको छ। दरबन्दी मिलान र विषय मिलानको जिम्मा पाएको जि.शि.का.ले पनि विभिन्न दबाबमा आएर जथाभावी सहमति दिने गरेको पाइन्छ। यस्तो अवस्थामा राम्रो शैक्षिक उपलब्धिको अपेक्षा कसरी गर्ने ?

सरकारी अनुदान नभएको वेला स्थानीय समुदायले सम्पूर्ण स्रोतसाधन जुटाएर विद्यालय सञ्चालन गर्दथे। त्यतिवेला उनीहरू वास्तविक सञ्चालक थिए। त्यसैले त्यतिवेलाका विद्यालयहरू राजनीतिबाट मुक्त थिए। त्यहाँ विशुद्ध शैक्षिक वातावरण थियो। अहिले परिस्थिति बदलिएको छ। केही अपवादलाई छोडेर हाम्रा सामुदायिक विद्यालयहरू राजनीतिकरण भएका छन्। यसले शैक्षिक वातावरण प्रभावित भएको छ। शहरी क्षेत्रहरूमा विद्यार्थीको चाप सामुदायिक विद्यालयहरू भन्दा निजी विद्यालयहरूतर्फ बढ्दो छ।

## विकृति हटाउने उपाय

- विद्यालयमा राजनीति भित्र्याउने एउटा माध्यम विद्यालय व्यवस्थापन समितिको चुनाव हुन गएको छ। जस्तै कि माथि उल्लेख गरिएको छ। तसर्थ विद्यमान ऐन-नियममा संशोधन गरी चुनावबाट विद्यालय समिति गठन गरिने प्रावधान खारेज गरिनुपर्दछ। विद्यालय व्यवस्थापन समिति गठन गर्दा विद्यालयको अभिलेख हेरी विद्यालयका संस्थापक, चन्दादाता र प्रतिष्ठित अभिभावकमध्येबाट तीनदेखि पाँच जनासम्मको नाम जिल्ला शिक्षा समितिमा सिफारिस गरी पठाउने र जि.शि. समितिले त्यसै सूचीबाट एकजनाको नाम अध्यक्षको रूपमा मनोनीत गर्ने व्यवस्था उपयुक्त हुने देखिन्छ। नामहरू सिफारिस गर्दा सक्रिय राजनीतिमा नलागेको र कुनै पार्टीको पद नलिएको व्यक्ति हुनसकेमा वेश हुनेछ।
- विद्यालय व्यवस्थापन समितिको ठाउँमा केही सीमित अधिकार सहित विद्यालय सहयोग समितिको व्यवस्था गरिनु अझ उपयुक्त हुनेछ। यो किन पनि भने, आज सामुदायिक विद्यालयहरूमा शिक्षकको सम्पूर्ण तलब लगायत धेरैजसो व्ययभार सरकारले व्यहोर्ने गरेको छ। यो अवस्थामा स्थानीय समुदायलाई सम्पूर्ण व्यवस्थापकको रूपमा नभई सहयोगीको भूमिकामा राख्नु नै उपयुक्त हुन्छ। सरकारबाट प्राप्त हुने स्रोत बाहेक विद्यालयलाई उसको सम्पूर्ण आवश्यकता पूर्तिको लागि थप केही स्रोतसाधन आवश्यक हुन्छ। त्यस्तो आवश्यकताको पूर्ति सहयोग समितिले गर्न सक्छ।
- सीमित अधिकार प्राप्त सहयोग समिति भएपछि फोस्रो प्रभुत्व र आर्थिक प्रलोभनका कुराहरू न्यून हुँदै जानेछन्। त्यसपछि समितिमा अहिलेको जस्तो भयङ्कर आकर्षण रहने छैन।
- शिक्षक भर्ना गर्ने अधिकार पनि सहयोग समितिलाई दिइनुहुँदैन। यसले समितिप्रतिको आकर्षण अरू कम गराउँछ।
- विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सहयोग समितिमा परिणत गरी यसलाई अधिकारविहीन बनाउँदा यसतर्फ जनसमुदायको आकर्षण शून्य पनि हुनसक्छ। त्यसकारण यस समितिलाई हालको जस्तो न आकर्षणको केन्द्र बनाउनुपर्छ न आकर्षण शून्य नै। शिक्षा ऐन नियमहरूले विद्यालय सहयोग समितिलाई प्रदान गरिने केही अधिकारका साथै उसका कर्तव्यहरूको पनि स्पष्ट उल्लेख गरिदिनुपर्दछ।
- अमेरिकी दैनिक *द लेजर* को सम्पादकीय (*शिक्षक* मासिक, मङ्सिर, २०६७, पृ. २१) मा उल्लेख गरिए जस्तै विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई कम्तीमा महिनाको तीन दिन विद्यालयको कक्षाकोठामा गई विद्यार्थीहरूलाई पढाउन लगाउने भन्ने कुरा नेपालको सन्दर्भमा व्यावहारिक हुने छैन। तथापि उक्त अखबारले विद्यालय व्यवस्थापन समितिको अधिकारभन्दा कर्तव्यलाई केन्द्रबिन्दुमा राख्न खोजेको कुरा स्पष्ट छ। यो अवधारणा सराहनीय छ। आफ्ना छोराछोरी पढिरहेको विद्यालयबारे अभिभावकले चासो राख्नु स्वाभाविक हुन्छ। त्यहाँ पढाइ कस्तो भइरहेको छ ? विद्यार्थीका समस्या के छन् ? शिक्षकका समस्या के छन्? विद्यालयको भौतिक पूर्वाधारको अवस्था कस्तो छ, आर्थिक अवस्था कस्तो छ ? आदिबारे अभिभावक र स्थानीय जनसमुदायले जानकारी प्राप्त गर्नु उनीहरूको अधिकार हो। साथै विद्यालयको सुधार र उन्नतिका लागि उसका कमी-कमजोरीहरू औंल्याउनु र रचनात्मक सहयोग गर्नु उनीहरूको कर्तव्य हुन आउँछ।

**विद्यालय व्यवस्थापन समिति गठन गर्दा विद्यालयको अभिलेख हेरी विद्यालयका संस्थापक, चन्दादाता र प्रतिष्ठित अभिभावकमध्येबाट तीनदेखि पाँच जनासम्मको नाम जिल्ला शिक्षा समितिमा सिफारिस गरी पठाउने र जि.शि. समितिले त्यसै सूचीबाट एकजनाको नाम अध्यक्षको रूपमा मनोनीत गर्ने व्यवस्था उपयुक्त हुने देखिन्छ।**

विद्यालय सहयोग समितिका पदाधिकारीहरूले कक्षाकोठामा गई विद्यार्थीहरूलाई पढाउन सक्ने, नमुना पाठ प्रदर्शन गर्न सक्ने र शिक्षण सिकाइ कार्यको अनुगमन र मूल्याङ्कन गर्न सक्ने व्यक्तिहरू पाउन हाम्रो देशको परिस्थितिमा कमै सम्भव हुन्छ; तर विद्यालयमा पढाइ बाहेक पनि धेरै रचनात्मक कार्यहरू सञ्चालन गर्नुपर्ने हुन्छ। विद्यालय भवन वा थप कक्षाकोठा, घेरा पर्खाल, शौचालय निर्माण, खानेपानी, सरसफाई, खेलमैदान बनाउने, बिजुली जडान आदि कामको लागि दक्ष तथा अर्द्धदक्ष जनशक्तिको आवश्यकता पर्दछ। यी कामहरूको एउटा सूची बनाउने र विद्यालय सहयोग समिति गठन गर्दा कुन व्यक्तिलाई कुन काममा सहयोग पुग्ने उद्देश्यले समितिमा मनोनीत गर्ने भनी निर्णय गर्न सकिन्छ। यस्ता कुरालाई प्रचलित ऐननियमद्वारा व्यवस्थित गर्न सकेमा विद्यालय सहयोग समिति साँच्चिकै सहयोगी समिति हुनेछ र यो समिति अधिकारमुखी नभएर कर्तव्यमुखी बन्नेछ। अनि विद्यालयको र समग्र समाजको उन्नति सुनिश्चित हुनेछ।

**इन्द्रराज बडु**
सेवा निवृत्त प्रधानाध्यापक
महेन्द्रनगर, कञ्चनपुर

# समाधान : सहभागितामूलक समिति

सामुदायिक विद्यालयलाई प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई प्रत्येक महिनामा केही दिन (कम्तीमा तीन दिन) विद्यालयको काम गर्नुपर्ने बाध्यकारी नियम बनाउने हो भने विद्यालय व्यवस्थापन समितिप्रतिको अहिलेको जस्तो घातक र प्रदूषित आकर्षण कम हुँदै जानसक्छ र असल, निस्वार्थी समाजसेवी तथा अभिभावकहरू विद्यालयप्रति योगदान पुऱ्याउने उद्देश्यले आकर्षित हुन्छन् । विद्यालयको हितमा कुनै प्रकारको योगदान दिन नसक्ने पदाधिकारीहरूलाई विद्यालय व्यवस्थापन समितिबाट तुरुन्त हटाउने कानुनी व्यवस्था गर्नु ठीकै हुन्छ । विद्यालयको हित विपरीत काम गरेको भएमा त त्यस्ता पदाधिकारीहरूलाई कानुनी रूपले समितिबाट हटाएर मात्र पुग्दैन । उसलाई गल्ती र बदमासी अनुसारको सजायको कानुनी व्यवस्था अनिवार्य गरिनुपर्छ । साथै समितिमा बसेर राम्रो काम गर्ने पदाधिकारीहरूलाई उचित पुरस्कार र सम्मानको व्यवस्था पनि कानुनी रूपमै स्थापित गरेमा विद्यालयको प्रभावकारिता बढ्न सक्ने देखिन्छ । असल र लगनशील वास्तविक सरोकारवालाहरूलाई समितिमा समावेश गर्ने हो भने विद्यालयसँग सम्बन्धित धेरै समस्याहरू कम हुँदै जान सक्छन् । विद्यालयलाई उत्कृष्ट स्थान र विद्यार्थीहरूलाई सक्षम बनाउने हो भने अभिभावकलाई सम्पूर्ण निर्णय प्रक्रियामा सहभागी गराउनुपर्छ । साथै विद्यालय व्यवस्थापन समिति नैतिकवान र सक्षम हुनुपर्दछ । समितिमा इमानदार र प्रजातान्त्रिक मूल्य-मान्यता भएका व्यक्तिहरू रहनुपर्छ जसले बाह्य दबाबका भरमा काम नगरुन् र अधिनायकवादी पनि नबनुन् । समिति प्रजातान्त्रिक अभ्यासको थलो बन्न सक्नुपर्छ । समाजको विविधतालाई ग्रहण र समन्वय गर्न सक्ने हुनुपर्छ ।

**विद्यालय र समुदायबीचको सम्बन्ध फितलो बनेका कारणले नै अहिले सामुदायिक विद्यालयहरू कमजोर बन्दै गइरहेका हुन् । सहभागितामूलक प्रक्रियाबाट गठन हुने समितिले वास्तविक सरोकारवालाहरूलाई सक्रिय बनाई विद्यालय र समुदायबीचको सम्बन्धलाई बलियो बनाउन सक्छ भन्ने कुरा अध्ययनहरूले पनि देखाएका छन् र मेरो मान्यता पनि यही रहेको छ ।**

विद्यालयको सफलता प्रभावकारी व्यवस्थापनमा भर पर्छ । विद्यालय व्यवस्थापनको नेतृत्वदायी स्थितिमा रहेका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरू सबैको साझा चासोको विषय नै उच्चतम विद्यार्थी उपलब्धि सम्भव गराउन अन्तरनिर्भरताको वातावरण निर्माण गर्नु हो । विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउनु भनेको द्वन्द्व र सङ्क्रमणको व्यवस्थापन गर्न सक्नु हो । यसका लागि सक्रिय र प्रभावकारी विद्यालय व्यवस्थापन समितिको निर्माण गर्न सक्नुपर्छ । अहिले जस्तो समितिको अध्यक्ष र सदस्य-सचिव (प्र.अ.) ले मनलाग्दो काम गर्ने स्थिति रहनुहुँदैन । विद्यालयसँग सम्बन्धित कुनै पनि निर्णय प्रक्रियामा सबै पदाधिकारीहरूको समान हिस्सा हुनुपर्छ । समितिले गर्ने सबै प्रकारका निर्णयहरू सर्वसम्मत हुनुपर्छ । यो तरिका अपनाउँदा निर्णयहरू पारदर्शी बन्दै जाने संस्कारको विकास हुँदै जान्छ ।

विद्यालय व्यवस्थापन समितिको कामको अनुगमन गर्ने भरपर्दो निकाय हुनुपर्दछ । अहिलेको अनुगमन प्रक्रिया प्रभावकारी छैन । बरु स्रोतकेन्द्रस्तरीय अनुगमन संयन्त्र निर्माण गर्नु तुलनात्मक रूपले राम्रो हुन्छ । व्यवस्थापन समितिमा वास्तविक सरोकारवालाहरूको बाहुल्य कायम गर्दै विद्यार्थी प्रतिनिधि समेतलाई अनिवार्य समावेश गर्ने व्यवस्था गर्नु राम्रो हुन्छ, जुन व्यवस्था अहिले छैन । समितिका सबै पदाधिकारीहरूलाई सम्पूर्ण शैक्षिक क्रियाकलापमा सहभागी गराउनुका साथै आवश्यक भत्ताको समेत व्यवस्था गर्नु प्रभावकारी हुन्छ । समितिको प्रभावकारितामा प्रधानाध्यापकको महत्त्वपूर्ण भूमिका रहने हुनाले शैक्षिक नेतृत्व र व्यवस्थापकीय सीप भएको इमानदार र योग्य व्यक्तिलाई खुल्ला प्रतिस्पर्धाबाट प्रअ छनोट गर्न सक्नुपर्छ । समितिको मुख्य अभिप्राय नै विद्यालय व्यवस्थापनलाई सक्षम र प्रभावकारी बनाई गुणात्मक शिक्षाको वृद्धि गर्ने हुनुपर्छ ।

विद्यालय व्यवस्थापन सम्बन्धी सैद्धान्तिक अवधारणालाई हेर्दा विश्वकै शिक्षा प्रणालीमा स्थानीय सामाजिक कार्यकर्ता, विद्यालय संस्थापक, अभिभावक तथा चन्दादाताहरूलाई समितिमा समावेश गर्ने कुनै न कुनै संरचनाको निर्माण गरेको पाइन्छ । यस्ता संरचनाहरू निर्माण गर्दा मुख्यतः निम्न तीनवटा प्रक्रियाहरू प्रयोगमा आएका देखिन्छन्:

### कर्मचारीतन्त्रमा आधारित प्रक्रिया

यो प्रक्रियाको सैद्धान्तिक मान्यता, सार्वजनिक वस्तु र सेवाको रेखदेख र नियन्त्रण सरकारबाट हुनुपर्छ भन्ने देखिन्छ । यस अनुसार मुलुकको सम्पूर्ण शिक्षाको दायित्व शिक्षा मन्त्रालयको भएकाले विद्यालय सञ्चालनका लागि बन्ने सबै प्रकारका समितिहरूको नेतृत्व स्वतः शिक्षा मन्त्रालयले वा यस मातहतका निकायहरूले गर्नुपर्छ भन्ने हुन्छ ।

### राजनीतिक प्रक्रिया

यो अवधारणाको सैद्धान्तिक मान्यता के हो भने शिक्षा, स्वास्थ्य, सुरक्षा जस्ता जनजीविकाका आधारभूत पक्षहरूमा प्रजातान्त्रिक प्रक्रियाबाट स्थापना भएका निकाय वा प्रतिनिधिहरूको नियन्त्रण र प्रभाव रहनुपर्छ । अर्थात् स्थानीयस्तरमा रहेका संघसंस्थाहरूको सञ्चालन र रेखदेख स्थानीय राजनीतिक निकायबाट हुनुपर्छ । त्यसैले स्थानीय सरकारलाई विद्यालय व्यवस्थापन समितिको गठन गर्ने अधिकार दिनुपर्छ ।


### सहभागितामूलक वा प्रजातान्त्रिक प्रक्रिया

यता आएर यस प्रक्रियाको महत्त्व बढ्दै गएको छ । यसको मुख्य सैद्धान्तिक मान्यता, कुनै पनि विद्यालयको उन्नति र अवनतिसँग प्रत्यक्ष सरोकार राख्ने पक्ष भनेका अभिभावकहरू हुन् । त्यसैले विद्यालय व्यवस्थापन समितिको गठन स्वयम् अभिभावकहरूले नै प्रजातान्त्रिक प्रक्रियाबाट गर्न पाउनुपर्छ । कर्मचारीतन्त्र र राजनीतिक प्रक्रियाबाट गठन हुने समितिले विद्यालयका वास्तविक उपभोक्ता वा बाबुआमाको हितलाई ध्यान दिँदैन ।

नेपालको शिक्षा ऐन तथा नियमावलीका संशोधनहरूले विव्य समितिको गठनमा प्राय: माथिका तीनवटै प्रक्रिया अपनाउन खोजेको देखिन्छ । त्यसमध्ये कर्मचारीतन्त्र र राजनीतिक प्रक्रियाको अभ्यास बढी भएको पाइन्छ । समितिको गठन कर्मचारीतन्त्र वा राजनीतिक प्रक्रियामा कुनबाट गर्ने भन्ने कुरा केन्द्रीकरण र विकेन्द्रीकरणबीचको तानातानको अवस्था हो । समितिहरूमा देखापरेको अति राजनीतिकरणले विकेन्द्रित प्रशासनको अवधारणामा प्रश्न उठाइदियो भने कर्मचारीतन्त्र निष्पक्ष हुन सक्दैन भन्ने कुरा त्यसअघि नै देखिएको हो । यथार्थमा यी दुवै प्रक्रियाले विद्यालयका वास्तविक सरोकारवालाहरूलाई कमजोर र स्वार्थी तत्वलाई प्रोत्साहन गरेको अवस्था छ । अर्थात् हाम्रो सन्दर्भमा यी दुवै प्रक्रिया असफल भए ।

त्यसैले अब सधैँका लागि समितिको गठनको राजनीतिक तानातानको स्थिति अन्त्य गरी प्रभावकारी विद्यालय व्यवस्थापनका लागि सहभागितामूलक प्रक्रियाको बारेमा विचार गर्नुपर्ने भएको छ । यसनिम्ति सर्वप्रथम अभिभावकहरूको सही पहिचानका लागि शिक्षा नियमावलीमै वास्तविक अभिभावकको पुन: परिभाषा गर्नु जरुरी छ । विद्यार्थीको खर्च वहन गर्ने अर्थात् संरक्षण दिने नाममा जो-कोही व्यक्ति नक्कली अभिभावक बन्न सक्ने अहिलेको अवस्था रहनुहुँदैन । व्यवस्थापन, जनप्रशासन र विकेन्द्रीकरणका नयाँ सिद्धान्तहरूले पनि वास्तविक उपभोक्ताहरूलाई उच्च स्थान दिनुपर्ने कुरामा जोड दिएका छन् । नेपालको शैक्षिक इतिहासलाई हेर्दा पनि अधिकांश विद्यालयहरू स्थानीय जनसमुदायद्वारा नै स्थापित र व्यवस्थित भएका पाइन्छन् । विद्यालय र समुदायबीचको सम्बन्ध फितलो बनेका कारणले नै अहिले सामुदायिक विद्यालयहरू कमजोर बन्दै गइरहेका हुन् । सहभागितामूलक प्रक्रियाबाट गठन हुने समितिले वास्तविक सरोकारवालाहरूलाई सक्रिय बनाई विद्यालय र समुदायबीचको सम्बन्धलाई बलियो बनाउन सक्छ भन्ने कुरा अध्ययनहरूले पनि देखाएका छन् र मेरो मान्यता पनि यही रहेको छ ।

**भवानीप्रसाद मैनाली**
ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज, पर्सा



# आदर्श व्यवस्थापनका १० आधार

नेपालका सामुदायिक विद्यालयहरू भयावह दुरवस्थातिर धकेलिँदैछन् । सामुदायिक विद्यालय सङ्कटग्रस्त बन्दै जानुका पछाडि अनेकौं कारणहरू रहेका छन् । तीमध्येको एउटा महत्त्वपूर्ण कारकतत्त्व 'विकराल बन्दै गएको विद्यालय व्यवस्थापन समितिसम्बन्धी समस्या' हो । यो समस्याबाट नेपाल जस्तो विपन्न अवस्थामा रहेको मुलुक मात्र होइन अमेरिका जस्तो सर्वाङ्गीण समृद्धि हासिल गरेको देश पनि अछुतो रहेनछ भन्ने कुरा 'द लेजर' को सम्पादकीयले बताउँछ । त्यस सम्पादकीयमा अभिव्यक्त विचारहरू हाम्रो देशको सन्दर्भमा काम लाग्ने खालका छन् । वि.व्य.स.मा चुस्त, कार्यकुशल, सिर्जनशील र नवीन दृष्टिकोणसहितका इमानदार व्यक्तिहरूलाई छनोट गर्दा शिक्षाजगतका अनेकौं विसङ्गतिहरू हल हुँदै जाने कुरामा दुईमत छैन ।

अरु वि.व्य.स.को दायित्व र योग्यता के हुने भन्ने विषयमा अहिलेको स्थितिमा नयाँ ढङ्गले विचारविमर्श हुनु आवश्यक छ । यस विषयमा मेरा केही विचार र सुझावहरू यसप्रकार छन्:

**पहिलो कुरा;** स्कूललाई हरेक पक्षबाट समृद्ध बनाउन विद्यालय व्यवस्थापन समितिको सर्वोपरि भूमिका रहेको हुन्छ । त्यसैले विद्यालयलाई ज्ञान आर्जनको सुन्दर थलो बनाउने हो भने समुदायभित्रकै कुशल मानिसहरू जो ज्ञानमा कुशल, सीपमा कुशल, समाजसेवामा कुशल, व्यवस्थापनमा कुशल र इमानदार छन् उनीहरूलाई छनोट गर्नुपर्छ ।

**दोस्रो कुरा;** दलीय राजनीतिको साँघुरो स्वार्थबाट माथि उठेका व्यक्तिहरू मात्र वि.व्य.स.को टिममा आउनुपर्छ । विद्यालय पार्टीगत आग्रह, पूर्वाग्रहको खेलखोर गर्ने क्षेत्र बन्नुहुँदैन । त्यसैले पार्टीमा लागे पनि विद्यालयको काम चाहिँ पार्टीभन्दा माथि उठेको चेतनाले गर्नुपर्छ । एउटा विद्यालयमा अनेकौं पार्टीमा आवद्ध अभिभावकका छोराछोरीहरू पढ्न आएका हुन्छन् र त्यहाँ अनेकौं विचार र आदर्शमा रहेका शिक्षकहरू हुन्छन् । वि.व्य.स.मा यी सबैलाई समेट्न सक्ने र सबैको विचार र भावनालाई सम्मान गर्ने व्यक्तिहरू हुनुपर्दछ ।

**तेस्रो कुरा;** अहिले विद्यालयमा उठान भएका समस्या ठीक ढङ्गले हल हुन नसक्नुमा वि.व्य.स.का पदाधिकारीको अयोग्यता पनि एउटा कारण हो । त्यसैले अब शिक्षा ऐन तथा नियमावलीमै स्पष्टता साथ अध्यक्ष र सदस्यको शैक्षिक योग्यता किटान हुनुपर्छ । उमाविको हकमा स्नातक, माविको हकमा प्रमाणपत्र तह र निमाविको हकमा एसएलसी पास व्यक्ति वि.व्य.स. को अध्यक्षमा चयन हुने व्यवस्था हुनुपर्छ । अनि मात्र विद्यालय जस्तो प्राज्ञिक थलोमा व्यवस्थापनको काम राम्रो हुनसक्छ ।

**चौथो कुरा;** चुनावी प्रक्रियाबाट वि.व्य.स.को चयन गर्ने कुराले अनेकौं विकृतिहरू ल्याएको छ । २०५४ सालपछि स्थानीय निकायको चुनाव भएको छैन । फलत: १२-१४ वर्षदेखि चुनावमा उठ्न र भ्रष्टाचार गर्न रुखिएका मानिसहरू वि.व्य.स., वन समिति, विभिन्न विकास निर्माणका उपभोक्ता समितिको अध्यक्ष, उपाध्यक्ष बन्न तँछाडमछाड गरेर लागिपरेका छन् । साथै वि.व्य.स. कुन पार्टीले कब्जा गर्ने भन्ने होडबाजी पनि गाउँघरमा हुर्किँदैछ । यो अस्वस्थ खेललाई समाप्त गरी विद्यालयलाई ज्ञान र विवेकको खेतीघर बनाउनको लागि निश्चित योग्यता पुगेका व्यक्तिहरूलाई विद्यालय कसरी राम्रो बनाउने ? विद्यालयलाई सुधार गर्ने विषयमा तपाईंसित के योजना/परियोजना छन ? त्यसलाई प्राप्ति गर्ने के विधिहरू छन् भन्ने विषयमा प्रस्तावना र कार्ययोजना प्रस्तुत गर्न लगाएर त्यसको आधारमा वि.व्य.स.को अध्यक्ष छानिनुपर्छ । बरु विद्यालयमा खटेबापत राज्यबाट उसलाई भत्ता या पारिश्रमिकको व्यवस्था गरिनुपर्दछ ।

**पाचौं कुरा;** वि.व्य.स.का सदस्यहरूमा स्थानीय क्षेत्रमा रहेका दक्ष जनशक्ति जो सीपमूलक कार्यहरू गर्दछन्, तिनलाई सामेल गर्नुपर्छ । यसभित्र गारो लगाउन जान्ने डकर्मी, काठको काम गर्ने सिकर्मी, प्लम्बर, च्यामे, माली, स्रष्टा, योजनाविद्,

# सामुदायिकीकरण हो समाधान

अमेरिका र नेपालको शिक्षामा एउटा समानता छ; दुवै देशको शैक्षिक अवस्था खस्कँदो छ- पहिलेको तुलनामा । फरक के छ भने अमेरिकाको शैक्षिक अवस्था सङ्ख्यात्मक र गुणात्मक दुवै हिसाबले खस्कँदो छ भने नेपालमा चाहिँ गुणात्मक हिसाबले मात्र खस्कँदो छ । अर्को समानता के पनि छ भने अमेरिका र नेपालमा दुवै देशमा निजी र शैक्षिक गरी दुई खालको विद्यालय शिक्षा प्रचलनमा छ । अर्को फरक अमेरिकी राष्ट्रपति बाराक ओबामाको प्रशासनले सार्वजनिक स्कूलमा राज्यले लगानी बढाउँदैछ र शिक्षालाई लिएर सिङ्गो देश चिन्तित छ । तर नेपालमा भने यसबारेमा विरलै चर्चा हुन्छ, राजनीति र सरकारी तहमा ।

पोषणविद्, जडीबुटी औषधिविद्, खेलकुद विज्ञ आदि पर्न सक्छन्। यसो हुँदा कुनै न कुनै तवरले विद्यालयको हितमा उनीहरूले आ-आफ्नो दक्षता, सीप र विज्ञता अनुरूप योगदान पुऱ्याउन सक्दछन्।

**छैटौं कुरा;** वि.व्य.स.मा स्थानीय समाजको संरचना र त्यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, भौगोलिक पक्षमा गहिरो ज्ञान भएका मानिसको बाहुल्य हुनुपर्दछ। साथै उनीहरूमा विद्यालयको प्रत्येक कार्यक्रमलाई समन्वयात्मक अनुगमन गर्ने सीप र योग्यता हुनुपर्दछ।

**सातौं कुरा;** तोड्ने होइन जोड्ने, फुटाउने होइन जुटाउने चिन्तनका व्यक्तिहरू वि.व्य.स. सदस्य बन्नुपर्दछ। कुरालाई होइन कामलाई, क्रोधलाई होइन करुणालाई; बल मिच्याइँलाई भन्दा विवेकलाई, 'मसल'लाई भन्दा मस्तिष्कलाई जोड दिने र विद्यालयलाई निश्चित समय दिन प्रतिबद्ध मानिसलाई मात्र स्थान दिइनुपर्दछ।

**आठौं कुरा;** आर्थिक तथा नैतिक रूपमा दुर्नाम भ्रष्ट मानिसलाई वि.व्य.स.मा जान निषेध गरिनुपर्दछ। हाम्रो समाजमा गा.वि.स., जि.वि.स., खानेपानी सिंचाई, वन समिति, बाटोघाटोमा भ्रष्टाचार गर्ने मान्छे काफी छन्, ती मान्छेहरू हमेसा स्रोतसाधन भएको स्कूल आफ्नो गाउँघरमा छ भने त्यसको पनि पदाधिकारी हुन हत्ते हाल्छन्। उनीहरू सफा नियतले भन्दा पनि कुत्सित मनसायले स्कूल जस्तो पवित्र संस्थामा घुस्न खोज्छन्। त्यस्ता मानिसलाई कानुन बनाएर कडाइका साथ विद्यालय जस्तो पवित्र संस्थामा पस्न दिनुहुँदैन। फेरि हाम्रो समाजमा आफ्नो स्वार्थपूर्ति गर्नका लागि आफ्ना छोराछोरी निजी स्कूलमा पढे पनि घरमा भाँडा माझ्न, नानी हेर्न; गोठालो राखेको वा कुनै आफन्तको छोराछोरीको नाम लेखाइदिएर अभिभावक बनिटोपलेका हुन्छन्। यस्ता फर्जी अभिभावक बनेर वि.व्य.स.को अध्यक्ष सदस्य बनेका धेरै मानिसहरू छन्। त्यस्ता भ्रष्ट मति बोकेर वि.व्य.स. जान खोज्ने व्यक्तिलाई त्यहाँ जानै नपाउने गरी कानुनी छेकवार राखिनुपर्दछ।

**नवौं कुरा;** अधिकार र कर्तव्यबीचको सम्बन्धलाई अन्योन्याश्रित रूपमा बुझ्ने मानिस मात्र वि.व्य.स.को पदाधिकारी बनाउनुपर्दछ। अहिलेको आम प्रवृत्ति अधिकारलाई मात्र एकाङ्गी रूपमा बुझ्ने र कर्तव्यलाई बिर्सिदिने छ। अधिकार र कर्तव्य एउटै सिक्काका दुइटा पाटाहरू हुन् भन्ने नबुझेका मानिस वि.व्य.स.को अध्यक्ष/सदस्य हुनु भनेको विद्यालय सर्वनाशको बाटोतिर जानु हो। कर्तव्यको ख्याल नगरी अधिकार मात्र प्रयोग गर्न खोज्नेले 'हामी शिक्षक हकार्ने मालिक हौँ' भन्ने बुझेका हुन्छन्। अधिकार प्रयोग गर्ने कतिपय कुरामा हामी मालिक भए पनि कतिपय कुरामा हामी माली हौँ अर्थात् विद्यालयका सेवक हौँ, हामीले राम्रोसित आफ्नो दायित्व वा कर्तव्य निर्वाह गर्नुपर्दछ। अनि मात्र हामीलाई विद्यालयको अन्य अधिकार प्रयोग गर्ने हक हुन्छ भन्ने कुरा बुझ्नुपर्दछ। अधिकार र कर्तव्यको समन्वयात्मक भूमिका बुझेको र दुईटै चिजको मर्म बुझेर अगाडि बढ्ने व्यक्ति हुनुपर्दछ।

> **२०५४ सालपछि स्थानीय निकायको चुनाव भएको छैन। फलतः १२-१४ वर्षदेखि चुनावमा उठ्न र भ्रष्टाचार गर्न रुखिएका मानिसहरू वि.व्य.स., वन समिति, विभिन्न विकास निर्माणका उपभोक्ता समितिको अध्यक्ष, उपाध्यक्ष बन्न तँछाडमछाड गरेर लागिपरेका छन्। साथै वि.व्य.स. कुन पार्टीले कब्जा गर्ने भन्ने होडबाजी पनि गाउँघरमा हुर्किँदैछ।**

**दशौं कुरा;** वि.व्य.स.का सदस्यमा लिने भन्दा दिने भाव प्रबल हुनुपर्दछ। एउटा कुचो बाटेरै किन नहोस्, एउटा कुर्सी, पटाहा, चकटी नै किन नहोस्, एउटा कलम, ऐना नै किन नहोस्, एउटा गतिलो पुस्तक, कालोपाटी नै किन नहोस्, एउटा भित्तेघडी, काइँयो या अन्य चिज किन नहोस् स्कूलमा केही न केही दिनुपर्छ र स्कूललाई समृद्ध बनाउनुपर्छ भन्ने विचारले लैश भई केही न केही दिएर समाजका आम मानिसको दिल दिमागमा दिने संस्कार र चेतनाको बीजारोपण गर्ने मानिस वि.व्य.स.मा जानुपर्दछ।

आधारभूत रूपमा माथि उल्लिखित यिनै दश शर्त पूरा गर्ने व्यक्तिहरूको जमात विद्यालय व्यवस्थापन समितिमा पुग्न सक्दा विद्यालयको कायापलट हुने बाटो खुल्दछ। 📖

**पुन्य कार्की**
ज.उ.मा.वि., चुहाडे, उदयपुर

विश्वमा एकछत्र प्रभाव जमाइरहेको अमेरिकाका लागि शिक्षाको क्षेत्रमा दशौं स्थानभन्दा तल झर्नु चिन्ताको विषय हुनु स्वाभाविक नै हो। किनकि अमेरिकामा शिक्षालाई त्यस्तो आधारभूत आवश्यकता मानिन्छ, जसले मानिसलाई शिक्षित त बनाओस् नै साथसाथै अवसर र सफलताका लागि चाहिने योग्यता पनि प्रदान गर्न सकोस्। उनीहरू अमेरिकाको समृद्धि पैसा बटुल्नुलाई मान्दैनन्, बरु नागरिकहरूलाई कसरी शिक्षित गर्न सकिन्छ त्यसमै मुलुकको भविष्य आधारित रहेको विश्वास गर्छन्। साथसाथै व्यवहारबाट सिद्धान्त निर्माण गर्नु र श्रमलाई महत्त्व दिनु अमेरिकाको मात्र नभएर समग्र युरोपको प्रचलन रहेको छ। काम र अनुभवले मानिसलाई बढी जिम्मेवार गराउँछ र नियम-कानुन पनि व्यवहारमा उतार्न सकेमात्र सार्थक हुन्छ भन्ने मान्यतामा धेरै अमेरिकनहरू विश्वास गर्छन्। यस्तैयस्तै चिन्तन र कार्यशैलीको उपज हो अमेरिकन पत्रिका *द लेजर* को बोर्डका सदस्यलाई महिनाका निश्चित दिन विद्यालयमा पढाउने व्यवस्था गर्ने प्रस्ताव।

नेपालको सन्दर्भ अलिक फरक छ। पहिलाको तुलनामा शिक्षाको गुणात्मक स्तर कमजोर छ भन्नेमा धेरैको सहमति छ तर त्यस्तो गुणस्तर पुनः कायम गर्न के के

# बहस विद्यालय व्यवस्थापनका चुनौती

गर्नुपर्छ भन्नेमा कमैले मात्र चासो राखेका छन् । अर्को कुरा नेपालमा न कामलाई त्यति धेरै महत्त्व दिइन्छ न त सिद्धान्तलाई व्यवहारमा उतार्ने नै प्रयत्न गरिन्छ । धेरैलाई 'चलेकै त छ नि !' भन्ने मानसिकताले गाँजेको छ । वर्तमान शिक्षा ऐनले विद्यालय व्यवस्थापन समितिमा अध्यक्ष र तीन जना सदस्य अभिभावकबाट, शिक्षक प्रतिनिधि, चन्दादाता, संस्थापकमध्ये एकजना, गाविस, नपाका वडाध्यक्ष रहने व्यवस्था गरेको छ । यो ऐन पञ्चायती शासनव्यवस्थाको जस्तो छ जसले राजनीतिक दलहरूको प्रतिनिधित्वको व्यवस्था गरेको छैन । गाविस र नपाका वडाध्यक्ष राजनीतिक दलहरूबाट निर्वाचित भएर आउँछन् । त्यसकारण राजनीतिक दलको प्रतिनिधित्व नभएको हुनसक्छ भन्ने मान्ने हो भने पनि अहिलेको जस्तो परिस्थितिमा के गर्ने ? ऐनमा राजनीतिलाई सङ्कुचित आँखाले हेरिएको छ । जबकि लोकतान्त्रिक शासन व्यवस्थाका आधारस्तम्भ राजनीतिक दलहरू हुन् । उनीहरूको प्रतिनिधित्वविना कुनै संस्था कसरी पूर्ण हुनसक्छ ?

राजनीतिक विचार वा सिद्धान्त चेतना र परिवर्तनको संवाहक हो । राजनीतिमा विचारको 'चेन अफ कमाण्ड' हुन्छ । त्यही विचारको 'चेन अफ कमाण्ड'ले मानिसलाई अराजक र आपराधिक गतिविधि गर्न निरुत्साहित गर्दछ । टाढा जानुपर्दैन हाम्रै देशमा पनि सशस्त्र युद्धहरू समेत नेतृत्वले दिने विज्ञप्तिका आधारमा रोकिएका र सञ्चालन भएका र समाप्त भएका इतिहास छन् । ऐनमा राजनीतिक दलहरूको प्रत्यक्ष प्रतिनिधित्वको व्यवस्था नगर्दा कतिपय मानिसहरू जस्केलाबाट छिरेर व्यवस्थापन समितिको नेतृत्वमा पुगेका छन् । अहिले शिक्षा क्षेत्रमा देखापरेको दलीय राजनीतिको अलि बढी चिन्ता शैक्षिक समाजमा भइरहेको छ । तर यो प्राविधिक कुरा मात्र हो । बरु चिन्ता त प्रमुख राजनीतिक दलहरूमा शिक्षाप्रति देखिएको उदासीनताको गर्नुपर्ने हो । प्रमुख पार्टीहरूको प्राथमिकतामा आज शिक्षा पर्ने छाडिसकेको छ । शिक्षा क्षेत्रमा चासो छ भने केवल शिक्षक व्यवस्थापन र विद्यालय व्यवस्थापन समितिमा आफ्नो कति सहभागिता रहने भन्नेमा मात्रै सीमित छ । पार्टीहरूमा शिक्षाप्रति यतिविधि उदासीनता देखिनु हाम्रो समाजव्यवस्था र शैक्षिक भविष्यका लागि सुखद् सङ्केत होइन ।

**आज सार्वजनिक विद्यालयहरू जागिरदारहरूका लागि आकर्षक स्थान बनिरहेका छन् भने विद्यार्थीका लागि दिक्क र अल्छीलाग्दो ठाउँ । यसको मूल कारण शिक्षा क्षेत्रप्रति समुदायको उदासीनता हो । उनीहरूले गर्न नसकेको अपनत्व बोधको अभाव हो । विद्यालय 'हाम्रो हो' भन्ने आधार शिक्षा ऐनले दिन सक्नुपर्दछ । त्यस्तो आधार भनेको विद्यालयहरूको सामुदायिकीकरण नै हो ।**

यथार्थमा; वि.व्य.स.मा राजनीतिक दलहरूको प्रतिनिधित्वलाई स्वीकार नगरिनु नै विद्यालयमा अराजकता बढ्नुको कारण हो । राजनीति त्यस्तो विचार हो, जसले समाज वा देशलाई वेलाबखत परिवर्तन मात्रै गर्दैन, अगाडि बढाउने काम पनि गर्दछ । अरु दलीय व्यवस्था भएको देशमा राजनीतिक चेतनाविना विद्यार्थीलाई दीक्षित गर्न खोज्नु सुहाउँदो कुरा हुँदै होइन । तसर्थ वि.व्य.स.मा राजनीतिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्दछ । त्यसो भयो भने मात्रै विद्यालय र व्यवस्थापन समितिमा देखापरेका अराजक र आपराधिक गतिविधिहरू नियन्त्रण हुनसक्छन् ।

आर्थिक वर्ष २०६७/६८ को बजेट अध्यादेशले ५७ अर्ब ६४ करोड बजेट विनियोजन गरेको शिक्षा क्षेत्रका लागि । कुल बजेटको १७.१ प्रतिशत यो रकम अघिल्लो वर्षको तुलनामा ११ अर्ब १२ करोडले बढी हो । सरकारले अन्य क्षेत्रलाई छुट्याएको बजेटलाई हेर्दा शिक्षा क्षेत्र सरकारको प्राथमिकतामा परेको देखिन्छ तर सार्वजनिक विद्यालयहरूको अवस्था हेर्दा सरकारको यति धेरै लगानी बालुवामा पानी खन्याएजस्तो भइरहेको छ र जुन किसिमको प्रतिफल दिनुपर्ने थियो, त्यो किसिमको प्रतिफल प्राप्त भइराखेको छैन । यो निश्चय पनि सुखद् कुरा होइन । आज सार्वजनिक विद्यालयहरू जागिरदारहरूका लागि आकर्षक स्थान बनिरहेका छन् भने विद्यार्थीका लागि दिक्क र अल्छीलाग्दो ठाउँ । यसको मूल कारण शिक्षा क्षेत्रप्रति समुदायको उदासीनता हो । उनीहरूले गर्न नसकेको अपनत्व बोधको अभाव हो । विद्यालय 'हाम्रो हो' भन्ने आधार शिक्षा ऐनले दिन सक्नुपर्दछ । त्यस्तो आधार भनेको विद्यालयहरूको सामुदायिकीकरण नै हो । बजेट अध्यादेशमा आव २०६७/६८ मा ५ हजार ४०० विद्यालय समुदायलाई हस्तान्तरण गर्ने कुरा उल्लेख छ । विद्यालय समुदायलाई हस्तान्तरण गर्ने कुरा निकै लामो समयदेखि उठ्दै आएको भए पनि कतिपय सैद्धान्तिक मतभेद र गलत प्रयोगले गर्दा यो कार्य कछुवा गतिमा अगाडि बढिरहेको छ ।

एकातिर आज पनि विद्यालय जाने उमेरका ३.६ प्रतिशत बालबालिका विद्यालयको पहुँचबाट बाहिर छन् अर्कोतिर विद्यालय व्यवस्थापन समितिबाट अराजक र आपराधिक गतिविधिहरू भइरहेका छन् । यी सबै कार्यको अन्त्यका लागि शिक्षा ऐनमा निम्न व्यवस्था गर्नुपर्ने देखिन्छ:

१) विद्यालय व्यवस्थापन समितिमा राजनीतिक दलहरूको प्रत्यक्ष प्रतिनिधित्व ।
२) विद्यालय सञ्चालनको सम्पूर्ण जिम्मेवारी समुदायलाई हस्तान्तरण । 📖

**शिवशरण झवाली**
धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ

# प्रवेश : सक्कली अभिभावकलाई मात्रै

बृहत् नेपाली शब्दकोशले अभिभावक शब्दको अर्थ स्पष्ट पार्ने क्रममा बालबच्चाको पालनपोषण गर्ने, संरक्षक, छात्रछात्रको जिम्मा लिने वा जिम्मेवारी वहन गर्ने व्यक्तिलाई अभिभावक भनी परिभाषित गरेको छ। शिक्षा नियमावलीको परिच्छेद ६ व्यवस्थापन समिति सदस्यको छनोट काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधिको २४औं दफामा “विद्यालयले विद्यार्थीको बाबु, आमा वा विद्यार्थीको पालनपोषण गर्ने र पठनपाठनको व्यवस्था मिलाउने व्यक्ति बाहेक अन्य व्यक्तिलाई अभिभावकको रूपमा राख्नुहुँदैन” भनी उल्लेख गरिएको छ। यसले ‘अभिभावक’ भन्ने बित्तिकै बालबच्चाको पालकपोषक कर्तालाई बुझाउँछ।

अमेरिकामा सार्वजनिक/सामुदायिक स्कूलहरूमा पठनपाठनमा सुधार ल्याउन विद्यालय व्यवस्थापन समिति अर्थात् बोर्डका सदस्यलाई कक्षाकोठामा पठाउनुपर्ने तर्क अगाडि सारेको प्रसङ्गमा नेपालमा भने विद्यालय व्यवस्थापन समितिमा बस्नका लागि डर, धम्की, त्रास, लोभ-लालचका अतिरिक्त हत्या-हिंसा जस्ता निन्दनीय अपराध समेत हुन थालेका छन्। यो अत्यन्तै बर्बर र जङ्गलीपनको पराकाष्ठा हो।

‘विद्या समम् नास्ति शरीर भूषणम्’ अर्थात् विद्या जस्तो शरीरको अर्को कुनै गहना छैन। त्यसैले यस्ता शैक्षिक संस्थाहरूमा काम गर्ने व्यक्ति प्रथमत: आफू नै शिक्षित हुनुपर्ने आजको युगको माग हो। हुनत शिक्षा ऐनले वि.व्य.स.को अध्यक्ष हुनका लागि सञ्चालित विद्यालयसम्मको शिक्षा लिएको हुनुपर्ने व्यवस्था गरेको छ। परिवर्तित सन्दर्भमा सम्पूर्ण सदस्यहरूका लागि पनि यो व्यवस्था लागू गर्नु कति सान्दर्भिक होला ? प्रथमत: व्यक्तिभित्र रहेको प्रवृत्ति उसको व्यवहारमा देखिने कुरा हो। त्यसैले शिक्षित व्यक्तिको मात्र समिति बन्दैमा यी सबै घटना हुँदैनन् भनी ठोकुवा गर्न सकिँदैन। तर पनि, अशिक्षित र अनपढ समितिमा विद्यार्थीका सिकाइका प्रवृत्ति, चरण, मनोवैज्ञानिक र शैक्षणिक पक्ष, शिक्षकका समस्या र राम्रा नराम्रा पक्षको बारेमा विश्लेषण, विवेचना र मूल्याङ्कन गर्ने क्षमता हुँदैन।

विभिन्न व्यक्तिका रुचि र चाहनाहरू फरक-फरक हुन्छन्। व्यक्तिलाई उसको रुचि अनुसार काममा लगाउँदा राम्ररी कार्य सम्पन्न हुन सक्छ। विद्यालय सामाजिक संस्था हो र यसमा समाजको प्रतिछायाँ प्रतिविम्बित हुनुपर्दछ। समाजका हरेक व्यक्तिलाई क्षमता अनुसारको ठाउँ दिएमा उसले त्यस संस्थाप्रति अपनत्व दर्शाई उन्नतिमा लाग्छ। आर्थिक हैसियत भएकाले अर्थ व्यवस्थामा सहयोग, श्रम र सीप हुनेले श्रमदान गर्नाले विद्यालय अगाडि बढ्ने मार्गचित्र कोरिन्छ।

यसै सन्दर्भमा श्री वीरेन्द्र उमावि जैपते (स्याङ्जा) स्रोतकेन्द्र अन्तर्गतका विद्यालयका प्रअ तथा अध्यक्षहरूद्वारा यही कात्तिक १३-१८ गतेसम्म गरिएको भ्रमणको रिपोर्ट अनुसार श्री सार्वजनिक निमावि, जहदा, मोरङमा वि.व्य.स.का सदस्यहरू विद्यालयमा गएर सिकर्मी, डकर्मीको काम गर्ने, बेन्च-डेस्क निर्माण तथा मर्मत गर्ने, बगैँचाको सीप भएकाले फूलबारी निर्माण गर्ने, विद्यालय परिसरको सरसफाइ गर्ने जस्ता काम गर्ने गरेका छन्। यस्तो कार्यले त्यस क्षेत्रका औद्योगिक र कृषि मजदुर तथा विपन्न परिवारका बालबच्चाको भविष्य सुनिश्चित गरेको अनुमान गर्न सकिन्छ। समिति सदस्यले आफूमा भएको सीप क्षमता विद्यालयलाई प्रयोग गरेमा विद्यालय अगाडि बढ्छ भन्ने दृष्टान्त हो यो।

**श्री सार्वजनिक निमावि, जहदा, मोरङमा वि.व्य.स.का सदस्यहरू विद्यालयमा गएर सिकर्मी, डकर्मीको काम गर्ने, बेन्च-डेस्क निर्माण तथा मर्मत गर्ने, बगैँचाको सीप भएकाले फूलबारी निर्माण गर्ने, विद्यालय परिसरको सरसफाइ गर्ने जस्ता काम गर्ने गरेका छन्। समिति सदस्यले आफूमा भएको सीप क्षमता विद्यालयलाई प्रयोग गरेमा विद्यालय अगाडि बढ्छ भन्ने दृष्टान्त हो यो।**

यसैगरी मिर्मी निमावि, मिर्मी फाँट (स्याङ्जा)को विद्यालयमा कतिपय शिक्षकको अनुपस्थितिमा अभिभावकमध्येबाट वा समाजका पठित व्यक्तिहरू (जो एसएलसी वा +२ को परीक्षा दिई बसेका छन्)बाट केही कक्षाहरू लिन लगाउने, आफ्नो सेरोफेरोका विज्ञ, ग्रामीण विशेषज्ञलाई विशेष आमन्त्रण गरी कार्यक्रम सञ्चालन गर्ने गरेबाट विद्यालयको शैक्षिक सुधार भएको र समुदायमा सबैको सहभागिता जुरेको पाइन्छ।

अमेरिकामा जस्तै सबै बोर्ड सदस्यले कक्षा लिने त अहिल्यै नेपालको सबै ठाउँमा सम्भव नहोला तर आफूमा भएको व्यावहारिक सीप र कला अवश्य प्रदान गर्न सकिन्छ। यसका लागि प्रत्येक विद्यालयले एउटा सचिवालयको स्थापना गरी विद्यालयमा समिति सदस्यको उपस्थितिको हाजिरी, बैठक सञ्चालन कक्षा तथा उहाँहरू उपस्थित भई विद्यालयमा भए गरेको कार्यको मूल्याङ्कन गर्ने जस्ता कार्य गरेमा वा कुनै काम गर्ने व्यक्तिमात्र विद्यालय सञ्चालन सदस्य बन्न सक्छन् भन्ने सन्देश सजिलै फैलिन सक्छ। किनभने हजारौं माइलको यात्रा पहिलो पाइलाबाटै शुरु हुन्छ। यसबाट केही गर्ने व्यक्ति विद्यालयमा छोराछोरी पढेमा मात्र अभिभावक बन्ने नभए नबन्ने तथा सक्कली नभए नक्कली अभिभावक बन्ने र समिति सदस्य बनेर नाजायज फाइदा लुट्ने प्रवृत्ति निरुत्साहित भई विद्यालयभरिका स-साना बालबालिकाहरूकै अभिभावक बनी हजारौं केटाकेटीको संरक्षक बनी उनीहरूको भविष्य कोर्न सकिन्छ। यसरी शब्दकोशमा भनिए जस्तै अभिभावक राज्यको अर्थ केवल आफ्ना नानीबाबुको मात्र संरक्षक र पालनपोषणकर्ता नभई सबैको पालनपोषणकर्ता र संरक्षक बन्न सकिन्छ।

**रामप्रसाद पाण्डेय**
भगवती नमुना उमावि, मिर्मीदाव, स्याङ्जा

**प्रा. योगेन्द्र यादव**



भारतका प्रसिद्ध राजनीतिक टिप्पणीकार **प्रा. योगेन्द्र यादव** सन् २००४ देखि २००६ सम्म भारतका विद्यालयहरूका निम्ति राजनीतिक-विज्ञान (पहिले नागरिकशास्त्र) सम्बन्धी पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन र लेख्ने कार्यमा संलग्न थिए । उनले सन् २००७ मा राजस्थान विश्वविद्यालय (जयपुर) मा 'लोकतन्त्र र स्कूले शिक्षा' विषयमा व्याख्यान दिँदै उक्त परिमार्जित पाठ्यक्रम/पाठ्यपुस्तकको बचाउ गरेका थिए । सो व्याख्यानका कतिपय सन्दर्भहरू हाम्रा लागि पनि उत्तिकै सामयिक देखिन्छन् । हिन्दी मासिक *शिक्षा-विमर्श को* जुलाई-अगष्ट २००७ को अंकमा 'लोकतन्त्र र स्कूले शिक्षा' शीर्षकमा प्रकाशित सो व्याख्यानको संक्षेपीकृत र सरलीकृत नेपाली अनुवाद-

# लोकतन्त्र र स्कूले शिक्षा

एउटा सानो खेल मलाई अति प्रिय लाग्छ । त्यो तपाईंले पनि खेल्न सक्नुहुन्छ ।

यो खेलमा म विद्यार्थीलाई एउटा प्रश्न सोध्ने गर्छु– 'लोकतन्त्र राम्रो चिज हो कि नराम्रो चिज ?' सबैको जवाफ हुन्छ– 'राम्रो चिज हो ।'

मेरो दोस्रो प्रश्न हुन्छ– 'राजनीति राम्रो चिज हो कि नराम्रो चिज ?' धेरैले फ्याट्ट जवाफ दिन्छन्– 'नराम्रो चिज हो ।' शायद अर्कै जवाफ दिन केही हातहरू चुपचाप तल झर्छन् । अनि म तेस्रो प्रश्न तेर्स्याउँछु– 'के राजनीतिविना लोकतन्त्र चल्न सक्छ ?'

विद्यार्थीको जवाफ नपर्खिकनै म भन्न थाल्छु- 'लोकतन्त्रविना पनि राजनीति चाहिँ चल्न सक्छ, आरामसँग चल्छ । अरबका (राजतन्त्रात्मक) मुलुकमा राजनीति आरामसँग चलेको छ र (जनरल मुसर्रफको समयको) पाकिस्तानमा पनि राजनीति चलेकै थियो । लोकतन्त्र नभएका थुप्रै थुप्रै देशहरूमा पनि राजनीति चलेकै छ ।'

'तर दुनियाँको कुनै यस्तो ठाउँ छ जहाँ राजनीतिविना लोकतन्त्र चलेको होस् ? राजनीतिको नाममा धर्ना, प्रदर्शन, विरोध, आलोचना अनि पार्टी वा सङ्गठन पनि नभएका तर लोकतन्त्र चाहिँ राम्रोसँग चलेका कुनै देश छन्, दुनियाँमा ?'

यो प्रश्नको जवाफ चाहिँ विद्यार्थीले (सोचेर) दिन्छन्– "त्यसरी चलेको त थाहा छैन ।"

अनि म उनीहरूलाई भन्छु– 'अब माथिका तीनवटै जवाफलाई एउटै वाक्यमा जोडेर हेर्नोस् त ! तपाईंहरूको जवाफ थियो– 'लोकतन्त्र राम्रो चिज हो', 'राजनीति नराम्रो चिज हो', 'राजनीतिविना लोकतन्त्र चल्न सक्दैन ।' यो के भनिरहनुभएको छ तपाईंहरू ?

आजको स्कूल तहको शिक्षाले यस्तै अमिल्दा जवाफ दिनका लागि हामीलाई तयार पारेको छ । शिक्षाले लोकतन्त्र र राजनीतिको बीचमा ठूलो खाडल खनिदिएको छ । लोकतन्त्रलाई पवित्र गौमाता बनाइदिएको छ, अनि राजनीतिलाई चाहिँ दुर्गन्धित फोहोरको थुप्रो ।

राजनीतिलाई यति तुच्छ घरका रूपमा चित्रण गरिएको छ कि, त्यहाँ असल व्यक्तिहरू प्रवेश नै गर्न चाहँदैनन् । यता लोकतन्त्रलाई चाहिँ यति पवित्र भनिएको छ, त्यसका लागि कुनै काम गर्नै पर्दैन, गर्व गरिदिए पुग्छ । हामी लोकतन्त्रलाई फुलेको फलेको देख्न चाहन्छौं । तर सँगै हामी चाहन्छौं, असल मानिसहरू 'राजनीतिजस्तो गलत मार्ग'मा नजाउन् ! हामीमा यस्तो मानसिकता कहाँबाट आयो ? स्पष्ट छ, स्कूलको शिक्षाबाट ।

लोकतन्त्र र राजनीतिबीच शिक्षाले खनेको पुरानो खाडल पुर्ने प्रयास अझै भएको छैन । भारतमा राजनीतिशास्त्र अध्ययन गर्नेहरू कति छन्, मलाई थाहा छैन । कसैले राजनीतिशास्त्र पढेको रहेनछ भने पनि उसले केही गुमाएको छैन, किनभने कुनै राम्रो ज्ञान लिन सकिएनछ भनेर चुकचुकाउनुपर्ने अवस्था छैन । मलाई लाग्छ, हामीकहाँ जसले 'पोलिटिकल साइन्स' पढेका हुँदैनन्, तिनको 'पोलिटिकल सेन्स' (राजनीतिक बुझाइ/चेत) सही हुन्छ । अनि जसले 'पोलिटिकल साइन्स' पढेका हुन्छन्, तिनको 'पोलिटिकल सेन्स' नै गायब हुन्छ । किन यस्तो भइरहेको छ ?

भारतको राजनीतिशास्त्रका पाठ्यपुस्तकहरूमा



रबिन सायमि

**लोकतन्त्रको सीधै विरोध गरेर त त्यसको विरोध नै हुँदैन। लोकतन्त्रको प्रभावकारी विरोध त राजनीतिको विरोध गरेर मात्र सम्भव हुन्छ। त्यसैले यहाँ लोकतन्त्रलाई कसैले पनि 'खराब' भन्दैनन्, तर राजनीतिलाई 'खराब' नभन्ने कोही भेटिँदैन। यही हो लोकतन्त्रलाई समाप्त पार्ने उम्दा तरिका। हाम्रो शिक्षाले यही काम गर्न सिकाएको छ।**

राजनीति भन्ने तत्व नै परेको पाइँदैन। पाठ्यपुस्तक निर्माण गर्ने हाम्रो परम्परागत प्राज्ञिक प्रणालीलाई भारतीय जनता पार्टी वा कङ्ग्रेस आदि पार्टीहरूले प्रभावित पार्न नसकेका कारण यस्तो भएको हुनसक्छ। परिणामतः राजनीतिशास्त्रका पाठ्यपुस्तकहरूमा राजनीतिक अन्तरवस्तु गायब रहने गरेको छ। हाम्रा प्राज्ञहरूले पाठ्यपुस्तकमा राजनीतिका विषयमा गहन चर्चा गर्नै चाहेनन्। लोकतन्त्रलाई पवित्र पहिरन लगाइदिएर काम चलाए। लोकतन्त्र पवित्र वस्तु हो, जो मानिस भन्दा माथि वा स्वर्गमा पाइन्छ भन्ने शिक्षा दिए।

साथसाथै लोकतन्त्रको चर्चा गर्दा तिनले दुनियाँदारी (राजनीति) फोहोरको चर्चा गर्नुहुँदैन भन्ने मान्यता राखे। यस्ता ज्ञानका कारण हाम्रो स्कूले शिक्षा लोकतन्त्रकै विरोधी बनिदियो। आम भारतीयलाई लोकतन्त्रविरोधी बनाएको त्यही शिक्षाले हो। हो; लोकतन्त्रको विरोध गर्ने शैली फरक छ। लोकतन्त्रको सीधै विरोध गरेर त त्यसको विरोध नै हुँदैन। लोकतन्त्रको प्रभावकारी विरोध त राजनीतिको विरोध गरेर मात्र सम्भव हुन्छ। त्यसैले यहाँ लोकतन्त्रलाई कसैले पनि 'खराब' भन्दैनन्, तर राजनीतिलाई 'खराब' नभन्ने कोही भेटिँदैन। यही हो लोकतन्त्रलाई समाप्त पार्ने उम्दा तरिका। हाम्रो शिक्षाले यही काम गर्न सिकाएको छ।

तपाईं भन्नुहुन्छ– 'चुनाव प्रणालीमा सुधार होस्, पढेलेखेका मानिसले मात्र चुनाव लड्न पाउन्।' हो; हाम्रा पाठ्यपुस्तकले पनि यस्तै सोच्ने मानिस तयार पार्छन्। यही नै हो, लोकतन्त्रलाई समाप्त पार्ने सर्वोत्तम तरिका।

अङ्ग्रेजकालमा नागरिकशास्त्रको नाममा दास तयार पार्ने शास्त्र पढाइन्थ्यो। तर उसले पनि सोचेजति दास तयार पार्न सकेन। किनभने त्यसवेलाका विद्यार्थीमा पाठ्यपुस्तक पढ्ने जाँगर नै थिएन। स्कूलबाहिर राष्ट्रिय आन्दोलनको राजनीति चलिरहेको थियो। त्यसवेला जसले पुस्तक पढेनन्; तिनले राष्ट्रिय आन्दोलनबाट राजनीति सिके। किताबमा जे लेखिएको भएता पनि उनीहरूले राजनीति बुझे। मेरो विचारमा आज पनि राम्रै भइरहेको छ। राजनीतिशास्त्र पढ्नेहरूले राजनीति सिक्न पाएका छैनन्। विद्यार्थीले राम्रोसँग राजनीतिशास्त्र पढिदिएका भए त आजसम्ममा देश ध्वस्त पारिसक्थे। तर विद्यार्थीले राजनीतिशास्त्रका स्कूले पुस्तकलाई गम्भीरतापूर्वक लिइदिएनन्, त्यसकारण देश बाँचेको छ। राम्रो भएको छ।

पढेकाहरूले पनि किताबी ज्ञानलाई बिर्को लगाएर राखिदिएर राम्रो गरेका छन्। किताब पढ्यो, परीक्षा दियो, पास भयो, अनि गाउँतिर लाग्यो, त्यसपछि राजनीतिको कखरा सिक्न थाल्यो। यसरी सिकेको राजनीतिशास्त्रमा गहिरो लोकतान्त्रिक कसर बसेको हुन्छ।

आज हामी भारत विश्वकै सबैभन्दा ठूलो लोकतन्त्र हो भनेर गर्व गर्ने गर्छौं। ठीकै हो, यहाँको जनसङ्ख्या नै ठूलो छ त, लोकतन्त्र पनि ठूलो हुने भइहाल्यो। तर लोकतन्त्र मात्र किन नि; हामीकहाँ चोर, जोगी, मगन्ते पनि अन्यत्र भन्दा बढी नै छन्। लोकतन्त्रले हामीलाई के दियो? शिक्षामा के परिवर्तन आयो? यहाँ लोकतन्त्र नभएर तानाशाही भएको भए स्कूलको शिक्षा कस्तो हुन्थ्यो? यस्ता प्रश्नमा चिन्तन गर्न हामीले आवश्यक

## चिन्तन

**अनि म उनीहरूलाई भन्छु– 'अब माथिका तीनवटै जवाफलाई एउटै वाक्यमा जोडेर हेर्नोस् त ! तपाईंहरूको जवाफ थियो– 'लोकतन्त्र राम्रो चिज हो', 'राजनीति नराम्रो चिज हो', 'राजनीतिविना लोकतन्त्र चल्न सक्दैन ।' यो के भनिरहनुभएको छ तपाईंहरू ?**

ठानेका छैनौं, किनभने यहाँ त विश्वकै ठूलो लोकतन्त्र स्थापित भइसकेको छ ।

देश चलाउन विशेष दर्शनको गहिरो ज्ञान आवश्यक पर्छ भन्ने मलाई लाग्दैन । तर जिज्ञासा छ, हाम्रा सामाजिक र राजनीतिशास्त्रका पुस्तकले लोकतन्त्रलाई बलियो बनाएका छन् कि कमजोर ? यही जिज्ञासा शमनको लागि राष्ट्रिय शैक्षिक अनुसन्धान एवं प्रशिक्षण परिषद् (एनसीईआरटी) ले लगाएको किताब लेख्ने काममा दुई वर्षसम्म लागें । कक्षा ६ देखि १२ सम्मको राजनीतिशास्त्रको नयाँ पाठ्यपुस्तक लेख्ने काम भयो । यो छोटो अनुभवबाट म स्पष्ट भन्न सक्छु– हाम्रो शिक्षाले लोकतन्त्र सम्वर्द्धनका लागि कुनै योगदान गरेको छैन । बरु बाधा उत्पन्न गरेको छ ।

म राजधानी (दिल्ली)को छिमेकी हरियाणाको बासिन्दा । दिल्ली २१औं शताब्दीको प्रविधिमा छ । त्यसको १५ कि.मि.परको मेवात गाउँ देशभरिमै सबैभन्दा न्यून साक्षरता रहेको गाउँको सूचीमा छ । यति न्यून साक्षरता रहेको राजधानी नजिकको इलाका यही होला । किताब लेख्ने क्रममा म त्यहाँको एक स्कूलमा पुगें । कक्षा ८ र ११ मा नागरिकशास्त्र पढाउने 'मास्टर' दुई महिनादेखि छुट्टीमा रहेछन्– संस्कृत र कमर्स पढाउने शिक्षकले काम चलाएका रहेछन् । प्रधानाध्यापकले मलाई नै कक्षा लिइदिन आग्रह गरे । विद्यार्थीहरू खातापिता नै देखिन्थे । गाउँतिर छोरालाई शहरमा र छोरीलाई गाउँकै स्कूलमा पढाउने चलन अनुसार यहाँ पनि छात्राहरू बढी थिए ।

कक्षा ११ मा ऐच्छिक विषयको रूपमा नागरिकशास्त्र पढिरहेका उनीहरूमध्ये धेरैलाई भारतको राष्ट्रपतिको नाम कण्ठ थियो । त्यसपछि मैले प्रश्न गरें 'लोकतन्त्र भन्ने शब्द सुनेका छौ ? भारतमा लोकतन्त्र छ कि छैन ?' जवाफ पाएँ– 'एउटा लोकतन्त्र छ, एउटा राजतन्त्र छ ।' म जिज्ञासु भएँ– यी दुवै 'तन्त्र' भारतमा सँगसँगै चलेका छन् त ? जवाफ आयो– 'हो, सर सँगसँगै चलेका छन् । लोकतन्त्रको पाँच वर्षमा र राजतन्त्रको ६ वर्षमा चुनाव हुन्छ ।' यो जवाफ सुनेपछि मैले बुझें उनीहरूले लोकसभा र राज्यसभाको कुरा गरेका रहेछन् । 'देशको शासन कसले चलाउँछ, प्रधानमन्त्री को बन्छ ?' मैले अर्को प्रश्न गरें । प्रधानमन्त्रीको नाम सबैलाई थाहा रहेछ । राष्ट्रपति आदर्शका प्रतीक हुन्छन् भन्ने पनि उनीहरूले बुझेका रहेछन् । उनीहरूले भने– 'देश राष्ट्रपतिले चलाउँछन् ।'

राष्ट्रपति र प्रधानमन्त्रीबीच राय बाझियो भने कसको कुरा मान्ने ? यो परीक्षा होइन, विचार गरेर जवाफ दिए हुन्छ भनेर आग्रह गरें । केहीबेरपछि निर्णय आयो– 'देशका प्रमुख भएकाले राष्ट्रपतिकै कुरा मान्नुपर्दछ ।' 'अनि प्रधानमन्त्रीको कुरा... ?' विद्यार्थीको ठोस जवाफ आयो– 'प्रधानमन्त्रीलाई त राष्ट्रपतिले काममा लगाएका (नियुक्त गरेका) हुन् । राष्ट्रपतिले भनेको उनले मान्नुपर्छ नि !'

लोकसभा र राज्यसभामध्ये कुन बलियो हुन्छ भन्ने चर्चा गर्दा विद्यार्थीहरूले स्पष्ट भने– 'राज्यसभा वरिष्ठ (बुजुर्क)हरूको भएकोले उही शक्तिवान् हुन्छ ।'

यो समस्या विद्यार्थीको नभएर पाठ्यपुस्तकको थियो । पुस्तकमा राष्ट्रपतिको अधिकार र कर्तव्य बारे १४ पेजको विवरण थियो भने प्रधानमन्त्रीको शक्तिका बारेमा जम्मा दुई अनुच्छेद । अरु पुस्तकमा राष्ट्रपतिलाई विधायिका, कार्यपालिका, न्यायपालिका आदिको अभिभावक पनि बताइएको छ । सङ्कटकालीन (इमर्जेन्सी) अधिकार पनि उनैसँग छ । प्रधानमन्त्रीलाई उनैले नियुक्त गर्छन् । अनि विद्यार्थीले के जवाफ दिउन् ! पुस्तकमा राज्यसभालाई 'वरिष्ठ सदन' अनि लोकसभालाई 'तल्लो सदन' भनिएकै छ । राज्यसभामा ३५ वर्षभन्दा माथिका, सबैले मानमर्यादा गर्ने पाका मानिसहरू बसेका हुन्छन् भन्ने विवरण दिइएको छ । जे पढिएको छ त्यही त बताउँछन् नि, विद्यार्थीले ।

कक्षामा बिजुली थिएन । बिजुलीकै चर्चा चल्यो । विद्यार्थीले जानकारी दिए- 'तीन हप्ता यता स्कूलमा मात्र होइन, गाउँमै बिजुली छैन । गाउँ पञ्चायतको चुनाव जितेर एकजना दलित प्रधान भए । त्यसैको सजाय हो यो ।' भएछ के भने खुला प्रतिस्पर्धाको सिटमा उठेर एकजना दलितले (भारतमा दलितहरूका लागि आरक्षणको व्यवस्था पनि छ) चुनाव जितिदिएपछि ठूला जातिका भद्रजनहरू रिसाए । त्यसैको सजाय जनताले (दलित जिताएकोले) पाए । भद्रजनहरूले बिजुली अधिकारीसँग मिलेर पावर नै काटिदिए । विद्यार्थीहरूले यो पनि भने, 'अब यहाँका मतदाता चेत बाबा काँशी' भएका छन् । जनताले फेरि दलितलाई चुनाव जिताउँदैनन् ।"

कक्षा ८ का यी विद्यार्थीले अघिसम्म भारतको राजनीतिबारे केही पनि सही बताउन सकेका थिएनन् । तर अहिले यिनैले किताब बाहिरको यथार्थ राजनीतिबारे विशद् जानकारी दिए । वर्ग र राजनीतिको बारेमा त शोधकै तहको विश्लेषण गरे । वास्तवमा ती विद्यार्थी पटक्कै मूर्ख थिएनन्, उनीहरूलाई त राजनीतिशास्त्रको किताबले मूर्ख बनाएको थियो ।

'भारतको राष्ट्रपतिको चुनाव कसरी हुन्छ? सविस्तार वर्णन गर ।' प्रश्न यस्तै हुन्छन् । सही जवाफ के हो राजनीतिशास्त्रकै प्राध्यापकले पनि बताउन सक्दैनन् । केही सांसदहरूले मात्र बताउन सक्लान् । माध्यमिक तहका विद्यार्थीहरूले कसरी सक्लान् ! तर प्रश्न उही छ । त्यस्तो प्रश्नको के अर्थ !

राजनीतिशास्त्र विषयको शिक्षणमा पनि ठूलो समस्या छ । राजनीतिको सिद्धान्त र व्यवहारबीच समन्वय छैन । अनि विद्यार्थीले 'लोकसभाभन्दा राज्यसभा शक्तिवान छ'

भनिदिन्छन् । उनीहरूले व्यावहारिक शिक्षा पाएकै छैनन् । देशमा प्रधानमन्त्रीले शासन चलाइरहेका छन् । किताब चाहिँ देश 'राष्ट्रपतिले चलाउँछन्' भन्ने भान पर्ने गरी लेखिएको छ । देशमा प्रधानमन्त्रीले शासन चलाउँछन् भन्ने कुरा विद्यार्थीले कुनै पनि पाठ्यपुस्तकमा पढ्न पाउँदैनन् । पुस्तकमा 'राष्ट्रपति प्रतीकात्मक प्रमुख हुन्' भन्ने सानो वाक्यांश लेखिदिएर त्यो कुरा स्पष्ट हुँदैन । एक वाक्यको कथनले १४ पेजको वृत्तान्तलाई कसरी विस्थापित गर्न सक्छ ?

अर्थात्, विद्यार्थीको जीवन्त अनुभव र किताबी शिक्षाबीच समन्वय छैन । किताब र विद्यार्थी अलग-अलग ध्रुवमा छन् । कक्षामा यही देख्न पाइन्छ । लोकतन्त्र र राजनीतिको बीचमा त ठूलो खाडल नै छ । स्कूले खेलमा नै त्यो प्रस्ट हुन्छ ।

आज भारतमा राजनीतिशास्त्रको विद्यार्थी बन्नु लज्जाको विषय बनेको छ । यहाँ राजनीतिक विवादको कमी छैन तर राजनीतिशास्त्रबारे चर्चा पनि हुँदैन । राष्ट्रपतिको चुनाव जैं राजनीतिशास्त्र पनि विवादरहित छ । 'एकल सङ्क्रमणीय आनुपातिक प्रतिनिधित्व प्रणाली'द्वारा राष्ट्रपतिको चुनाव गरिन्छ । यो पद्धति भारतमा मात्र छ । किन छ ? त्यो कसैले अर्थ्याउँदैन । त्यो विचित्र प्रणालीमा राष्ट्रपति नै देशको राजनीतिको केन्द्रीय वस्तु हुन्, तिनकै वरिपरि देश घुमिरहेको हुन्छ भनेर पढाइन्छ । मुख्य कारण यही हो– लोकतन्त्र र राजनीतिको बीचमा खाडल बनाउने ।

शिक्षा क्षेत्रमा काम गरेको दुई वर्षमै मेरो हिम्मत गल्यो । हुन पनि यसमा साँच्चिकै परिवर्तन ल्याउन ४०-५० वर्ष लाग्छ । छिट्टै परिवर्तन खोज्ने मजस्ताका लागि शिक्षा क्षेत्र उपयुक्त हुनसक्दैन । विकसित देशमा जानकार नागरिक कसरी तयार पार्न सकिन्छ भनेर लगातार काम गर्ने ठूला संस्थाहरू हुन्छन्– तिनले विशद् अध्ययन, अनुसन्धान र परीक्षण गरेपछि मात्र पाठ्यपुस्तक तयार हुन्छ । तर यहाँ हामी पाठ्यपुस्तक लेख्ने निर्णय गर्छौं र सकेसम्म छिटो लेखी पनि हाल्छौं । अनि हाम्रा प्राध्यापकले स्कूल तहको पुस्तक लेख्दैनन्– इज्जत जाने डर छ । राजनीतिशास्त्रका प्राध्यापकहरू त अरस्तु (Aristotle) भन्दा कम स्तरका मानिससँग कुरा गर्न पनि रुचाउँदैनन् (तर अरस्तुले चाहिँ त्यसो गरेका थिएनन्) । गाउँको एउटा सामान्य विद्यार्थीले अर्को गाउँ वा शहरमा के भइरहेको छ भनेर केही जानकारी दिन सक्ला । तर राजनीतिशास्त्रका प्राध्यापकले आफ्नै छिमेकी पनि चिनेका हुँदैनन् । 'उहाँहरूबाट' त्यस्तो तुच्छ काम कहाँ ? तर इतिहासमा ५० हजार मानिस मारिएको विषयमा चाहिँ उहाँहरूको रुचि हुन्छ । प्लेटोको बारेमा छलफल गर्न रुचि हुन्छ । सन् १९५६ देखि १९६१ का बीचमा भारत-पाकिस्तान सम्बन्धमा कतिवटा वार्ता भए, त्यसको तिथिमिति उहाँहरू ४० वर्षपछि पनि बताउन सक्नुहुन्छ ।

हाम्रो जीवनमा राजनीति मिसिनै सकेको छैन । कुनै पत्रकारलाई आफ्नो इलाकाको राजनीतिबारे राजनीतिशास्त्रका प्राध्यापकलाई भन्दा बढी जानकारी हुन्छ । हामीमा सन्दर्भहरू सङ्कलन गर्ने बानी छैन । कुन सन्दर्भको जानकारी छ हामीसँग ? विचार गरौं त । करोडौं नागरिकको जिम्मामा देशको भविष्य छ, तिनले कति करोड घण्टा राजनीति वा समाजको बारेमा चिन्तन गरेका होलान् ? कति स्कूलमा देशको भविष्यबारे चिन्तन होला ? तिनमा समाज शास्त्र पढ्ने कति विद्यार्थी छन् ? तिनलाई घण्टाले गुणन गर्दा कति करोड घण्टा चिन्तनको समय निस्कन्छ– देश, राजनीति र समाजको भविष्यको बारेमा । एक वर्षमा कति करोड घण्टा चिन्तन भयो त ? त्यत्रो समयको सदुपयोग भएको छ कि दुरुपयोग ? देशको नवनिर्माणका लागि हामीसँग कति करोड घण्टा छ ? यत्रोविधि समयमा पनि हामीले एक छटाक (१/२० अंश) समय पनि उपयोग गरेका छैनौं होला ।

हामीकहाँ महत्त्वपूर्ण कामहरू अनायासै भएका छन् । पाठ्यपुस्तक परिवर्तन गर्ने जस्तो गहन काम पनि अचानक तय भयो । बदल्न मन लाग्यो, बदल्न थालिहाल्यौं । पाठ्यक्रम परिमार्जनको इतिहास बनिहाल्यो । जम्मा २५-३० जनाबीच चलेको सामान्य चर्चापछि यो काम शुरु भइहाल्यो । आखिरमा पाठ्यचर्या (Manual) र पाठ्यक्रम (Course schedule) मा परिवर्तन आइहाल्यो । त्यही परिवर्तन यहाँ बताऊँ:

कक्षा ६ देखि ८ सम्मको राजनीतिशास्त्रमा राजनीतिक संस्थाहरूका बारेमा पढाउने व्यवस्था हटाइयो । कक्षा ६ सम्मका विद्यार्थीलाई मुख्यमन्त्री, प्रधानमन्त्री र राष्ट्रपति को हुन्छन् भनेर याद गर्ने झञ्झटबाट मुक्त पारियो । त्यसको बदलामा स्थानीय परिवेश र राजनीतिका बारेमा जानकारी पाउने व्यवस्था गरियो । राजनीतिक संस्थालाई भन्दा समाजलाई बढी दिइयो । राजनीतिसँग गहिरो सम्बन्ध रहेका बजार, मिडिया र टेलिभिजनबारे जान्ने मौका दिइयो । नागरिकशास्त्रको साटो राजनीतिक जीवनसँग परिचित गराउने व्यवस्था गरियो । किताबमा राजनीति, अर्थशास्त्र र समाजशास्त्रको मिश्रण राखियो । तिनका बीचमा लगाइएका पर्खाल भत्काइयो । यिनको घनिष्ट सम्बन्ध कायम गरियो । राजनीतिशास्त्र, अर्थशास्त्र वा समाजशास्त्रको परिभाषा खण्ड राखिएन । बरु आफ्नो परिवेश र छरछिमेक बुझ्न चाहने बाल-जिज्ञासा जगाउने सामग्रीलाई महत्त्व दिइयो ।

यसअघि कक्षा ९ र १० मा भारतको संविधानबारे विस्तृत जानकारी दिइन्थ्यो । अहिले लोकतन्त्र राखिएको

**मैले प्रश्न गरें 'लोकतन्त्र भन्ने शब्द सुनेका छौ ? भारतमा लोकतन्त्र छ कि छैन ?' जवाफ पाएँ– 'एउटा लोकतन्त्र छ, एउटा राजतन्त्र छ ।' म जिज्ञासु भएँ– यी दुवै 'तन्त्र' भारतमा सँगसँगै चलेका छन् त ? जवाफ आयो– 'हो, सर सँगसँगै चलेका छन् । लोकतन्त्रको पाँच वर्षमा र राजतन्त्रको ६ वर्षमा चुनाव हुन्छ ।'**

छ । कक्षा ९ र १० मा लोकतान्त्रिक राजनीति नामका दुईवटा किताब राखिएका छन् । तिनमा लोकतन्त्रको सिद्धान्त र व्यवहार बारे जानकारी राखिएको छ । भारतमा लोकतन्त्रको अवस्थाको परिचय दिन बल गरिएको छ ।

कक्षा ११ र १२ मा राजनीतिका आधारस्तम्भहरूबारे परिचय दिईएको छ । यस तहमा राजनीतिशास्त्र ऐच्छिक गरिएको छ । हुन त विद्यार्थीले राम्रो अङ्क ल्याउन सकिने भएकाले मात्र राजनीतिशास्त्र पढ्ने गरेका छन् । यही एक कारणले काम गरिहेको छ ।

दिल्ली गङ्गानगरको पञ्जावी बस्तीका मानिसहरू आफ्नै लबजमा भन्ने गर्दथे– 'दिमागी बच्चाहरूले सेन्स (साइन्स) पढ्छन्, कमजोर दिमागका बच्चाहरूले 'नानसेन्स' (नन-साइन्स; अन्य विषय) पढ्छन् । अर्थात् उसवेला साइन्स पढ्न नसक्ने 'नानसेन्स'हरू नै राजनीतिशास्त्र पढ्न आउँथे । तिनलाई धेरै विकल्प हुँदैनथ्यो । केही विद्यालयहरूले इतिहास, अर्थशास्त्र र राजनीतिशास्त्र पनि पढाउँथे । तर धेरैजसो 'नानसेन्स'हरूले राजनीतिशास्त्र नै रोज्दथे । परिणाम स्पष्ट छ ।

कक्षा ११ मा संविधान के हो र व्यवहारमा त्यसले कसरी काम गर्छ भन्ने पढाइन्छ । हाम्रो जीवनमा संविधानको महत्त्व के छ भनेर बताइन्छ । उदाहरण र अवधारणा मिसाएर राजनीतिक सिद्धान्त बताइन्छ । हामीले बच्चाहरूलाई आजको विश्वको बारेमा जानकारी दिन शुरु गरेका छौं । यस अघिसम्म इतिहासका पुस्तकमा मात्र शीतयुद्ध (पूँजीवादी देश र साम्यवादी देशबीच चलेको कूटनीतिक युद्ध/दुई ध्रुवीय शक्तिमा विभाजित विश्व राजनीति) का बारेमा पढाइन्थ्यो । आज राजनीतिशास्त्रमा समेटिएको छ । यही हो परिवर्तन ।

यसपटक देखि स्वतन्त्र भारतको इतिहास पढाउन थालेका छौं । छुन नमिल्ने भनी थन्क्याइएका घटना पनि समेटेका छौं । गएको ६० वर्षमा के के राजनीति भए र त्यसमा कुन कुन राजनीतिक पार्टी सामेल भए, घटनासँगै तिनका नाम पनि लेखिएको छ । १९७५ को सङ्कटकाल (Emergency) को बारेमा ठूलै अध्याय छ । यस अवधिमा देशभित्र भएका थुप्रै विद्रोह र दङ्गाहरूको बारेमा पनि किताबमा पर्याप्त चर्चा गरिएको छ । गफमा सीमित राजनीतिक विषयका मामिलाहरू अब किताबमा परेका छन् ।

भारतका इतिहासकारहरूले ३० वर्षमा एउटा कुरा थाहा पाए– स्कूलको शिक्षा अति महत्त्वपूर्ण छ । अनि यो पनि थाहा पाए– स्कूलका लागि किताब लेख्नु सहज काम होइन । हाम्रा लागि पनि चुनौती प्रशस्त थिए । राजनीतिशास्त्रको पुस्तकको स्वरुप र विषयवस्तु आकर्षक थिएनन् । पढ्नेले 'अल्छी लाग्दो' भन्थे । तर देशमा राजनीतिको आकर्षण बढेकै छ । कुनै ढावा (पञ्जावी भोजनालय) मा जानोस्, कोही न कोही फलानो पार्टीले सरकार ढाल्छ कि ढाल्दैन भन्ने विषयमा बाजी राख्न तयार भेटिन्छ । चुनाव यो महिनामा हुन्छ कि त्यो महिनामा भनेर हरेक पानपसल र चियादोकानमा चर्काचर्की हुन्छ । राजनीतिक गफ त फेसन नै बनेको छ । तर विद्यार्थीलाई भने राजनीति पढ्न रुचि छैन । यस्तो कसरी हुन सक्छ, जसका माता-पिता राजनीतिमा चुर्लुम्म डुबेका छन्, तिनैका सन्तान कसरी यस्ता भए ? यही नै हो चुनौती ।

भारतमा पाठ्यपुस्तक बनाएर हिन्दी सिनेमाका बारेमा पढाउन थालियो भने विद्यार्थीले सिनेमै हेर्न छाडिदेलान् । सिनेमा प्रविधि, सिनेमा इतिहास आदि पढाउन शुरु गरियो भने सिनेमा शब्द सुन्ने बित्तिकै विद्यार्थीहरू भाग्नेछन् । मैले विश्वविद्यालयमा पुगेपछि कम्प्युटरबारे पढ्नुपर्‍यो । जाँचमा सोधिएको थियो– विन्डोजको अर्थ के हो ? डीओएसएस (DOSS) के हो ? ती प्रश्नको उत्तर आज प्रोफेसर भइसक्दा पनि मसँग छैन । तर 'विन्डोज' त मैले सधैं खोलेकै हुन्छु; काम गरेकै हुन्छु ।

त्यसैले मलाई भारतमा क्रिकेटको पाठ्यपुस्तक तयार पार्न मन छ । त्यो पनि एउटै उद्देश्यका निम्ति- यो देशलाई क्रिकेटको ज्वरोबाट मुक्ति दिलाउन । जब स्कूल-कलेजमा अनिवार्य विषयको रूपमा पढ्नुपर्ला, त्यसपछि अहिले क्रिकेट म्याच हेरेर समय बिताउने विद्यार्थीहरूको दोहोलो हुनेछ । जुन दिनदेखि तेन्दुलकरको जन्मदिन कहिले थियो ? भारतमा क्रिकेट बल कहिले बन्यो ? जस्ता प्रश्नको उत्तर रट्नुपर्छ, त्यसै दिनदेखि विद्यार्थीमा क्रिकेटको ज्वरो हराउनेछ । यो पक्का छ । (किनभने पढाइने कुनै पनि विषयलाई हामी रोचक, व्यावहारिक र जीवन्त तुल्याउन मान्दै मान्दैनौं । क्लिष्ट र निरसलाई 'महान्' र 'गहन' विद्या ठान्छौं ।)

धेरैजसो विद्यार्थीका घरमा स्कूलका किताब बाहेक अन्य किताब हुँदैनन् । त्यसैले अहिले तयार पारिएका पाठ्यपुस्तक आकर्षक होउन्, निरस नहोउन् भनेर कथा, फोटो र कार्टुनले भरिएका छन् । कक्षामा बच्चाहरू हाँसुन् भनेर कार्टुन राखिएको हो । हाँस्नु राजनीतिक अभ्यास हो । हाँस्नु भयरहित हुनु हो, त्यो राजनीति हो । हाँस्ने र रुने प्रक्रियाले नै स्थापित सत्ता सन्तुलन खलबल्याउँछ ।

बुझाउन गाह्रो हुने कुराहरू कार्टुनमार्फत दिइएका छन् । कुनै टिप्पणी गर्दा कोही रिसाएर जुत्ता उठाउन थाले भने 'त्यो कार्टुनको कुरा हो' भनेर उम्कन सहज पनि हुन्छ ।

किताबमा फिल्मका संवाद पनि राखिएको छ । दिवार नामक हिन्दी फिल्ममा अमिताभ बच्चनले 'फ्याँकिएको पैसा लिन्नँ' भन्ने संवाद बोलेका छन् । विद्यार्थीलाई व्यक्तिको अस्मिताको महत्त्व दर्साउन वा बुझाउन यो

**मलाई भारतमा क्रिकेटको पाठ्यपुस्तक तयार पार्न मन छ । त्यो पनि एउटै उद्देश्यका निम्ति- यो देशलाई क्रिकेटको ज्वरोबाट मुक्ति दिलाउन । जब स्कूल-कलेजमा अनिवार्य विषयको रूपमा क्रिकेट पढ्नुपर्ला, त्यसपछि अहिले म्याच हेरेर समय बिताउने विद्यार्थीहरूको दोहोलो हुनेछ ।**

संवाद भन्दा प्रभावकारी उदाहरण अर्को के हुनसक्छ ? जुत्ता पालिस गर्ने बच्चाले आफ्नो ज्याला इज्जतसाथ लिन चाहेको छ, त्यस संवादमा । यही इज्जत त देशका प्रत्येक दलितले आज मागिरहेका छन् नि ! देश विभाजनको पीडा बुझाउन एउटा गाउँ मात्रै आधा पारेर देखाइदिनोस् त ! राष्ट्रिय अखण्डता मात्रै हैन स्थानीय एकता र अखण्डताको महत्त्व एकसाथ विद्यार्थीको मनमस्तिष्कमा घुस्छ ।

ठूला खालका समस्या सम्झाउन किस्सा र कथा उपयोगी हुन्छन् । सन् ६० र ७० को दशकको उत्तर भारतको राजनीति बुझ्नु छ भने पाठ्यपुस्तक होइन, रागदरबारी नामक उपन्यास पढ्नु उत्तम हुन्छ । फणिश्वर नाथ रेणूको साहित्य पढ्नुभयो भने सब आल्टर्न स्टडिजले भन्दा बढी काम गर्छ ।

कक्षा ७ मा एउटा यस्तै प्रयोग गरिएको छ । 'एक दिन आमाले हड्ताल गर्नुभयो' शीर्षकको कथा छ । एक घरकी एक आमाले एक दिन हड्ताल गर्ने घोषणा गरिन् । उनले कुनै काम गरिनन् । आमाले हड्ताल गरेपछि त्यो घरमा साँझसम्ममा के भयो–त्यसमै कथा बुनिएको छ । अन्त्यमा त्यस घरकी छोरीले मुख खोल्छिन्– 'मलाई लाग्थ्यो बुबा मात्र काम गर्नुहुन्छ, आमा कुनै काम गर्नुहुन्न ।' साँझसम्ममा ती बच्चीले थाहा पाउँछिन्, तिनकी आमाले कति काम गर्दिरहिछन् । यही हो राजनीतिक मामिला । यस्ता मामिलाहरूलाई वृत्तान्तमा बताउन सकिँदैन ।

कक्षा ८ र १० को किताबमा जाति र राजनीति छ । जाति के हो ? भन्ने चर्चा गर्न हामी डराउँछौं । जाति र राजनीतिबीच के सम्बन्ध छ ? किताबले चर्चा गर्छ, अब । सधैँ समस्याग्रस्त कश्मिरका विषयमा समेत कक्षा १२ को किताबले चर्चा गर्छ । सङ्कटकाल र नागालैण्डबारे पनि चर्चा गर्छ ।

यसरी लुकाइएका पाटाहरू खोलिदिएकोमा हामी पुस्तक लेखकहरूमाथि राजनीति गरेको आरोप पनि लगाइएको छ । तर राजनीतिको खुला चर्चा गर्नु पक्षपात हुँदैन । राजनीतिका कुरा गर्दा सन्तुलन मिलाउन सकिन्छ । किताब लेखिँदा कुन पार्टी सत्तामा थियो भन्ने छनक पर्न दिइएको छैन । मापदण्ड यति हो । तात्त्विक उद्देश्य चाहिँ लोकतन्त्रको नयाँ दर्शन, नयाँ सिद्धान्त स्थापना गर्नु हो ।

प्रायशः सिद्धान्त एक ठाउँमा बन्छ, लागू अन्यत्र हुन्छ । हाम्रो आदर्शवाद अधुरो छ, तथापि त्यसलाई उही रूपमा बोकेर हिँडिरहेका छौं । त्यसमा परिवर्तन आउनुपर्दछ । हामीले देशको लोकतन्त्रलाई केन्द्रमा राखेर पठनपाठन गराउन खोजेका छौं । हाम्रा क्षमता र खराबीलाई उपभोक्ताको कसीमा राखेर परीक्षण गर्न खोजेका छौं । अमेरिकन जस्ता देखियौं भने 'राम्रो' भएको मानिने अनि अमेरिकी भन्दा कम देखिए 'खराब' मानिने मापदण्ड त्याग्ने प्रयास गरेका छौं । यो रोग हाम्रो राजनीति र राजनीतिशास्त्रमा अझै छ । त्यसले भारतीय अधिकारीले गर्मी महिनामा पनि सुट र टाई कसेको छवि देखाउँछन् । चारैतिर यस्तै दृश्य छ । अब बदलिनुपर्छ– भारतीयहरू जस्ता देखिनुपर्ने हो त्यस्तै देखिनुपर्छ । देश र समाज अनुकूल बन्नुपर्दछ । भारतमा भारतीय लोकतन्त्र स्थापित हुनुपर्दछ । यो एक दर्शन हो । यही मान्यतामा काम गरिएको छ ।

**विद्यार्थीको जीवन्त अनुभव र किताबी शिक्षाबीच समन्वय छैन । किताब र विद्यार्थी अलग-अलग ध्रुवमा छन् । कक्षामा यही देख्न पाइन्छ । लोकतन्त्र र राजनीतिको बीचमा त ठूलो खाडल नै छ । स्कूले खेलमा नै त्यो प्रस्ट हुन्छ ।**

नयाँ किताब पढेका थुप्रै विद्यार्थीहरूले चिठी लेखेर खुशी व्यक्त गरेका छन्, धन्यवाद दिएका छन् । तर भेटेका जति शिक्षकले चाहिँ झञ्झट बढेको गुनासो गरेका छन् । किताबमा घाना, चिली जस्ता देशका नाम परेका छन् । मास्टरजीहरूले भनेका छन्, 'चिली र घाना भन्ने देश कहाँ छन्, कसरी बुझाउने ? राष्ट्रपति, प्रधानमन्त्री आदि भएको किताब नै ठीक थियो ।' नयाँ किताब देखेर मास्टर नै उत्साहित छैनन्– देश कसरी उत्साहित होला ?

विद्यालयमा एटलस छैनन् । मास्टरजीले घाना र चिली कसरी देखाउँछन्, त्यो चुनौती छ । परीक्षा प्रणालीमा परिवर्तन ल्याउन पनि चुनौती छ । अङ्कभार अनुसारको प्रश्नपत्र कसरी तयार पार्ने भन्ने चिन्ता अध्यापकहरूको छ । उनीहरूको मानसिकतामा पाठ्यपुस्तकहरू परीक्षाका लागि तयार हुन्छन् भन्नेछ । सबैभन्दा ठूलो चुनौती यसमै छ ।

नयाँ किताबहरूमा प्रत्येक दोस्रो पेजमा इच्छा लागेको प्रश्न गर्ने उन्नी र मुन्नी चरित्र छापिएका छन् । यसको उद्देश्य विद्यार्थीहरूलाई प्रश्न गर्ने बानी बसाउनु हो । विद्यार्थीहरूले महसुस गरुन्, जस्तोसुकै प्रश्न गरे तापनि मूर्ख भइँदैन । (तर यसतर्फ कुनै पनि शिक्षकले जिज्ञासा राखेका छैनन् । वास्ता नै गरेका छैनन् ।)

तर यक्ष प्रश्न ज्यूँदैछ– स्कूलको औपचारिक शिक्षाले लोकतन्त्रको सम्वर्द्धन गर्न सक्छ कि सक्दैन ? अङ्ग्रेजको समयमा त्यो सम्भव भएन । त्यस्तो गर्ने शासनको नियत पनि थिएन । आधारहरू पनि थिएनन् । स्वतन्त्र भारतमा लोकतन्त्र सम्वर्द्धन गर्ने नियत त छ तर ढङ्ग छैन । हाम्रो लोकतन्त्र परिपक्व भएको भनिएको छ, यस्तो समयमा पनि भारतको स्कूले शिक्षा लोकतन्त्रको लागि बाधक बनिरहला त ? लोकतान्त्रिक सोच, लोकतान्त्रिक दृष्टि निर्माणको बाधक बन्न पुग्ला त ?

म यहाँ मजदुर किसान ! शक्ति सङ्गठनको कार्यक्रममा भाग लिन आएको थिएँ । हिजै जनसुनुवाई थियो । मलाई विश्वास छ–११ वा १२ कक्षामा पढ्ने कुनै विद्यार्थीले यस्ता सभामा एक दुई घण्टा बिताए भने लोकतन्त्रको बारेमा किताबबाट भन्दा बढी सिक्नेछन् । यस्तो परम्परा शुरु भएपछि स्कूलमा लोकतन्त्र पढाइरहनुपर्ने छैन ।

सरलीकृत अनुवादः **हस्त गुरुङ**

## विचार

गुणराज लोहनी



# निजी स्कूलमा माओवादीका सन्तानः लक्षण राम्रो होइन

**समानताका लागि दश वर्षसम्म लडेका माओवादीका नेताका छोराछोरीहरू नै महँगा निजी स्कूलमा पढाएको समाचार आएका छन् । यस्तो हुनु भनेको आफूले लिएको विचार र सिद्धान्तप्रति विश्वास नहुनु हो । यो राम्रो र सुखद् लक्षण होइन ।**

हाम्रो सङ्गठनले निजी शिक्षालाई लिएर गरेका निर्णयहरू सार्वजनिक हुनेबित्तिकै त्यसको पक्ष र विपक्षमा तर्क-वितर्क शुरु भएको छ । हामीले नयाँ निजी विद्यालय खोल्न नदिने, माओवादीका नेताका छोराछोरीलाई निजी विद्यालयबाट निकाली सामुदायिक विद्यालयमा पढाउनका लागि नैतिक बोध गराउने, नेपाल सरकारको तलब भत्ता खाने सबैका छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउन नैतिक दबाब दिने र सबै निजी विद्यालयहरूलाई अनुगमन, नियमन र निरीक्षण गर्नुपर्ने निर्णय गरेका थियौं । हामीले गरेका निर्णय कति ठीक वा बेठीक भनी बहस हुनुको साटो निजी शिक्षाको किन विरोध भयो भन्ने मत आउन थाले ।

मेरो एकजना बाल्यकालका साथी अहिले नेपालको नाम चलेको पत्रिकाका सम्पादक छन् । एक दिन म उनको बासस्थानमा गएँ । उनको एक मात्र पाँच वर्षकी छोरीलाई उनले भारतीयहरूले सञ्चालन गरेका बोर्डिङमा पढाएका रहेछन् । मैले ती बालिकालाई "हाम्रो देशको राष्ट्रिय गीत गाऊ त नानु" भनें । उनी बसेको ठाउँबाट जुरुक्क उठिन् र लय हालेर गाउन थालिन् "जन गण मन अधिनायक, जय जय हे भारत भाग्यविधाता ... !" म तीनछक परें ।

नयाँ शैक्षिक सत्र शुरु हुँदैछ । विगतको जस्तै अब नेपाली मिडियामा निजी स्कूलका *एड्मिसन ओपेनः नर्सरी टु क्लास एइट* लेखिएका विज्ञापन पढ्न, देख्न र सुन्न पाइनेछन् । एसएलसी परीक्षाको रिजल्टको आसपासमा नेपालका स्थापित म्यागेजिनहरूले महँगा निजी उच्च माध्यमिक विद्यालयका बारेमा "कुन प्लस टुमा पढ्ने ? कुन प्लस टु केका लागि उपयुक्त", "नेपालका उम्दा विद्यालय" जस्ता स्टोरीका जर्नल बनाउने छन् ।

बानेश्वरस्थित संविधानसभाको भवनको दक्षिणतिरको बाहिरी पर्खालसँग जोडएको बगैंचामा *गार्डेन इज मेन्टेण्ड बाइ ओर्बिट इन्टेल एजुकेशन (ओर्बिट अन्तर्राष्ट्रिय शिक्षाद्वारा बगैंचाको स्याहार सम्भार)* लेखिएका फ्ल्यास्क बोर्डहरू देख्न पाइन्छ ।

यहाँ निजी शिक्षाको विज्ञापन किन गरियो भन्ने होइन । शिक्षालाई कुनै उपभोग्य वस्तुका रूपमा लिने हो कि राज्यले जनतालाई दिने सेवा र मौलिक अधिकारका रूपमा लिने हो ? कुनै उद्योगबाट उत्पादित वस्तुका रूपमा लिने हो भनें विज्ञापन गर्न पाइन्छ । तर संविधानतः शिक्षा सेवा हो, व्यापारिक वस्तु होइन । त्यसैले उपभोग्य वस्तुको जस्तो शिक्षाको विज्ञापन विधिसम्मत छैन ।

एकथरी मान्छेहरू निजीकरण र व्यापारीकरण विना गुणस्तरीय शिक्षा सम्भव छैन भन्ने हल्ला पिट्दै हिँड्छन् । त्यतिमात्र होइन, उनीहरू त निजी विद्यालयमा बालबालिका पढाउन नपाउनु भनेको मानवअधिकारको हनन् हुनु हो भन्ने तर्क समेत गर्छन् । निजीकरण, व्यापारीकरण र शिक्षाको गुणस्तरीयतालाई एउटै घानमा हालेर पिस्ने काम गर्दछन् उनीहरू । तर, यो अप्राकृतिक घुलन हो । यसले शिक्षाको वास्तविक परिभाषाको अपव्याख्या गर्दछ । अथवा शिक्षाप्रतिको दृष्टिकोणमा नै दोष देखाउँछ । यसले त शिक्षालाई राज्यको दायित्व नभई एउटा प्रतिस्पर्धी व्यापारीको झोलीमा हाल्छ ।

शिक्षा निःशुल्क, अनिवार्य, व्यावहारिक र सार्वभौम हुनुपर्दछ । अरु नेपाल जस्तो अविकसित देशका सन्दर्भमा यसको अनिवार्यता महत्त्वपूर्ण छ । केही मान्छेहरू अमेरिकाको कुरा गर्दछन् । अमेरिकामा अहिले पनि कक्षा १२ सम्म निःशुल्क शिक्षा छ । विद्यार्थीले शुल्क तिर्दैनन् । निजी बोर्डिङहरू त छन् तर त्यस्ता विद्यालयहरूलाई राज्यले निःशुल्क पढाउन आवश्यक पर्ने लगानी दिन्छ । राज्यले थप विद्यालय नखोलेर निजी संस्थालाई निश्चित विद्यार्थीलाई शिक्षा दिन निर्देशन गर्छ र सम्पूर्ण लगानी दिन्छ । यसलाई कसरी निजीकरण र व्यापारीकरण भन्ने ?

२०५८ माघ २५ गते तत्कालीन संसद्को बैठकले एकमतले शिक्षामा कम्पनी ऐन लागू हुने विधेयक पास गर्‍यो । अहिले त्यस ऐनअन्तर्गत दर्ता भएका विद्यालयको सङ्ख्या करिब चार हजार छ । जबकि काठमाडौं उपत्यकामा मात्र १३ सय बोर्डिङ स्कूल छन् । प्याब्सन, एन प्याब्सनले खेस्रा तथ्याङ्क भनी देशभर ८ हजार ५०० बोर्डिङ, १ लाख ५० हजारको आसपासमा शिक्षक, कर्मचारी र १५ लाख आसपासमा विद्यार्थी रहेको दाबी पेश गर्ने गरेका छन् । तर, शिक्षा विभागको तथ्याङ्कअनुसार

देशभर केवल ७ हजार ३९७ वटा निजी विद्यालय छन् । बाँकी कहाँ, कसरी चलिरहेका छन् राज्यलाई थाहा छैन र पत्ता लगाउने कोशिश पनि गर्दैन । हाल देशमा सार्वजनिक गुठी, निजी गुठी, कम्पनी ऐन बमोजिमको प्रा.लि., भारतीय शिक्षा ऐनअन्तर्गतका निजी विद्यालयहरू छन् । पछिल्लो समयमा केही बहुराष्ट्रिय कम्पनीहरूले पनि नेपालको शिक्षामा लगानी बढाएका छन् । उच्चमाध्यमिक विद्यालयमा यस्ता संस्थाको लगानी देख्न सकिन्छ । यसरी निजी शिक्षामा पनि विविधीकरण छ ।

बोर्डिङ स्कूलहरूले एसएलसीमा राम्रो अङ्क ल्याउन दश वर्ष लगातार पढिरहेको विद्यार्थीलाई कक्षा नौ मा नै रोक्ने गर्दछन् । जुन जुन विद्यार्थीले डिस्टिङ्शन ल्याउन सक्दछन् उनीहरूलाई मात्र एसएलसीमा प्रवेश दिइन्छ । यसरी विद्यार्थीको मानसिक र अभिभावकको आर्थिक लगानी त्यसै खेर जान्छ । शिक्षकको अतिरिक्त तलब र अतिरिक्त श्रमशोषण गरिन्छ । यो पाटोमा कसको ध्यान जाने ?

वास्तवमा सत्ताको सेवा गर्न र देशको विकास गर्न उच्च चेतना जरुरी हुन्छ । मान्छेले अनुभवबाट प्राप्त गरेको चेतनाको मुख्य स्रोतका आधारमा शिक्षा दिने गरिन्छ । आमजनतालाई साक्षर र शिक्षित पार्ने सम्पूर्ण दायित्व राज्यको हुन्छ । सरकारको दायित्वभित्र परेपछि शिक्षामा निजीकरण र व्यापारीकरणको प्रश्नै आउँदैन । यो नीतिगत प्रश्न हो । नेपालको सन्दर्भमा शिक्षामा भएको निजीकरण र व्यापारीकरणले असाध्यै विकृतिहरू ल्याएको छ । यसले मानव-मानवबीचमा ठूलो भिन्नता थपिदिएको छ । अर्थतन्त्र, संस्कृति, चेतना, विकासमा विविधता ल्याइदिएको छ । यद्यपि निजी विद्यालयहरू पनि एकै प्रकारका छैनन् । त्यसमा पढाउने मान्छेहरूको आर्थिक स्तर पनि फरक फरक छ । नेपालका अति महँगा बोर्डिङहरूमा सम्भ्रान्त परिवारका बच्चाबच्चीहरू पढ्दछन् । उच्च सामन्ती घरानिया, दलाल, नोकरशाह, भ्रष्टराजनीतिज्ञ, दलाल पूँजीपतिले आफ्ना सन्तानलाई यस्ता बोर्डिङहरूमा पढाउँछन् । यस्ता बोर्डिङहरू नेपालमा थोरै भएकाले विदेशमा पढाउने क्रम ज्यादा छ । राजनीतिक पार्टीका नेताहरूले विदेशबाट विभिन्न नाममा आउने छात्रवृत्तिमा आफ्ना छोराछोरीलाई पठाउने गरेका छन् । नोकरशाहहरू, नेताहरू, उद्योगपति व्यापारीहरू, उच्च ओहोदाका सरकारी वा गैरसरकारी संस्थाका कर्मचारीहरूले आफ्ना बालबच्चालाई महँगो बोर्डिङमा पढाउँछन् । सामान्य निजी विद्यालयहरूमा जिल्ला, क्षेत्रस्तरका नेताहरू कर्मचारी, मध्य किसान, सामान्य उद्योगपति, सामान्य व्यापारी र शिक्षकहरूले पढाउँछन् । समानताका लागि दश वर्षसम्म लडेका माओवादीका नेताका छोराछोरीहरू नै महँगा निजी स्कूलमा पढाएको समाचार आएका छन् । यस्तो हुनु भनेको आफूले लिएको विचार र सिद्धान्तप्रति विश्वास नहुनु हो । यो राम्रो र सुखद् लक्षण होइन ।

**प्रवेशिका परीक्षामा राम्रो अङ्क प्राप्त गरेदेखि नै उच्च शिक्षा हासिल गर्नदेखि लिएर रोजगारीका लागि अमेरिका, बेलायत, अस्ट्रेलिया जान तँछाडमछाड गर्दछन् । यसरी पनि भन्न सकिन्छ कि शिक्षामा निजीकरण र व्यापारीकरण गरेर नेपालमा विना लगानीमा साम्राज्यवादीहरूले आफूलाई चाहिने जनशक्ति उत्पादन गरिराखेका छन् ।**

निजी विद्यालयमा पढाइने पाठ्यपुस्तकहरू नेपालकै पाठ्यक्रमका आधारमा तयार पारिएको भनिए तापनि अन्य देशका लागि तयार पारिएकाले त्यसैका आधारमा निर्मित छन् । यस्ता विद्यालयहरूमा नेपाली विषयबाहेक सबै विषयहरू अङ्ग्रेजी भाषामा हुन्छन् । यी पाठ्यपुस्तकका उद्देश्यहरू निश्चित रूपमा नेपाललाई चाहिने जनशक्ति उत्पादनका लागिभन्दा पनि अन्य देशका लागि चाहिने जनशक्ति उत्पादनसँग सरोकार राख्दछन् । त्यसैले त अहिले पढेका लाखौं मान्छेहरू विदेशमा काम गर्न गएका छन् । परराष्ट्र मन्त्रालय अगाडि ट्राफिक जाम गरेर पासपोर्ट र भिसा लिनेको दैनिक लाइन लामो हुन्छ ।

प्रवेशिका परीक्षामा राम्रो अङ्क प्राप्त गरेदेखि नै उच्च शिक्षा हासिल गर्नदेखि लिएर रोजगारीका लागि अमेरिका, बेलायत, अस्ट्रेलिया जान तँछाडमछाड गर्दछन् । यसरी पनि भन्न सकिन्छ कि शिक्षामा निजीकरण र व्यापारीकरण गरेर नेपालमा विना लगानीमा साम्राज्यवादीहरूले आफूलाई चाहिने जनशक्ति उत्पादन गरिराखेका छन् । सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरू पनि रोजगारीका लागि विदेश जान्छन् । राज्यले रोजगारीको समस्या समाधान गर्न नसकेर पनि यस्तो हुन गएको हो । यसका अन्य पाटाहरू पनि छन् ।

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को मौलिक अधिकारको धारा १७ को उपधारा (२) मा "…. माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुनेछ" भनिएको छ । यसरी संविधानमा नै नि:शुल्क शिक्षाको प्रावधान राखिसकेपछि निजीकरण र व्यापारीकरणको कुनै गुञ्जायस रहँदैन । बरु कुनै नागरिकले शिक्षामा भएको निजीकरण र व्यापारीकरणका विरुद्ध अदालतमा मुद्दा दायर गर्न सक्दछ । त्यसैले शिक्षामा निजीकरण र व्यापारीकरण गर्नु भनेको अन्तरिम संविधानको बर्खिलापमा जानु हो ।

निजी शिक्षामा यिनै विकृतिहरू छन् । कुनै देशको शिक्षा प्रणाली कस्तो भनी मापन गर्ने सहज र सरल विधि भनेको त्यहाँको शिक्षाको दार्शनिक पक्ष, शिक्षाको संरचना, पहुँच र उत्पादनका सूचकाङ्को अध्ययन हो । वर्तमान शिक्षा प्रणालीका यी चारवटै पाटाहरू सन्तोषजनक नभएको देखिन्छ । नयाँ संविधान बन्दा सम्पूर्ण शिक्षा प्रणालीका समस्यालाई हटाउनुपर्दछ ।

शिक्षामा रहेको निजीकरण र व्यापारीकरणको अन्त्य गर्नका लागि शैक्षिक कार्यक्रमहरू ल्याइएका छन् । आफैंभित्र भएका समस्याहरूका विरुद्ध लड्नका लागि माओवादी नेताका छोराछोरीलाई निजी विद्यालयबाट निकाल्न, यदि कसैले निजी शिक्षामा लगानी गरेको छ भने हटाउनका लागि गरिएको यो अन्तरसङ्घर्ष पनि हो । सरकारी तलबभत्ता खाने सबैका छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउन नैतिक दबाब दिनका लागि पनि गरिएको पहल हो। सबैका लागि समान वैज्ञानिक, व्यावहारिक शिक्षाको व्यवस्था भए मात्र वास्तविक बालअधिकार र जनअधिकारको सुनिश्चितता हुन्छ ।

**(लोहनी अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष हुन् ।)**

प्रस्ताव

भास्करराज गौतम



# धेरै विकृतिको साझा समाधान: शिक्षक ब्याङ्क




**विद्यालय शिक्षक किताबखानाको तथ्याङ्क अनुसार चालू आ.व. २०६७/६८ मा करिब २००० शिक्षक उमेरको हदले सेवा निवृत्त हुँदैछन् । त्यसैगरी; विगतको 'ट्रेन्ड' हेर्दा वार्षिक करिब तीन सय शिक्षक अन्य कारणले (मृत्यु, स्वेच्छिक अवकाश) सेवा निवृत्त हुने गर्छन् । यो पृष्ठभूमिमा तीनहजार जतिको शिक्षक ब्याङ्क स्थापना गर्न सकियो भने नेपालको तत्कालको खाँचो टर्ने देखिन्छ ।**

२०४५ सालतिरको कुरो हो । तत्कालीन महेन्द्र क्याम्पस, दाङमा भारतबाट परेस पाण्डेय नाम गरेका शिक्षक झिकाइएका थिए । पहिलो दिन कक्षामा पस्दा उनले आफूलाई 'उत्तरप्रदेश लोकसेवा उत्तीर्ण अफिसर' को रूपमा चिनाउँदा विद्यार्थीहरू अलमलमा परे । उत्तरप्रदेश (भारत)को लोकसेवा पास गरेको मान्छे कसरी नेपालको कलेजमा पढाउन आइपुग्यो ? सबैलाई खुल्दुली लाग्यो । करिब वर्ष बित्दा नबित्दै उनी फर्की पनि हाले । पछि सबै कुरा खुलस्त भयो- उनी लोकसेवा पास गरेर जगेडामा राखिएका सम्भाव्य कर्मचारी थिए । कतै दरबन्दी खाली भएपछि उत्तरप्रदेश सरकारले उनलाई काममा बोलाएको थियो ।

कुनै पनि रिक्त स्थानमा तत्कालै स्थायी र योग्य जनशक्तिको आपूर्ति गरिहाल्नको निम्ति यस किसिमको व्यवस्था भारतमा पहिलेदेखि नै भएको पाइन्छ ।

नेपालमा स्थायी, अस्थायी, राहत, लियन, सहयोगी कार्यकर्ता आदि विभिन्न विशेषण जोडिएका शिक्षक पद छन् । सेवा प्रवेशका बखत अस्थायी शिक्षकका रूपमा भर्ती हुने र पछि तिनै व्यक्तिलाई विभिन्न बहानामा स्थायी गर्दै लैजाने पञ्चायती परिपाटी हालसम्म पनि कायमै छ । शिक्षक आपूर्तिमा भइरहने खिचातानी, अस्वस्थ र गैर-शैक्षिक क्रियाकलाप, फितलो नियम-कानुन आदिका कारण 'सबै अस्थायीलाई स्थायी गर्नुको विकल्प नै छैन' भन्ने मानसिकताले सरोकारवालाहरूको दिमागमा जरा गाडेको छ । तर हाम्रो यो मानसिकतामा परिवर्तन ल्याउनै नसकिने र विकल्पहरू भेटिँदै नभेटिने भने होइनन् ।

## के हो शिक्षक ब्याङ्क ?

केन्द्रीय स्तरबाट प्रतिस्पर्धाका आधारमा छनोट भई कुनै जिल्ला शिक्षा कार्यालयको सम्पर्कमा बसेका शिक्षकहरूको समूह नै शिक्षक ब्याङ्क हो । उनीहरू शिक्षक सेवा आयोगका सबै चरणका परीक्षा उत्तीर्ण भई स्थायी नियुक्ति प्राप्तार्थ पालो पर्खाइमा हुन्छन् । कुनै स्कूलमा शिक्षक पद रिक्त

भएको भोलिपल्टै सो ब्याङ्क अथवा समूहबाट एकैचोटि स्थायी र योग्य शिक्षकको व्यवस्था गर्न सकिन्छ । यसबाट पठनपाठनमा व्यवधान पैदा हुने अथवा अस्थायी र अयोग्य शिक्षकबाटै काम चलाउनुपर्ने बाध्यताको अन्त्य गर्न सकिन्छ ।

आयोगको योग्यता क्रमका आधारमा शिक्षकहरूलाई रिक्त दरबन्दीमा नियुक्त गर्दै जाने र नियुक्त मितिका आधारमा मात्र सेवा गणना गर्ने, पायक पर्ने स्कूल वा जिल्ला शिक्षकले नै रोज्न पाउने, कुनै जिल्लाको शिक्षक ब्याङ्कमा शिक्षकको कमी भएमा अर्को जिल्लाको ब्याङ्कमा स्वेच्छाले जान पाउने, एक निश्चित समयभित्र नियुक्ति भइसक्नुपर्ने अन्यथा आयोगको सिफारिस निष्क्रिय हुने जस्ता प्रावधानहरू राखी यस्तो ब्याङ्कलाई सरल, सहज र जीवन्त तुल्याउन सकिन्छ ।

विद्यालय शिक्षक किताबखानाको तथ्याङ्क अनुसार चालू आ.व. २०६७/६८ मा करिब २००० शिक्षक उमेरको हदले सेवा निवृत्त हुँदैछन् । त्यसैगरी; विगतको 'ट्रेन्ड' हेर्दा वार्षिक करिब तीन सय शिक्षक अन्य कारणले (मृत्यु, स्वेच्छिक अवकाश) सेवा निवृत्त हुने गर्छन् । यो पृष्ठभूमिमा तीनहजार जतिको शिक्षक ब्याङ्क स्थापना गर्न सकियो भने नेपालको तत्कालको खाँचो टर्ने देखिन्छ । शिक्षक सेवा आयोगले सबै विधि पुऱ्याएर विना हतार र दबाबमा शिक्षक चयन गर्दा शिक्षकहरूको जमात समावेशी, योग्य र ताजा त हुन्छ नै; पहुँच र पैसाको आधारमा शिक्षक बन्ने परम्पराको पनि अन्त्य हुन्छ र अन्ततः शैक्षिक गुणस्तरको आधारशिला खडा हुनसक्छ ।

विषयगत शिक्षकहरू खुल्ला प्रतिस्पर्धाबाट छनोट गर्दा जिल्लागत, अञ्चलगत, क्षेत्रगत अथवा निर्वाचन क्षेत्रका आधारमा समेत स-सर्त विज्ञापन गर्न सकिने हुनाले शिक्षक ब्याङ्क निरन्तर स्थायी शिक्षक आपूर्तिको एउटा उत्तम विकल्प सावित हुन सक्छ । त्यसपछि 'अस्थायी शिक्षक' भन्ने शब्दावली नै इतिहासको विषय बन्न पुग्छ ।

यस्तो ब्याङ्कको स्थापना, अहिले कार्यरत अस्थायी शिक्षकलाई हटाउने उद्देश्यका लागि भने हुनुहुँदैन । अस्थायी शिक्षकहरूले उमेरको हदसम्म आयोगको प्रतिस्पर्धामा सामेल हुन पाउनुपर्छ । त्यसैगरी उनीहरू उमेरको हदसम्म जागिरमा रहन सक्ने वातावरण पनि दिइनुपर्दछ । अस्थायी शिक्षकहरू सेवा निवृत्त हुँदा राज्यले दिने सेवा, सुविधाका बारेमा वेलैमा नीतिनियम तर्जुमा गरेको खण्डमा 'शिक्षक ब्याङ्क' लाई कसैले पनि 'सौता' ठान्ने छैनन् ।

## दरबन्दी मिलानमा सहजता

हामीकहाँ शिक्षक नियुक्ति विद्यालय व्यवस्थापन समितिले गर्ने र सरकारी निकायले समर्थन मात्र गर्ने परिपाटी लामो समयदेखि चलेको छ । यही परिपाटीका कारण मावि, निमाविमा सामाजिक विषयका शिक्षक आवश्यकता भन्दा बढी सङ्ख्यामा नियुक्त भएका छन् । यसरी विषयगत खाँचो र शिक्षक दरबन्दीबीच सामञ्जस्य नहुँदा शैक्षिक गुणस्तरमा प्रतिकुल असर परेको छ । शिक्षकको स्थानान्तरण उनको व्यक्तिगत सहमतिमा मात्र हुने वर्तमान परिपाटीले शिक्षक वितरण प्रणाली समानुपातिक र खाँचोमा आधारित हुनसकेको छैन । परिणामतः त्यसको असर पनि पठनपाठनमा पर्न गएको छ । यो समस्याको समाधान रिक्त दरबन्दी मात्र स्थानान्तरण गर्ने नीति अपनाउनु हुनसक्छ । यसलाई सरलीकरण गर्न पनि शिक्षक ब्याङ्कको अवधारणा नै सहयोगी हुन्छ । रिक्त दरबन्दीमा आफ्नो मान्छे भर्ती गर्न नमिल्ने भएपछि सो पद अर्को आवश्यक विद्यालय वा जिल्लामा स्थानान्तरण गर्दा वि.व्य.स.बाट व्यवधान हुने सम्भावना स्वतः हटेर जान्छ ।

## शिक्षक छनोट कार्य केन्द्रीकृत किन ?

कुनै पनि व्यक्ति शिक्षक बन्नका लागि योग्य छ वा छैन भन्ने कुरा गहन मनोवैज्ञानिक परीक्षाबाट मात्र यकिन गर्न सम्भव हुन्छ । कोही व्यक्ति कुनै काम नपाएर शिक्षक भए पनि बनिहालौं भनेर आएको छ कि वास्तवमै शिक्षक बन्न उत्सुक र योग्य पनि छ भन्ने थाहा पाउन बौद्धिक र मनोवैज्ञानिक छनोट प्रणाली अत्यावश्यक हुन्छ । विशेषज्ञहरूको संलग्नताबाट मात्र कुनै पनि व्यक्तिको क्षमता, उपलब्धि, बुद्धि, प्रतिभा, प्रवृत्ति र सम्भावित क्षमता (Aptitude) को सही मापन र परीक्षण सम्भव हुन्छ ।

शिक्षक छनोटको सन्दर्भमा हाम्रा वि.व्य. समितिहरू शैक्षिक तथा मनोवैज्ञानिक विशेषज्ञहरूको सेवा लिन आर्थिक र व्यावहारिक रूपले सक्षम छन् त ? के तिनले अभिवृत्ति (Aptitude) परीक्षण सक्छन् ? यी प्रश्नको जवाफ स्वाभाविक रूपमै नकारात्मक हुन्छ । अतः यस्ता पेशागत छनोटका कार्यहरू विश्वसीनयता, वैधता, प्राविधिक र आर्थिक कारणले समेत केन्द्रीयस्तरका संरचनामा मात्र सम्भव हुन्छ । मौजुदा शिक्षक आपूर्ति व्यवस्था त एकातिर योग्य शिक्षक छनोटमा असफल भएको छ भने अर्कोतिर शैक्षिक गुणस्तर गिराउनमा समेत जिम्मेवार देखिएको छ ।

## वास्तविक व्यवस्थापन समिति

*शिक्षक* मासिक, जेठ २०६७ को अङ्कमा राधेश्याम अधिकारीले लेख्नुभएको छ, "हाम्रा स्थानीय नेता र नागरिक समाजका प्रतिनिधिले आफ्नो सेरोफेरो वा विद्यालयहरूमा अहिले पनि चाख त लिएका छन् तर केका लागि भने विद्यालय व्यवस्थापन समिति हत्याउन र त्यहाँ शिक्षकका रूपमा आफन्त भित्र्याउनका लागि मात्र ।" तर, यदि माथि उल्लेख गरिएझैं वर्तमानको शिक्षक आपूर्तिको व्यवस्था ब्याङ्कको माध्यमबाट हुने हो भने वि.व्य.स. मा स्वार्थरहित शिक्षाप्रेमीहरूको पहुँच सुनिश्चित र वास्तविक विद्यालय व्यवस्थापन समिति बन्नेछ ।

**(लेखक विद्यालय निरीक्षक हुन् ।)**




## सफल नागरिकका असल शिक्षक

कुन्द दीक्षित

# मेरा वाक्य-वाक्यमा गुरुवाणी

**मैले अहिलेसम्म गरिरहेको पत्रकारिताको वाक्य वाक्यमा सुबोल गुरुले दिएको अर्ति, बुद्धि गाँसिएका छन् जस्तो लाग्छ मलाई । गुरु बरट्रान्ड सुबोलले सिकाएका कुराकै आधारमा म अहिले मेरा पाठक र विद्यार्थीहरूसँग सम्वाद गर्दैछु ।**

समाजमा परिवर्तन ल्याउन जनचेतना चाहिन्छ । त्यस्तो चेतना फैलाउन शिक्षा र सञ्चारमाध्यमहरूको ठूलो भूमिका हुन्छ । आफू पत्रकार भएकाले होला, मलाई चेतना जगाउन र फैल्याउनका लागि शिक्षाभन्दा सञ्चार शक्तिशाली छ जस्तो लाग्थ्यो । तर हिजोआज पत्रकारितामार्फत समाजलाई सजग बनाउन तुरुन्तातुरुन्तै सूचना प्रवाह गर्न सके पनि, त्यसले पाठक अथवा श्रोता वा दर्शकहरूमा साँच्चिकै ठूलो परिवर्तन ल्याउँछ भन्ने कुरामा शङ्का लाग्न थालेको छ । बरु सञ्चारमाध्यमले त नागरिकहरूलाई झन् सङ्कुचित, नकारात्मक र आशाहीन पो बनाउने हुन् कि भन्ने लाग्न थालेको छ ।

सञ्चारका उपभोक्ता प्राय: प्रौढ मानिसहरू हुन्, जो आफ्नो बानीव्यहोरा बदल्न निकै अन्कनाउँछन् । मानिसको बानीव्यहोरामा परिवर्तन ल्याउन 'ठीक' वा 'बेठीक' के हो भन्ने कुराको चेतना नै पहिलो आवश्यकता हुन्छ । चेतनाले मात्र पुग्दैन तर पहिलो पूर्वाधार भने चेतना नै हो । शिक्षाको माध्यमबाट समाजमा परिवर्तन ल्याउन १५–२० वर्ष लाग्ला तर भविष्यको सचेत नागरिक निर्माण गर्न सञ्चारमाध्यमले भन्दा यसले धेरै प्रभावकारी भूमिका खेलेको हुन्छ । साँच्चिकै दीर्घकालीन समाज सुधारको लागि शिक्षा नै बढी प्रभावकारी हुन्छ भन्ने मेरो निष्कर्षको आधार आफ्नै अनुभव पनि हो ।




लेखक

एउटा व्यक्तिको शिक्षामा एउटा विद्यालय, एउटा शिक्षक अनि बाबुआमाको ठूलो भूमिका रहेको हुन्छ । मलाई प्राथमिकदेखि हाईस्कूल, कलेज र युनिभर्सिटीसम्म धेरै शिक्षकहरूले पढाए । तर अहिले ५६ वर्षको उमेरमा आएर हेर्दा एउटा गुरुले मेरो पूरै विचार प्रणाली, समाजलाई हेर्ने र सोच्ने तरिका नै निर्माण गरिदिए जस्तो लाग्छ ।

हामी ६ कक्षामा गोदावरीको सेन्ट जेभियर्स स्कूलमा पढ्थ्यौं, म १२ वर्षको थिएँ । बेल्जियमका पादरी बरट्रान्ड सुबोल हामीलाई 'ज्ञानी कसरी बन्ने' नामको पुस्तकको आधारमा 'मोरल साइन्स' भन्ने विषय पढाउनुहुन्थ्यो । फादर सुबोलले हामीलाई 'ज्ञानी हुनुपर्छ' भनेर सीधा कहिल्यै भन्नु भएन, बरु आफ्नै सरल र मिलनसार व्यक्तित्वलाई नै उदाहरण बनाएर ज्ञानी हुन नै सिकाउनुभयो । उहाँले त्यसवेला हाम्रो कमलो मनमा गहिरो प्रभाव पर्ने गरी सिकाएको कुरा अहिलेसम्म म सम्झन्छु: 'आफूभन्दा कमजोरलाई मद्दत गर्नू, सबैसँग हाँसीखुसी व्यवहार गर्नू, कहिल्यै नरिसाउनू, सधैं सकारात्मक विचार राख्नू, प्रकृति र वातावरणको रक्षा गर्नू, आफ्नो सुन्दर देशलाई समृद्ध बनाउन लाग्नू तर अरू माथि टेकेर र थिचेर अथवा वातावरणलाई बिगारेर हैन ।'

सुबोल गुरुले यी मूल्यमान्यताहरूलाई धर्मको दृष्टिले कहिल्यै हेर्नुभएन । आफैं धर्मगुरु भए पनि क्राइस्टले भनेको हुनाले यी कुराहरू हामीले मान्नुपर्छ भन्नुभएन । उहाँले येशुको नाम कहिल्यै लिनुभएन हाम्रो अगाडि । उहाँले हामीलाई जे सिकाउनुभयो त्यो सबै आधारभूत मानवतामा आधारित थियो । उहाँले धर्मबाट भन्दा अध्यात्मबाट संसार हेर्न सिकाउनुभयो ।

म फादर सुबोलको कोठानिरको चौरमा उहाँको मौरीपालन



बरट्रान्ड सुबोल

**गुरुले मलाई स्याबासी दिनुहोला र मेरो ज्ञान एवं सीपको तारिफ गर्नुहोला भन्ठानेको थिएँ। तर उहाँले सोध्नुभयो, "कति पर्छ यो वायोग्यास बनाउन ?" मैले 'करिब १० हजार डलर पर्ला' भनें। र, उहाँले त्यसवेला भनेको वाक्यले मलाई छानाबाट खसेजस्तै भयो। "कुन्द, दैवले यस्तो सरल र सस्तो किसिमले बनाइदिएकै कुरालाई तिमीले किन यतिको महँगो र जटिल बनाएको ?" त्यसवेला मलाई लाग्यो कि मैले गुरुबाट केही पनि सिकेको रहेनछु।**

हेर्न जान्थें, उहाँले बनाएको सानो वायोग्यासको उपकरण एकदमै घत लाग्थ्यो: गोबरबाट नीलो र धुवाँ नआउने आगो निकालेको देखेर। फादर सुबोलसँग हामी लेले, नारायणथान, किट्नी, फूल्चोकीको पदयात्रा गर्थ्यौं। नेपालमा औपचारिक रूपले भित्रिनुभन्दा धेरै पहिले नै उहाँले हामीलाई सुधारिएको चुलो, लघु जलविद्युत्, मकै पिँध्ने मात्रै होइन कि बिजुली पनि निकाल्न सक्ने घट्ट जस्ता कुरा देखाइसक्नुभएको थियो। उहाँ हामीलाई जङ्गलको बाटो हिँडेका वेला जडीबुटीको बारेमा बताउनुहुन्थ्यो। वनको इको-सिष्टममा हरेक जीवाणुको आफ्नो भूमिका हुन्छ र यसले वातावरणीय सन्तुलन ल्याउँछ भन्ने कुरा मैले १२–१३ वर्षकै उमेरमा जानेको थिएँ। तर यो ज्ञान मैले कक्षामा बसेर किताबहरू पढेर हैन, गुरुसँग भावरको लेकको वनजङ्गल घुमेर सिकेको थिएँ।

फूल्चोकीको ३,१०० मिटरको उचाइबाट सुबोल गुरु उत्तरतिर लहरै विराजमान हिमालहरूको परिचय दिनुहुन्थ्यो। हाम्रो देशका पहाडहरू हामीलाई नै चिनाइदिनुहुन्थ्यो। त्यो उमेरमै मलाई धौलागिरि, अन्नपूर्ण, हिमालचुली, गणेश, लाङटाङ, दोर्जेलाक्पा, गौरीशङ्कर, नुम्बुरको आकार; ती शिखरहरूको उचाइ र त्यहाँ बग्ने खोलानालाहरू कण्ठ थिए। नेपालको भूगोल मैले किताबबाट पछि मात्र सिकें, त्योभन्दा धेरै पहिले गुरुको आँखाबाट देखें र जानें।

जीव-विज्ञान, भूगर्भ-विज्ञान, समाजशास्त्र, उपयुक्त प्रविधि र 'इकोलोजी'प्रतिको मेरो रुचि र ज्ञान ती पहाडहरूको पदयात्रा र सुबोल गुरुले वायोग्यास बालेर खुवाएको चियाबाटै आएको हो। विज्ञान मात्रै होइन, समाजमा बस्न, गुन लगाउन, एउटा नमुना नागरिक बन्न के-के गर्नुपर्छ भन्ने कुरा उहाँले अर्ति दिएर, प्रवचन गरेर अथवा घोकाएर नभई आफ्नै व्यवहारबाटै सिकाउनुभयो। बाँच र बाँच्न देऊ, आफ्नो स्वतन्त्रताले अरूको स्वतन्त्रतालाई असर नपारौं भन्ने भावना तथा स्वाभिमान, देशप्रेम, नेपाली हुँ भन्ने गर्व र आफ्नै देश चिन्ने प्रेरणा एउटा परदेशी गुरुले कलिलै उमेरमा ममा जागृत गराइदिनुभएको रहेछ।

स्कूलपछि म त्रि-चन्द्र कलेजमा 'जियोलोजी' र 'वायोलोजी' पढ्न गएँ। विज्ञानमा खुबै रुचि थियो। मास्टर्स गर्न नेपाल बाहिर गएँ। एमएस्सीको थेसिस गर्दा चिसो ठाउँमा कसरी वायोग्यास निकाल्ने भनेर अनुसन्धान गरें। युरोपका मेरा अर्का गुरुले धेरै प्रशंसा गरेका थिए मेरो वायोग्यासको नयाँ खालको डिजाइन बारे। मलाई पनि 'ए म त ठूलै वैज्ञानिक पो भएछु क्यारे' जस्तो लाग्थ्यो र आफ्नो नयाँ यन्त्रले नेपालका हिमाली भेगमा गोबरग्यास फैलाउन मद्दत गर्छ भन्ठान्थें।


स्कूल छाडेको १० वर्षपछि सन् १९८० मा सुबोल गुरुसँग भृकुटीमण्डपमा वायोग्यासको प्रदर्शनीमा भेट भयो। मलाई त खुसी लाग्ने नै भयो, गुरु पनि मलाई देखेर खुसी हुनुभयो। मैले मेरो नयाँ वायोग्यास उपकरणको बारेमा घमण्ड गरेर बताएँ। गुरुले मलाई स्याबासी दिनुहोला र मेरो ज्ञान एवं सीपको तारिफ गर्नुहोला भन्ठानेको थिएँ। तर उहाँले सोध्नुभयो, "कति पर्छ यो वायोग्यास बनाउन ?" मैले 'करिब १० हजार डलर पर्ला' भनें। र, उहाँले त्यसवेला भनेको वाक्यले मलाई छानाबाट खसेजस्तै भयो। "कुन्द, दैवले यस्तो सरल र सस्तो किसिमले बनाइदिएकै कुरालाई तिमीले किन यतिको महँगो र जटिल बनाएको ?"

त्यसवेला मलाई लाग्यो कि मैले गुरुबाट केही पनि सिकेको रहेनछु। वायोग्यासलाई नेपाली गाउँघरमा दाउराको विकल्प बनाउने हो र धेरै प्राङ्गारिक मल तयार गर्ने हो भने सबैभन्दा मुख्य कुरा यो प्रविधि सस्तो हुनुपर्ने थियो। मैले बनाएको डिजाइन त युरोपको लागि पनि महँगो थियो। गुरुबाट मैले अझै सिक्दै थिएँ, नेपाल जस्तो मुलुकमा विज्ञान र प्रविधिको प्रयोग र व्यावहारिकताका बारेमा धेरै ध्यान दिनुपर्छ। "सानो सुन्दर हो" भन्ने कुरा बुझें।

पछि वैज्ञानिक हुन छाडेर म पत्रकारितातिर लागें। कस्तो खालको पत्रकारिता गर्दा देश, समाज र वातावरण संरक्षणलाई मद्दत गर्छ भन्ने बारेमा *डेटलाइन अर्थ: जर्नलिजम एज इफ द प्लानेट म्याटर्ड* नामक किताब पनि प्रकाशित गरें। त्यस किताबमा र मैले अहिलेसम्म गरिरहेको पत्रकारिताको वाक्य वाक्यमा सुबोल गुरुले दिएको अर्ति, बुद्धि गाँसिएका छन् जस्तो लाग्छ मलाई। गुरु बरट्रान्ड सुबोलले सिकाएका कुराकै आधारमा म अहिले मेरा पाठक र विद्यार्थीहरूसँग सम्वाद गर्दैछु।

## नेपाल-अध्ययन

डा. तीर्थबहादुर श्रेष्ठ



# वनको ज्ञान र विज्ञान



**अमेरिकाको क्यालिफोर्नियाका *जायन्ट सिकुव्रा* नामका रूख ८३.८ मिटरसम्म अग्ला हुन्छन् । अमेरिकाकै *डगलसफर* नामक डिंग्रेसल्ला चाहिँ हाम्रो धरहरा (५९.२९ मिटर) जत्तिकै अग्लो हुन्छ । नेपाली रूखहरूमध्ये अग्लो वर्गमा साल, सिमल, देवदार पर्छन् । यिनको उचाइ ३०-४० मिटरसम्म हुन्छ । अर्थात् हाम्रा कुनै पनि रूखले धरहरालाई उछिन्न सक्दैनन् ।**

इस्वी सम्वत्को नयाँ वर्ष २०११ को थालनीसँगै 'अन्तर्राष्ट्रिय वन वर्ष' पनि प्रारम्भ भएको छ । संयुक्त राष्ट्रसंघको यो घोषणाको स्वागत गर्दै नेपाल सरकार वन मन्त्रालयले केही नौला प्रस्ताव अघि सारेको छ । त्यस अनुसार यो वर्षलाई 'प्लान्ट होलिडे' को रूपमा 'एउटा पनि रूख काट्न अनुमति नदिने' नीति बनाएको समाचार पुस १६ गते पढ्न पाइयो । तर, 'ढलेका, सुकेका, धोद्रा, बाङ्गा/टिङ्गा रूख भने काटेर बजार आपूर्ति गरिनेछ' भन्ने अपवाद त्यहाँ जोडिएकै रहेछ । त्यसको अघिल्लो दिन मात्र 'सात वर्षमा एक लाख हेक्टर वन क्षेत्र अतिक्रमण' भन्ने समाचारले अखबार पिटेको थियो । आजभोलि अपवादले शासन गरेको वेला, अवैधानिक शक्तिको बोलवाला भएको वेला, 'नेपालको वन तस्करीको धन' भन्ने जनगुनासो गुञ्जेको वेला कस्तालाई रूख मान्ने ? कस्तालाई रूख नमान्ने ? कस्तालाई काट्न हुने, बाङ्गा/टिङ्गा भन्ने ? कस्तालाई सोझा र काट्न नहुने जस्ता प्रश्नले किचलो उठाए भने 'प्लान्ट होलिडे' को पावन मर्म मर्माहतमा पुग्न बेर लाग्दैन । तर यदि जनमानसमा देशप्रेमको जागरण आयो भने, युवा विद्यार्थी एवं शिक्षक वर्ग आन्दोलित भयो भने, नेपालमा पनि 'चिप्को आन्दोलन' चम्कन सक्छ । त्यतिवेला हाम्रा युवा र युवतीहरू पनि आ-आफ्ना गाउँ र जिल्लाका रूखलाई अँगालोमा बेरेर बञ्चरोको सामना गर्न छन् भन्ने विश्वासका साथ वन र वृक्षको वानस्पतिक विवेचनातिर लागौं ।

वन हामीलाई थाहा नभएको विषयवस्तु होइन । तर वनको परिभाषा गर्नुपर्‍यो, वनलाई वर्गीकरण गर्नुपर्‍यो वा वनसम्पदाको जोखना गर्नुपर्‍यो भने चाहिँ सजिलो हुँदैन । वन ऐन तथा नियमावली हेर्‍यौं भने 'वन भन्नाले पूर्ण वा आंशिक रूपमा रूखहरूले ढाकिएको क्षेत्र सम्झनुपर्छ' भनी तोकेको हुन्छ । सरकारी तथ्याङ्क अनुसार आज नेपालको कुल भू-भागको २९.६ प्रतिशत वन क्षेत्र रहेको दाबी गरिन्छ । यो आँकडाभित्र कतिसम्म पातलो वन अटाएको छ भन्ने प्रश्न केलाउनु आवश्यक हुन्छ । वन प्राविधिकहरू वनको हैसियत तय गर्न वनभित्र छिरेर त्यहाँबाट आकाश कति देखिन्छ भन्ने कुराको हिसाब गर्छन् । त्यहाँबाट हेर्दा ९० प्रतिशत खुल्ला आकाश देखिन्छ र १० प्रतिशत मात्र पनि रूखको हरियालीले छेकेको छ भने त्यस क्षेत्रलाई वन क्षेत्र मानेर हिसाब निकालिएको हुन्छ । आजभोलि हवाई चित्र एवं अन्तरिक्ष यानले पठाएका चित्रको अध्ययन गरेर पनि वन कति पातलो वा घना रहेको छ भन्ने अध्ययन हुन्छ । वनभित्र छिरेर दुःख गरिरहन पर्दैन ।

नेपालमा भोट, हिमाल, पहाड, महाभारत, मधेश, चुरे र तराई आदि विभिन्न भू-स्वरुप भएकाले पनि वनहरू भिन्न-भिन्न प्रकारका हुन्छन् । व्यवस्थापनको हिसाबले भने ऐन-नियमले तोकेबमोजिम सात प्रकारका वन निर्धारण गरिएको छः (१) राष्ट्रिय वन (२) सरकारद्वारा व्यवस्थित वन (३) संरक्षित वन (४) सामुदायिक वन (५) कबुलियती वन (६) धार्मिक वन र



**वन प्राविधिकहरू वनको हैसियत तय गर्न वनभित्र छिरेर त्यहाँबाट आकाश कति देखिन्छ भन्ने कुराको हिसाब गर्छन्। त्यहाँबाट हेर्दा ९० प्रतिशत खुल्ला आकाश देखिन्छ र १० प्रतिशत मात्र पनि रूखको हरियालीले छेकेको छ भने त्यस क्षेत्रलाई वन क्षेत्र मानेर हिसाब निकालिएको निकाल्छन्।**

(७) निजी वन। त्यसका अतिरिक्त राष्ट्रिय निकुञ्ज एवं वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्रसँग आबद्ध मध्यवर्ती सामुदायिक वन, धार्मिक वन, निजी वन, मध्यवर्ती क्षेत्र वन जस्ता विभिन्न प्रकारले वन वर्गीकरण गरिएको हुन्छ। यी सबै वर्गीकरणहरू व्यवस्थापन एवं कानुनी दृष्टिमा निर्धारण भएका हुन्छन्। वनको प्रकृति एवं जैविक विविधताको दृष्टिले हेर्दा वनको परिभाषा बेग्लै हुन्छ। वनका प्रकार पनि बेग्लै हुन्छन्। नामकरण पनि बेग्लै प्रकारले गरिन्छ।

वन भन्नाले रूख वा वृक्षको समूह मात्र जनिँदैन र वृक्ष भन्नाले काठ पदार्थ मात्र हुन्छ भन्ने कुरा पनि हुँदैन। वनमा वृक्षहरू हुन्छन्, झारबुटा हुन्छन्, लता-लहरा र सुनाखरीहरू, उन्यूँ-घाँसपात, जराजुरी लगायत च्याउ, लेउ पनि हुन्छन्। वनभित्र बाँस, निगालो, लोक्ता, जडिबुटी र च्याउ पनि हुन्छ। जीव प्राणीमा कीरा, फट्याङ्ग्रा, पुतली, माहुरी, सर्प, छेपारो, भ्यागुता, गड्यौला, जुका र माकुराहरू पनि हुन्छन्। विभिन्न जन्तु र चराचुरुङ्गीका बासस्थान पनि वनभित्र हुन्छन्। वनभित्रको जीवन सञ्जाल र तिनको रहस्य वनैभित्र मात्र अनुभूत हुन्छ। व्याख्या र वर्णनबाट त्यो पूरा हुँदैन।

वन भनेपछि निश्चित रूपमा त्यहाँ रूख हुनैपर्‍यो। रूख भनेपछि त्यसको एउटा मूल खामो हुन्छ भन्ने बुझ्नुपर्‍यो। प्राविधिज्ञहरूको भनाइमा त्यो खामो तीन मिटरभन्दा लामो र त्यसको गोलाइ १० सेन्टिमिटरभन्दा मोटो भए मात्र त्यसलाई रूख मानिन्छ। तर, नेपालको परिप्रेक्ष्यमा यस्तो ठोकुवा परिभाषाले आफैं ठक्कर खान्छ। एकै प्रजातिको रूख पनि स्थानविशेष अनुसार अग्लो र होचो हुन्छ। ढोरपाटनको वनमा ८-१० मिटरको सुरिलो कद हुने धुपिसल्लाको बोट, लेकाली क्षेत्रमा ख्याउटे रुप लिएर झाङ्गिन्छ। त्यसैले हाम्रो सन्भर्दमा एउटा मोटो गोलाइको मूल खामोबाट हाँगाबिँगा पलाएर आकाशतिर उक्लिने बिरुवालाई रूख मान्नुपर्छ। रूख भएपछि आफैं ठडिनु पर्छ। अरूको आडमा आकासिनु हुँदैन। त्यसैले काष्ठ पदार्थले रूखको मूल खामो बनेको हुन्छ। नत्र त केराको बोटलाई पनि रूख मान्नुपर्ने हुन्छ र बाँसलाई पनि रूखमा गणना गर्नुपर्ने हुन्छ। बाँसमा रूखको जस्तो हाँगाबिँगा हुँदैनन्। यो खोक्रो पनि हुन्छ। त्यसैले रूखमा गनिँदैन। संसारमा हजारौं प्रकारका रूखहरू छन्। अमेरिकाको क्यालिफोर्नियाको एक राष्ट्रिय निकुञ्जमा ८३.८ मिटरसम्म अग्लो रूख पाइन्छ। जायन्ट सिकुवा नामका ती रूख हाम्रो धरहरा (५९.२८ मिटर) भन्दा पनि अग्ला हुन्छन्। अमेरिकाको डगलसफर नामक डिंग्रेसल्ला पनि धरहरा जत्तिकै अग्लो हुन्छ। हाम्रा नेपाली रूखहरूमध्ये अग्लो वर्गका रूखमा साल (सखुवा), सिमल, देवदारका वृक्षहरूलाई उल्लेख गर्न सकिन्छ। यी रूख ३०-४० मिटरसम्म अग्ला हुन्छन्। हाम्रा कुनै पनि रूखले धरहरालाई उछिन्न सक्दैनन्।

वन भनेपछि के को वन भन्ने प्रश्न स्वाभाविकै हुन्छ। वृक्ष अनुसार वनको नाम दिने चलन हुन्छ। जस्तै सालको वन, सल्लाको वन, गुराँसको वन, देवदारको वन, उत्तिसको वन, चिलौनेको वन, ढिंग्रेसल्लाको वन आदि। तर भन्दा 'सालको वन' भनिए तापनि त्यहाँ अरू विभिन्न प्रजातिका रूखहरू मिसिएकै हुन्छन्। त्यहाँ बाहुल्य मात्र सालको हुन्छ। कहिलेकाहीं दुई प्रजातिको बाहुल्यमा वन खडा हुन्छ। जस्तै खयर र सिसौ, चिलौने र कटुस, गुराँस र धूपी इत्यादि। जहाँ जसको बाहुल्य बढी हुन्छ त्यसकै नाम अगाडि दिने चलन हुन्छ।

वनको वर्गीकरण र तिनको नामकरण गर्दा स्थानविशेषको जलवायुलाई आधार मान्नुपर्ने धेरै कारणहरू हुन्छन्। मुख्यतया उष्ण क्षेत्र, समशीतोष्ण क्षेत्र र लेकाली क्षेत्रका विशेषतालाई ध्यानमा राखेर वनको वर्गीकरण गरिन्छ। नेपालको परिप्रेक्ष्यमा समुद्र सतहबाट १००० मिटरभन्दा कम उचाइ भएको तराई, मधेश र चुरेको भू-भागमा रहेको वनलाई उष्ण वन मानिन्छ। नेपालको भूगोल अनुसार हामी कर्कट रेखाभन्दा उत्तरमा पर्दछौं। त्यस हिसाबमा हामी उष्ण कटिबन्ध भन्दा बाहिर पर्दछौं। तर हाम्रा वन, वनस्पति र वन्यजन्तुले उष्ण क्षेत्रको प्रतिनिधित्व गर्छन्। हाम्रा गुराँसका वन, देवदारका वन, धोगे चाँपका वन, ओखरका वन आदि विश्वका समशीतोष्ण कटिबन्धका वनको कोटिमा पर्न आउँछन्। जापान, चीन, युरोप र क्यानडा तथा उत्तरी अमेरिका सम-शीतोष्ण कटिबन्धका वनको प्रधानता भएका मुलुक हुन्। यी क्षेत्रमा उत्तरी अक्षांशको साढे ६६ डिग्री नाघेपछि त्यहाँ वन क्षेत्र बिलाउँछ र घाँसेमैदानको संसार थालनी हुन्छ। नेपालमा भने वन क्षेत्रको सिमाना उचाइले तोक्छ, अक्षांशले होइन। लगभग ४००० मिटरको उचाइमा हाम्रो वृक्षरेखा कायम हुन्छ। त्यसभन्दा माथि वन फस्टाउँदैन।

वनको वर्गीकरण एवं नामकरणको अर्को आधार ऋतु अनुसार परिवर्तन हुने रूखको प्रकृतिमा निहित हुन्छ। जाडो

# नेपाल-अध्ययन

**लम्बाइ तीन मिटर र गोलाइ १० सेन्टिमिटरभन्दा बढी भएको वनस्पतिलाई मात्र रूख मानिन्छ । तर, नेपालको परिप्रेक्ष्यमा यस्तो ठोकुवा परिभाषाले आफैं ठक्कर खान्छ । किनभने एकै प्रजातिको रूख पनि स्थानविशेष अनुसार अग्लो र होचो हुन्छ ।**



यामममा पूरै रूख नाङ्गो हुनेगरी पात झरेर जाने खयर, सिसौ, सिमल, ओखर, पैयूँ, शिरीष आदिका वनलाई पतझर वन भन्ने चलन छ भने त्यसरी पात नझर्ने जामुनो, क्यामुनो, चिलौने, कटुस, गुराँसका वनलाई सदावहार वनको कोटिमा राखिन्छ । जाडोमा पात नझर्ने सदावहार तर फूल नफुल्ने कोणधारी वृक्ष जस्तै सल्ला, धूपी, देवदार, ढिंग्रे सल्ला, लोंठ सल्ला आदिलाई कोणधारी वनको कोटिमा वर्गीकरण गरिन्छ । कोणधारी वृक्षको काठ नरम हुने र अरू चौडा पाते वृक्षहरू जस्तै साल, गुराँस, चाँप आदिको काठ साह्रो हुने भएकाले वन विशेषज्ञहरू वन र वृक्षलाई नरम काठे (सफ्ट उड) र साह्रो काठे (हार्ड उड) भनी दुई वर्गमा वर्गीकरण गर्दछन् । त्यस अनुरुप वन गुरुयोजना (सन् १९८८) ले तराईको वनलाई साह्रो काठे मिश्रित वन (तराई मिक्स्ड हार्ड उड) र उच्च क्षेत्रको मिश्रित वनलाई साह्रो काठे वन (अपर स्लोप मिक्स्ड हार्ड उड) भनेर वनको प्रकार छुट्याउने काम गरेको छ ।

प्राकृत रूपमा स्थान अनुसार स्थापित हुने स्थायी प्रकारको वनलाई उत्कर्षमा पुगेको वन (क्लाइमेक्स फरेष्ट) भन्ने चलन छ । पूर्वी र मध्य नेपाल (मेचीदेखि गण्डकीसम्म) १००० मिटरदेखि २००० मिटरसम्मको उचाइमा रहेको चिलौने र कटुसको वन मानव क्रियाकलाप वा अरू प्राकृतिक प्रकोपले विनाश नभएमा स्थायी रूपमा कायम रहन्छ । उक्त क्षेत्रमा वन विनाश भएमा अक्सर सल्लाका रूखहरू उम्रन थाल्छन् ।



वृक्षरोपण गर्दा पनि सल्लो नै बढी सफल हुन्छ । त्यस अवस्थामा सल्लाको वन वा सल्ला मिश्रित चिलौने वा कटुसको वनलाई माध्यमिक वन (सेकेण्डरी फरेष्ट) अथवा दोस्रो पुस्ताको वन भन्ने गरिन्छ । यस्तो वन पछि कालान्तरमा फेरि चिलौने र कटुसकै वनमा परिणत हुन्छ । त्यहाँ सल्लाका वृक्षहरू आफैं नष्ट भएर जान्छन् । पश्चिमी नेपालमा भने १००० मिटर र २००० मिटरको उच्च क्षेत्रमा सल्लाकै वन स्थायी रूपमा स्थापना हुन्छ । त्यहाँको जलवायु र जमिनले उत्कर्ष वनको रूपमा सल्लाको वनलाई स्थापित गरेको हुन्छ । चिलौने र कटुस त्यस क्षेत्रमा स्थापित हुन सक्दैनन् ।

नेपालमा वन विकासको क्रममा धेरै ठाउँमा वृक्षरोपण गरेर वन पाल्ने गरेका उदाहरणहरू छन् । यस्ता वनलाई रोपुवा वन (प्लान्टेशन फरेष्ट) भनिन्छ । कृषि बाली जस्तै वन बाली लगाएर उद्योग र व्यापारबाट फाइदा लिने पुरानै चलन हो । रबरको रूख र टिकको रूखबाट ठूलै व्यापार फस्टाएको उदाहरण यहाँ उपयुक्त हुन्छ । नेपालमा युकालिप्टस (मसलाको रूख) रोपेर वन उद्योग चलाउने प्रयासहरू पनि भएका थिए । 'प्लान्ट होलिडे' ले यस्ता वनमा रहेका रूखहरू काट्ने वा छाँट्ने विषयमा के नीति लिने होला, भविष्यले बताउनेछ । यसैगरी सामुदायिक वन उपभोक्ताहरूको प्रतिक्रिया पनि आउन बाँकी नै छ ।

नेपालको वनको विविधता के-कस्तो छ र के-कति प्रकारका वन छन् भन्ने भरपर्दो जानकारी एडम स्टेन्टनले सन् १९७२ मा प्रकाशित गरेको *'फरेष्ट अफ नेपाल'* अर्थात् नेपालको वन नामक पुस्तकबाट प्राप्त हुन्छ । उनले नेपालको वनलाई ३५ प्रकारमा वर्गीकरण गरेका छन् । सो अनुसार उष्ण र उप-उष्ण प्रदेशमा १० प्रकारका वन छन् भने समशीतोष्ण एवं लेकाली क्षेत्रमा २५ प्रकारका वनहरू भेटिन्छन् । यसैगरी वन र वनस्पतिलाई आधार बनाएर नेपालको पर्यावरणलाई नक्साङ्कन गर्ने काम गर्दा ३६ विभिन्न प्रकारका पर्यावरण क्षेत्र र (इकोलजिकल रिजन्स) ले नेपालको भूगोल ओगटेको छ ।

आफ्नो गाउँ-जिल्लामा वनहरू के कति प्रकारका छन् र तिनको संरक्षण तथा सम्बर्द्धन कसरी गर्ने भन्ने आधारभूत ज्ञान प्राप्त गर्ने अवसरको रूपमा अन्तर्राष्ट्रिय वन वर्षलाई सकार्न उचित होला । हाम्रो जीविकोपार्जन र सुरक्षित भविष्य एवं समसामयिक विकासको लागि वनले के-कस्तो भूमिका खेल्न सक्छ भन्ने यथार्थ ज्ञान पनि हामीले आर्जन गर्नुपरेको छ ।

रमेशहरि शर्मा ढकाल



# अक्षर भनेका रेखा हुन्

**अक्षर लेख्न सिकाउँदा वर्णमालाको पहिलो अक्षर ('अ' वा 'क') होइन, सबैभन्दा सजिलो अक्षरबाट थालनी गर्नुपर्छ। सिकाइको सिद्धान्त नै हो– पहिले सरल अनि मात्र जटिल कुरा सिकाउने।**

## अक्षर लेख्न कसरी सिकाउने ?

आदरणीय शिक्षक मित्र ! के तपाईं प्राथमिक-पूर्व प्राथमिक तहमा नेपाली पढाउनुहुन्छ ? के उनीहरूलाई अक्षर लेख्न सिकाउन गाह्रो भएको छ ? के उनीहरू अक्षर लेख्दा उल्टोपाल्टो पनि पार्छन् ? अथवा आफ्नै घरमा बालबालिकालाई अक्षर सिकाउन अप्ठ्यारो लाग्ने गरेको छ ?


साना नानीहरूलाई पहिलो पटक अक्षर लेख्न/चिनाउन प्राय: सबैलाई कठिन नै हुने गर्छ। अत: यहाँ अक्षर लेखाइसम्बन्धी केही सरल तरिकाहरूबारे चर्चा गर्न लागिएको छ। यहाँ बताइएका विधिहरू अवलम्बन गर्दा अक्षर लेखन-सीप सिकाउन अवश्य पनि केही सजिलो हुनेछ।

अक्षर लेख्न सिकाउँदा वर्णमालाको पहिलो अक्षर ('अ' वा 'क') होइन, सबैभन्दा सजिलो अक्षरबाट थालनी गर्नुपर्छ। अनि अक्षर चिनाउने र लेखाउने काम सँगसँगै गर्नु/गराउनुपर्छ। सिकाइको सिद्धान्त नै हो- पहिले सरल अनि मात्र जटिल कुरा सिकाउने।

शिक्षक साथीहरू ख्याल राखौं- अक्षर भनेकै रेखाहरू हुन्। विभिन्न आकारका रेखाबाटै अक्षरका आकृतिहरू बन्दछन्। अत: विद्यार्थीलाई सिसाकलम वा खरी समाउन दिएपछि शुरुशुरुमा मनपरी रेखाहरू कोर्न दिनुपर्छ। तपाईं के मात्र ध्यान राख्नुस् भने उसले सिसाकलम वा खरी सजिलोसित समातेको छ कि छैन। लेख्ने साधन समाउने तरिका नमिल्दा अक्षर नराम्रा हुने र गति नबढ्ने हुन्छ। दोस्रो चरणमा उसलाई छड्के, ठाडो, तेर्सो, बाङ्गो, टिङ्गो, गोलो धर्को तान्न लगाउनुस्। शुरुमा आफैं त्यस्ता धर्को तानेर देखाइदिनुस् र त्यस्तै धर्को बनाउन लगाउनुस्। यसबाट के फाइदा हुन्छ भने उसले चाहेको दिशामा नाडीलाई घुमाएर आकार बनाउन सक्छ। यदि उसको हात समाउनुभयो भने उसले आफ्नो हातलाई अररो पार्न सक्छ। त्यसैले समाउनै पर्ने भए मात्र हलुका गरी समाएर सहयोग गर्नुहोस्। सकेसम्म नसमाउनु नै जाती।

जब बालबालिकाले हातलाई दायाँबायाँ घुमाएर विभिन्न आकारका रेखाहरू कोर्न थाल्छन् तब उनीहरूलाई अक्षर देखाउँदै, चिनाउँदै, उच्चारण गराउँदै लेखाउँदै गर्नुस्। पहिले सबै अक्षर चिनून् अनि लेखाउँला भन्ने सोचाइ नराख्नुहोस्। उनीहरूले वा उसले चिनेको अक्षर लेख्दै जाओस्। यो एकीकृत क्रियाकलाप हो र यसमा समय पनि कम लाग्छ र सिकाइ पनि स्थायी हुन्छ। हाम्रो वर्णमालामा थुप्रै अक्षरहरू उस्तै उस्तै छन्। तिनमध्ये एउटा आधार अक्षर लेखाएर त्यसैमा अरूको पनि अभ्यास गराउन सकिन्छ।

हेर्नुहोस् त आकार (कान्दानी) का दुई वटा चिह्न (ा) सँगै जोडेर राख्दा बन्ने आकृति 'ग' बाट कुन कुन अक्षर बन्दा रहेछन्।




सिकारु बालबालिकाहरूलाई माथि देखाएको जस्तै आकार दिनुहोस्, अक्षर देखाउनुहोस् र जोडजाड पारेर नयाँ-नयाँ अक्षर बनाउन लगाउनुहोस्। यो एकप्रकारको रमाइलो खेल पनि हुन्छ र एउटा पछि अर्को अक्षर बन्दै जाँदा विद्यार्थीहरू सिकाइका लागि उत्प्रेरित पनि हुँदै जान्छन्।

अब अर्को अक्षर लिनुहोस् 'ट' र यसबाट पनि माथि भैंm अरू थुप्रै अक्षरहरू बनाउन लगाउनुहोस्,

# कक्षाकोठा नेपाली अक्षर शिक्षण

यसरी– ‘ट’ बाट



त्यसैगरी– ‘व’ बाट



यसैगरी– ‘उ’ बाट



‘त’ ‘न’ दुवैबाट ‘ल’ सिकाउन सकिन्छ ।

‘ज’ बाट ‘ज्ञ’ बनाउन सिकाउनुस् ।

‘त्र’ बाट ऋ लेख्न सिकाउनुस् ।

बाँकी रहेका ‘ञ’ र ‘श’ को छुट्टै अभ्यास गराउनुहोस् ।

यी त भए मात्रारहित अक्षरका कुरा । अब मात्रा सहितका अक्षर पनि सिकाऔँ ।

यसनिम्ति सर्वप्रथम बालकले सिकेका अक्षरबाट बन्ने शब्दहरू चयन गर्नुहोस्। ती शब्दको उच्चारणमा पर्याप्त अभ्यास गराउनुहोस् । यसो गर्दा अक्षरलाई विभिन्न स्थानमा पर्ने गरी शब्द खोज्नुहोस् । (याद राख्नुहोस् त्यस्ता, शब्द सार्थक र विद्यार्थीले सुनेको वा थाहा पाएको हुनुपर्छ ।)

मात्रा सिकाउँदा पनि क, का, कि, की, कु, कू गराउनु पर्दैन । क्रमश: ‘आ’ को मात्रा सबै अक्षरमा लगाउन सिकाउनुहोस्, अभ्यास गराउनुहोस्, अनि ‘इ’ को मात्रामा प्रवेश गर्नुहोस् । सबैभन्दा पहिले मात्रा र मात्राले प्रतिनिधित्व गर्ने ध्वनिको परिचय दिनुहोस्–

‘अ’ मा मात्रा नभए झैं क, ख, ग, घ मा पनि मात्रा थिएनन् ।

‘अ’ मा ‘ा’ थपेर ‘आ’ बनाएझैं का, खा, गा बनाउन सकिन्छ । यसैगरी ि= इ, ी= ई, ु=उ, ू=ऊ, ृ=ऋ, े=ए, ै=ऐ, ो=ओ, ौ=औ, ं=अं (याद राख्नुहोस्, शिरबिन्दु ‘ं’ पनि मात्रा होइन ।)

अब ‘अ’ लेख्न लगाई ‘ा’ तान्न लगाउनुहोस् र ‘आ’ भन्न लगाउनुहोस् । नजिकै ‘म’ लेख्न लगाई ‘ा’ तान्न लगाउनुहोस् र ‘मा’ भन्न प्रेरित गर्नुहोस् । अब ‘आ’ र ‘मा’ लाई छिटो भन्न लगाउनुहोस् । यसैगरी पापा, काका, नाना, चाचा, दादा, रारा, माला जस्ता शब्दहरू दिँदै उच्चारण गरी लेख्न लगाउनुहोस् । साथै मात्राविहीन अक्षर पनि मिसाइ दिनुहोस्, जस्तै– खराब आकार, अचार आदि ।

यसैगरी अन्य मात्राहरूमा पनि अभ्यास गराउनुहोस् र थाहा पाउनुहोस् तपाईंका विद्यार्थीले परम्परागत तरिकाभन्दा आधाभन्दा कम समयमा सबै मात्रा एकसाथ चिन्न, लेख्न र भन्न सक्नेछन् । यो प्रयोगसिद्ध सीप हो । कुनै मात्रा सिकाएपछि त्यही र सिकिसकेका मात्रा लागेका शब्दमा पर्याप्त अभ्यास गराउनुपर्छ। तर ‘आ’ को मात्रा सिकाएर ‘किताब’ लेख्न नभन्नुहोस् ।

अब आधा अक्षर सिकाउने पालो आयो । यसका लागि पहिले सिक्ने वातावरणलाई रमाइलो पारौं । हाम्रा अक्षर तीन प्रकारका छन्:

१) खुट्टा भएका– ख, ग, घ, च, ज, ञ, ण, त, थ, ध, न, प, ब, म, भ, य, ल व, श, ष, स, क्ष, त्र, ज्ञ

२) हात भएका– क, झ, फ

३) केही नभएका– ङ, ट, ठ, ड, ढ, द, छ, ह, र

एउटा खेल गराउनुहोस् । सबैलाई उभिन भन्नुहोस् । अब एउटा खुट्टाले मात्र उभिन लगाउनुहोस् । केही सक्छन्, केही सक्दैनन् । नसक्नेलाई बस्न भन्नुहोस् र सक्नेसित सोध्नुहोस्, त्यो खुट्टो पनि उचालेर उभिन सकिएला ? ‘सकिँदैन’ भन्ने भएपछि विषयमा प्रवेश गर्नुहोस् । क, ख, ग, घ आदिलाई पनि एक्लै आधा लेख्न र उच्चारण गर्न सकिँदैन भन्ने कुरामा छलफल गर्नुहोस् । अब कालोपाटीमा ‘भन्छ’ लेख्नुहोस् र ‘न’ को खुट्टी नभएको हुँदा त्यसको उच्चारण पनि एक्लै गर्न नसकिने धारणा दिनुहोस् र ‘भन्छ’ को उच्चारण गराउनुहोस् । फेरि ‘न्’ लेखेर उच्चारण गर्न भन्नुहोस् । विद्यार्थीले त्यसको उच्चारण गर्न सक्दैनन् । नसकून् । हामीले सिकाउन खोजेकै ‘सकिँदैन’ भन्ने हो । अब त्यस्ता ‘आधा’ अक्षर प्रयोग भएका शब्दहरू लेख्दै उच्चारण गराउँदै लैजानुहोस् र लेख्न लगाउनुहोस् ।

अब यी कुरा बुझाउनुहोस्...

१) खुट्टा हुने अक्षरको खुट्टो झिकिदिएपछि आधा बाँकी रहन्छ– ख्, ग्, ध्, च्, ज् आदि ।
२) हात हुने अक्षरको हात टुक्र्याएपछि आधा अंश बाँकी रहन्छ– क्, फ्,
३) खुट्टा र हात दुवै नहुने अक्षरको तल '्' दिएपछि आधा हुन्छ– ट्, ठ्, ड्, ढ्, द्, छ्, ह्

यहाँनेर विद्यार्थीले सिकाइलाई सामान्यीकरण गरेर अ, इ आदिलाई पनि आधा गर्ने प्रयास गर्न सक्छन् । अब तपाईं 'अ', 'आ' लाई आधा उच्चारण गर्न खोज्नुहोस् र उनीहरूलाई पनि गर्न लगाउनुहोस् । हुँदैन । यसैलाई आधार बनाएर 'अ, आ, इ, ई...' लाई आधा उच्चारण गर्न र लेख्न मिल्दैन भन्ने धारणा दिनुहोस् ।

नेपालीमा झुन्डिएका र जोल्ठिएका अक्षरहरू पनि छन्, जस्तै, ट्ट, ड्ड, ङ्ग, ङ्क, ङ्ख, क्त, द्य आदि । अब यस्ता अक्षरहरूको प्रयोगमा कमी आउँदैछ । यस्ता जटिलतालाई हटाउन तपाईं हामीले पनि प्रयत्न गर्नुपर्छ र विस्तारै 'ट्ट, ड्ड, ङ्क, ङ्ख' जस्ता र क्त, द्य, ह्व, ह्न जस्ता प्रयोगतर्फ प्रवृत्त हुनुपर्दछ । यी लेखाइ र छपाइका लागि पनि जटिल छन् । फेरि पनि अझै प्रयोगमा रहेकाले यिनलाई टुक्र्याएर देखाइदिनुहोस् र भन्नुहोस्– 'यस्ता अक्षरमा पहिलो आधा र दोस्रो सग्लो हुन्छ; जस्तै 'शङ्ख= शङ्‌ख, गद्य= गद्‌य, भक्त= भक्‌त आदि ।

र मा लाग्ने मात्रा र 'रु रू' को छुट्टै प्रयोग–

मात्रा सिकाउँदा हामीले 'उ' लाई ु र 'ऊ' ू गरी तलपट्टि दिन सिकायौं । त्यसैको सिको गरेर विद्यार्थीले 'रु', 'रू' लेख्ने गल्ती गर्छन् । यो स्वाभाविक हो । यहीनेर शिक्षकको विशेष भूमिका हुन्छ, 'उ'बाट ह्रस्व (रु) र 'ऊ' बाट दीर्घ (रू) सिकाउने । यसका लागि उदाहरण विधि नै सबैभन्दा उपयुक्त हुन्छ। यसनिम्ति रुचि, रूप, हरू, बरु जस्ता शब्दको उदाहरण दिँदै अभ्यास गराउनुपर्छ ।

यी प्रयोगहरू हेरौं– क्रम, प्रसाद, स्रोत, श्रम, द्रव्य, ग्रीष्म आदि ।

त्यस्तै, ट्रक, ट्ली, ड्रम आदि ।

यिनको संरचना यस्तो हुन्छ– क्+र+म, ट्+र+ली, प्+र+सा+द, ट्+र+क आदि । फुट्ट हेर्दा नदेखिए पनि यी सबै शब्दमा 'र' पूरा अक्षर हो। त्यसभन्दा अघि आउने क्, प्, स्, श्, द्, ग्, ट्, ड्, आधा हुन् । अर्थात् एउटै 'र' लाई '्र' तथा '्र' को रूपमा लेखिन्छ । स्पष्ट हुनुहोस् र स्पष्ट पार्नुहोस्–

१) खुट्टा भएका अक्षरमा 'र' जोडिँदा '्र' हुन्छ; जस्तै: क्रम, प्रसाद आदि ।
२) खुट्टा नभएका अक्षरमा 'र' जोडिँदा '्र' हुन्छ; जस्तै ट्रक, ड्रम आदि ।

थप कुरा बुझाउनुहोस्– श+र= श्र हुन्छ; जस्तै, श्रम, श्री आदि ।

कसै कसैले 'पर्दैन'लाई 'प्रदैन', 'गऱ्यो' लाई 'गर्यो' र 'आशीर्वाद' लाई 'आर्शीवाद' लेखेको तपाईंले पनि पाउनुभएको होला ।

मैले त निकै नै पाएको छु । अक्षर र शब्दको अवधारणा नै स्पष्ट नभएका कारण यस्तो अशुद्ध लेखाइ हुने गरेको हो । तसर्थ पहिले अवधारणा स्पष्ट पार्नुहोस्–

'र्' लाई '॒' तथा 'र्' को रूपमा लेखिन्छ । यी चिह्न प्रयोग भएका तलका शब्दमा उच्चारणको अभ्यास गराउनुहोस् त-

गर्छ, सर्प, गर्मी, चर्पी, आशीर्वाद, सम्पर्क, समर्थन, गर्दिनँ, गर्दै आदि । त्यस्तै; गऱ्यो, मऱ्यो, फऱ्यो, चऱ्यो, ऱ्याल, फऱ्यामफुरुम आदि ।

यहाँ आफू ख्याल गर्नुहोस् र विद्यार्थीलाई सम्झाउनुहोस्: प्रथम समूहका शब्दहरूको उच्चारणमा 'र्' लाई पहिलो स्वरले तानेको छ; जस्तै– गर्+छ, सर्+प, चर्+पी, समर्+थन, आशीर्+वाद आदि ।

अब स्पष्ट हुनुहोस् र स्पष्ट पार्नुहोस् 'र्' को उच्चारण जुन अक्षरभन्दा पहिले हुन्छ त्यसकै डिकोमाथि रेफ 'र्' बनेर बस्छ । जस्तै, सर्+प= सर्प, समर्+थन= समर्थन, गर्+दै= गर्दै आदि ।

दोस्रो समूहका शब्द उच्चारण गर्दा 'र्' लाई 'य' ले तानेको छ, जस्तै– ग+र्यो, म+र्यो, फ+र्यो, र्याल आदि ।

यसरी पछिल्लो अक्षरले तान्दा 'र' लाई '॒' रूपमा लेखिन्छ; गऱ्यो, मऱ्यो, ऱ्याल आदि ।

यस कुरामा पनि ध्यान दिनुहोस् ।

संयुक्त अक्षरको लेखाइ र उच्चारणमा फरक पर्ने हुनाले पनि त्रुटि हुने गर्छ; जस्तै- 'प्रसाद' लाई नेपाली उच्चारणले 'पर्साद्' भन्छ । त्यसकारण शुद्ध र मानक उच्चारणमा अभ्यास गराउनुपर्दछ ।

शिक्षक साथीहरू ! उपर्युक्त तरिका अपनाइसकेपछि राम्रा अक्षर लेख्ने अभ्यास गराउन



जस्ता बिन्दुहरूमा दोहोऱ्याउन लगाउन सकिन्छ । कपीको सिरानमा राम्रा अक्षर लेखेर हस्तलेखनको अभ्यास गराउन सकिन्छ ।

अरू



जस्ता आकृति बनाएर बीचमा लेख्न लगाउन सकिन्छ । अनुलेखन (लिखित वा मुद्रित सामग्री हेरेर सार्ने), तथा श्रुतिलेखन (सुनेर लेख्ने) गराएर सफा, राम्रो, शुद्ध तथा छिटो लेख्ने अभ्यास गराउन सकिन्छ ।

**अक्षर भनेकै रेखाहरू हुन् । विभिन्न आकारका रेखाबाटै अक्षरका आकृतिहरू बन्दछन् । अतः विद्यार्थीलाई सिसाकलम वा खरी समाउन दिएपछि शुरुशुरुमा मनपरी रेखाहरू कोर्न दिनुपर्छ ।**

*गरेर हेर्नुस्, परिणाम अवश्य राम्रो होला ।*
*प्रतिक्रिया लेख्नुहोस्- mail@teacher.org.np*

## फुर्सद



## शब्द खेल-२८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | २ | ■ | ■ | ३ | | ४ |
| | ■ | ■ | ५ | ६ | | | ■ | |
| ७ | ८ | | ■ | | ■ | | ■ | |
| ■ | | ■ | ९ | | १० | ■ | ११ | |
| ■ | १२ | | | ■ | १३ | | | ■ |
| १४ | | ■ | १५ | १६ | | ■ | | ■ |
| | ■ | १७ | ■ | | ■ | १८ | | १९ |
| | ■ | २० | | | २१ | ■ | ■ | |
| २२ | | | ■ | ■ | २३ | | | |

**नाम:** ___________________________

**ठेगाना:** ___________________________

### तेर्सो
१) पाँचौं वेद मानिने चिकित्साशास्त्र
३) नापजोख र गन्ती नगरी अन्दाज गरिएको मोल
५) जन्मको क्रम अनुसार आठौं/जन्तरे पछिको
७) महिनाको सबैभन्दा पछिल्लो दिन
९) जग्गा जमिन खन्ने/खनजोत गर्ने
११) भोट
१२) कठिन काम गर्ने उत्साह/आँट/सूत्याइँ
१३) उपयुक्त वा योग्य हुने स्थिति/लायकपन
१४) ठूला, बडा र नौला व्यक्तिहरूको अगाडि सानालाई हुने सङ्कोच
१५) रामायणमा वर्णित लंकाका राजा
१८) समाचार
२०) पुराणअनुसार देव-दानवले मिलेर समुद्र मन्थन गर्दा निस्केको कडा विष
२२) समतल जमिनभन्दा माथि उठेको भूभाग/चुचुरो
२३) बाझाबाझ गरेको आवाज/खल्याङमल्याङ

### ठाडो
१) प्राचीन ऋषिमुनिहरूले बस्नका निम्ति प्रायः जङ्गलमा बनाइएको आवास
२) मानव वा मानवेत्तर प्राणीको जमात/समूह
३) काम गर्दागर्दै पनि लक्ष्य प्राप्ति नभएर उत्साह सेलाएको स्थिति/निराशा
४) नचाहिँदो/अनावश्यक/फजुल
६) अर्काका मत सिद्धान्त वा कुरा काट्ने काम/प्रतिवाद
८) समूहको/सामुदायिक
९) सम्भावित विपत्ति/डर/भय
१०) सबै किसिमले हुने भलो अथवा बढिबढाउ/भलाइ/हित
११) कुनै भनाइको अर्थ/माने
१४) कोशी अञ्चल अन्तर्गतको एक पहाडी जिल्ला
१६) विष्णुका दश अवतारमध्ये तेस्रो अवतार
१७) धेरैजना अटाउने लामो एकनाले कटेरो
१९) रहेको/उब्रेको
२१) कुनै विषयमा गरिएको अनुमान वा घत/अड्कल

## आयुर्वेद मेथीको ओखती

**मेथीको** दाना, फूल, पात, डाँठ सबैथोक खान मिल्छ, केही पनि फाल्नुपर्दैन । मेथीमा १६ प्रतिशत प्रोटिन पाइन्छ । यसमा सोडियम, फोस्फोरस, चिल्लो र भिटामिन 'ए' प्रशस्त मात्रामा पाइन्छ । मेथीको दाना हामीले प्रायः मसलाको रूपमा प्रयोग गर्छौं । तर यो खाना स्वादिलो बनाउने मसला मात्र नभई विभिन्न रोगको ओखती पनि हो ।

१) आउँ देखिने गरी पातलो दिसा लागेमा मेथीको दाना र जीरा समान अनुपातमा लिएर भुट्नुस् अनि त्यति नै मात्रा ढिकेनून राखेर कुट्नुस् । कुटेको धुलो एक चम्चा एक गिलास महीमा राखेर पिउनुस् ।
२) वृद्ध उमेरका व्यक्तिलाई घुंडा दुख्ने समस्या छ भने ५ ग्राम जति मेथीको धुलो हरेक बिहान फाँको हालेर तातोपानी पिउनुस् । घुंडा दुखेको निको हुँदै जान्छ ।
३) मेथी भिजाएको पानी पिएमा ज्वरो, वाथ, सुन्निएको, अल्काई, अरूचि आदि रोग निको भएर जान्छ ।
४) महिलाहरूमा 'महिनावारी' नियमित भएको छैन भने ५ ग्राम मेथी र ५ ग्राम धनियाँको धुलो पानीमा राखेर साँझ दैनिक दुई पटकका दरले चार दिनसम्म पिएको खण्डमा महिनावारी नियमित हुन थाल्छ ।
५) दम र खोकीको समस्या भएमा मेथीको काँढा बनाएर त्यसमा मह मिसाउनुस् बिहान र साँझ चिया जसरी एक-एक कप पिउनुस् । जसले कफ फाट्छ, खोकी रोकिन्छ र दमको समस्या कम हुँदै जान्छ ।
६) मेथीको काँढाले उच्च रक्तचाप र मधुमेहका रोगीहरूलाई पनि फाइदा गर्छ ।
७) गर्भवती महिलाले मेथीको काँढा दैनिक २-३ पटक पिएमा सुत्केरी भएपछि दूधको मात्रालाई बढाउँछ ।



**मेथीको काँढा बनाउने तरिकाः** सानो चम्चाले दुई चम्चा मेथी एक कप पानीमा राखेर उमाल्नुस् । यसलाई १० मिनेटसम्म आगोको कम रापमा भुकभुक उम्लने गरी पकाउनुस् । चुलोबाट झिकेपछि चिसो हुन दिनुस् । यति गरेपछि मेथीको काँढा तयार हुन्छ ।

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक मासिक* निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ ।
यस अंकका प्रश्नको जवाफ/समाधान **२० फागुन २०६७** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, मच्छिन्द्र मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

# नेपाल टेलिभिजनको साढे दुई दशक
# नेपालमा टेलिभिजन प्रसारणको पच्चीस वर्ष

Silver Jubilee Year 2010

विश्वसनीय समाचार

भाषिक-सांस्कृतिक विविधताको सजीव तस्बिर

स्वस्थ मनोरञ्जन

स्वतन्त्र आमसञ्चार: बहुलवादको प्रतिबिम्ब

समग्र नेपालको आवाज

नेपाली टेलिभिजन च्यानहरुबीचको प्रतिस्पर्धामा अग्रणी, अगुवा र अथक

# सुडोकु-२८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ६ | ५ | | | | ८ | | |
| | | | ९ | | १ | ६ | | ४ |
| ४ | २ | | | | | | | ७ |
| | ९ | | | ८ | | | ६ | |
| | | | ५ | ३ | २ | | | |
| | ७ | | | ९ | | | ८ | |
| २ | | | | | | | ४ | ६ |
| ३ | | ४ | ७ | | ६ | | | |
| | | ९ | | | | ७ | ३ | |

**नाम:** __ __ __ __ __ __ __ __ __ __

**ठेगाना:** __ __ __ __ __ __ __ __ __ __

# सुडोकु-२६ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ९ | १ | ८ | ४ | ७ | २ | ६ | ५ |
| ७ | ६ | २ | ३ | ५ | ९ | १ | ४ | ८ |
| ८ | ४ | ५ | ६ | २ | १ | ७ | ९ | ३ |
| ४ | ३ | ७ | ५ | ६ | २ | ८ | १ | ९ |
| ९ | ५ | ६ | १ | ७ | ८ | ३ | २ | ४ |
| १ | २ | ८ | ९ | ३ | ४ | ५ | ७ | ६ |
| २ | ७ | ३ | ४ | ९ | ५ | ६ | ८ | १ |
| ६ | ८ | ४ | २ | १ | ३ | ९ | ५ | ७ |
| ५ | १ | ९ | ७ | ८ | ६ | ४ | ३ | २ |

# सामान्यज्ञान-२८

१. संयुक्त राष्ट्रसंघको बडापत्रमा २६ जून १९४५ (सानफ्रान्सिस्को, अमेरिका)मा पहिलो पटक हस्ताक्षर गर्ने मुलुकको सङ्ख्या कति थियो ?

२. नेपालको पहिलो आम निर्वाचन (२०१५ साल) संसद्को कति सिटका निम्ति भएको थियो ?

३. 'बिग एप्पल' नामले कुन शहरलाई चिनिन्छ ?

४. आजभन्दा १०० वर्षअघि (सन् १९११ मा) नेपालको जनसङ्ख्या कति थियो ?

५. वि.सं. २००७ मा नेपालमा कतिवटा प्राथमिक विद्यालयहरू थिए ?

## सामान्यज्ञान-२६ को सही उत्तर


१. भ्यागुताको बच्चालाई चेपागाँडा (Tadpole) भनिन्छ ।

२. पृथ्वीको सबैभन्दा भित्री भाग कोर (Core) को मोटाइ २००० किलोमिटर हुन्छ ।

३. एचआईभी (HIV)= हुमन इम्युनोडिफिसिन्सी भाइरस (Human Immunodeficiency Virus) र एड्स (AIDS)= एक्वार्ड इम्युन डिफिसिन्सी सिन्ड्रोम (Acquired Immune Deficiency Syndroome).

४. खसी, कुखुरा र बँदेलको शुद्ध मासु अनि गाई, भैंसीको घ्यूमा कोलेस्टोर बढी हुन्छ ।

५. चित्रमा दिइएका नेपाली लोक बाजाहरूको नाम होः च्याब्रुङ, ढ्याङ्ग्रो र नरसिङ्गा ।



# राष्ट्रको सर्वश्रेष्ठ न्यूज च्यानल



प्रत्येक दिन राति ८:०० बजे
पुनः प्रसारण प्रत्येक दिन विहान
८:०० बजे



प्रत्येक दिन राति ८:४० बजे
पुनः प्रसारण प्रत्येक दिन विहान
८:४० बजे



प्रत्येक दिन राति १०:३० बजे
पुनः प्रसारण प्रत्येक दिन विहान
११:३० बजे



प्रत्येक दिन विहान ९:०० बजे
र
राती १०:०० बजे




प्रत्येक आइतवार राति ९:३० बजे
पुनः प्रसारण सोमवार विहान ९:३०
बजे र सोमवार दिउँसो ३:३० बजे




प्रत्येक सोमवार राति ९:३० बजे
पुनः प्रसारण मंगलवार विहान ९:३०
बजे र मंगलवार दिउँसो ३:३० बजे




प्रत्येक मंगलवार राति ९:३० बजे
पुनः प्रसारण बुधवार विहान ९:३०
बजे र बुधवार दिउँसो ३:३० बजे



प्रत्येक बिहीवार राति ९:३० बजे
पुनः प्रसारण शुक्रवार विहान ९:३०
बजे र शुक्रवार दिउँसो ३:३० बजे



प्रत्येक शुक्रवार राति ९:३० बजे
पुनः प्रसारण शनिवार विहान ९:३०
बजे र शनिवार दिउँसो ३:३० बजे



प्रत्येक शनिवार राति ९:३० बजे
पुनः प्रसारण आइतवार विहान ९:३०
बजे र आइतवार दिउँसो ३:३० बजे




प्रत्येक शनिवार दिउँसो ३:०० बजे
प्रत्यक्ष प्रशारण
पुनः प्रसारण शनिवार १०:३० बजे




प्रत्येक बुधवार साँझ ६:३० बजे
पुनः प्रसारण बिहीवार ३:०० बजे

एभिन्यूज प्लाजा-११, त्रिपुरेश्वर, काठमाडौं, नेपाल।
पो. ब. नं.: ३८०६, टेलिफोन: ९७७-१-४२२७२२२, फ्याक्स: ४२४८८११, टोल फ्रि: १६६००१-२२७२२
ई-मेल: atv@avenues.tv, यूआरएल: www.avenues.tv

# अन्ताक्षरी-२८




**नामः** _ _ _ _ _ _

**ठेगानाः** _ _ _ _ _ _

१) चेतना नभएको/होस नभएको (४)
२) भर्खर उदाएको/भर्खर माथि उठेको (४)
३) कुनै तरल पदार्थ थोपा थोपा गरी चुहने गरी (४)
४) डराएर वा परिस्थितिसँग हारेर भाग्ने काम वा आफ्नो डेग छाड्ने काम (४)
५) स्त्री-पुरूष नछुट्टिएको प्राणी/हिजडा (४)
६) इच्छाका विरूद्ध कसैलाई केही हुन, गर्न वा गराउन बाध्य तुल्याउने क्रिया-प्रक्रिया (४)
७) समसामयिक वातावरणबाट सिर्जिएको स्थिति (४)
८) तीन खण्डको एक खण्ड/तृतीयांश (३)
९) मुसलमानको एक प्रसिद्ध चाड (२)
१०) योग्य/सक्षम/सिपालु (२)
११) अरूले दिएका दुःखको साटो फेर्ने विचार छाडी त्यसलाई सहने मानिसका मनको भावना वा वृत्ति (२)
१२) आफू जन्मेको देश (४)
१३) असुल उपर गर्नु पर्ने रकमको छुट (३)
१४) कुनै फाइदा लिन दुई वा धेरै जनाले तँछाडमछाड गर्ने काम (४)
१५) एउटै भान्सामा खाने घरका मानिसहरूको समूह/जहान (४)
१६) रगत गिर्ने वा गिराउने काम/परस्परको काटमार (४)
१७) कुनै गुटमा नलाग्ने वा कसैको पक्ष नलिने (३)
१८) स्थगन भएको वा स्थगन गरिएको (३)
१९) जुत्ताको तलतिर रहने टेकिने पाटो (३)

### शब्दखेल-२६ को सही उत्तर

तेर्सोः १) टन्न ५) खर्रो ६) मसान ७) दोषारोपित ८) बसाहा १०) लगन १२) जातक १५) ओरालो १७) सहुलियत १८) जागिर १९) धाप २०) आगो

ठाडोः १) टर्रो २) महारोग ३) समतल ४) गनगन ५) खराब ७) दोहा ९) साइत ११) गजरा १२) जानाजान १३) कसरत १४) कलियुग १५) ओत १६) लोलुप

### अन्ताक्षरी-२६ को सही उत्तर

१) अचानक २) कलाकौशल ३) लखबन्धक ४) कलेवर ५) रचनात्मकता ६) तानसेन ७) नश्वर ८) रमा ९) मानहानि १०) निराधार ११) रणभूमि १२) मिलेमतो १३) तोडफोड १४) डमरू १५) रूपरेखा १६) खापा ।

## पुरस्कार विजेता र सही समाधान पठाउने

**शब्दखेल-२६ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *उद्धवप्रसाद सापकोटा,* महेन्द्र उमावि, छतिवन, मकवानपुर**

**सही समाधान पठाउने अन्य सहभागी**
- वैदेहीशरण यादव, उमावि, बसबिट्टी, बसन्तपुर-३, महोत्तरी
- माधवप्रसाद भट्टराई, रा.ज. उमावि, भ्रमरपुरा, महोत्तरी
- चन्द्रप्रसाद घिमिरे, पञ्चपोखरी प्रावि, चुचुरे-५, रामेछाप
- नारायणप्रसाद नेपाल, जुगल प्रावि, बतासे-४, साकिने, सिन्धुपाल्चोक
- उद्धव आचार्य, झम्केश्वरी मावि, पालुङ-१, मकवानपुर
- तुलसीप्रसाद पौडेल, सरस्वती मावि, सहारे-८, सिमघाट, सुर्खेत
- मीराकुमारी खत्री, दिपेन्द्र निमावि, जोगीडाँडा, रिस्कु-६, उदयपुर
- डोल्मा थापा, मेहेलकुना-५, सुर्खेत
- लालबहादुर डि.सी., सरस्वती मावि, सिमघाट, सहारे-८, सुर्खेत
- तेजनिधि ढकाल, ज्ञानोदय मावि, पकवाडी-२, गौमुख, स्याङजा
- गोविन्दप्रसाद आचार्य, जनकल्याण उमावि, पालुङ, मकवानपुर
- कृष्णबहादुर लिम्बु 'कमल', कुरूले तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- रंगनाथ गौतम, काम्राङ प्रावि, तसर्फ-८, धादिङ
- रमेश नेपाली 'मकवानपुरे, भद्रबन्दी गृह, त्रिपुरेश्वर, काठमाडौं
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझेर, उदयपुर
- बलराम चौलागाई, मण्डलदेवी प्रावि, भीमफेदी-१, मकवानपुर
- बुद्धि कार्की, बालेश्वर मावि, केरूङ-६, घुन्सा, सोलु
- प्रेमबहादुर राई/आशा राई, मधुगंगा प्रावि, भीरगाउँ-६, धनकुटा
- ओमप्रकाश अधिकारी, जनता उमावि, मनरी, नवलपरासी
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर, मोरङ
- लक्ष्मणप्रसाद भट्टराई, जनता उमावि, अमरौट-५, डैनहवा, नवलपरासी
- रामचन्द्र अधिकारी/सरोज अधिकारी, जलकन्या निमावि, बैरेनी-६, पाल्चोक, धादिङ
- गंगा भुसाल, नुवाकोट मावि, चिदिचौर, अर्घाखाँची
- जनार्दन घिमिरे, भगवती मावि, नुवाकोट-५, पान्डाँडा, अर्घखाँची
- प्रज्वल ढकाल, सेतीदेवी निमावि, साँघुटार-३, थाक्ले, रामेछाप
- डेविट दाहाल, उदयपुर ई.बो. स्कूल, मिलनचोक-७, उदयपुर
- सुमधुर खनाल, अमलेश्वर प्रावि, बैरेनी-९, धादिङ
- हरि दाहाल, उदयपुर मावि, भागलपुर, मिलनचोक-७, उदयपुर
- पुरूषोत्तम लामिछाने, किराञ्चोक कार्कीडाँडा मावि, बैरेनी-१, धादिङ
- दुर्गा परियार, चन्द्रकला प्रावि, प्यूरे, इरौटार, इलाम
- काशीनाथ तिमसिना, खुँगा मावि, खाल्डे, एकतीन, पाँचथर
- गोविन्दप्रसाद ढुङ्गाना, महांकाल निमावि, ठूलोपर्सेल-१, पकुवाल, काभ्रे
- भक्ति घिमिरे 'दुर्बोध', ज्ञानोदय बालवाटिका उमावि, सानेपा, ललितपुर
- शन्तु शर्मा चापागाई, शारदापुर, बालविकास केन्द्र, पाङ-३, पर्वत
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखाल, कञ्चनपुर
- गोपी अर्याल, नलाङ मावि, नलाङ-८, धादिङ
- सुरेशप्रसाद जैसी, राधा मावि, मंगलसेन-८, अछाम
- चम्पामाया राई, विद्याप्रचार निमावि, मेमेङ्-५, आइतबारे, पाँचथर
- रामचन्द्र बुढाथोकी, विद्याप्रचार निमावि, मेमेङ्-५, आइतबारे, पाँचथर
- अर्जुन पौडेल, बहादुरे मावि, भदौरे-१, कास्की
- कुल कुमारी सापकोटा, छतिवन-५, मकवानपुर

**अन्ताक्षरी-२६ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *रामचन्द्र/गोविन्दप्रसाद अधिकारी,* जलकन्या निमावि, बैरेनी-६, धादिङ**

**सही समाधान पठाउने अन्य सहभागीहरू**
- चन्द्रप्रकाश वली 'निश्चल', धारापानी गाविस-५, डोब, सुर्खेत
- वैदेहीशरण यादव, उमावि, बसबिट्टी, वसन्तपुर-३, महोत्तरी
- माधवप्रसाद भट्टराई, रा.ज.उमावि, भ्रमरपुरा, महोत्तरी
- नवीन निराकार, बजेडीचौर-७, सिम्ता, सुर्खेत
- मेनुका गौतम, विद्याप्रचार निमावि, मेमेङ्-५, आइतबारे, पाँचथर
- अनुप श्रेष्ठ, स.उमावि, खानी भञ्ज्याङ, ओखढुङ्गा
- रामचन्द्र बुढाथोकी, विद्याप्रचार निमावि, मेमेङ्-५, आइतबारे, पाँचथर
- दिव्यराज सुवेदी, पञ्चकन्या प्रावि, ओख्रे-१, भिराले, भोजपुर
- गोपी अर्याल, नलाङ मावि, नलाङ-८, धादिङ्
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखााल-७, कञ्चनपुर
- अंकित चापागाई, पाङ धैरेनी उमावि, पाङ, पर्वत
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, चुल्ठेपानी, मझ्वा-४, रामेछाप
- मुरारी पौडेल/प्रवीण दियाली, शारदा प्रावि, लप्सिबोटे, नयाँबजार-४, इलाम
- सुमधुर खनाल, अमलेश्वर प्रावि, बैरेनी-९, राहुडाँडा, धादिङ
- गणेशकुमार वली, सरस्वती मावि, चेपाङ-१, सुर्खेत
- कमला थापा, सरस्वती प्रावि, कल्लेरी पेलाकोट-२, स्याङजा
- चन्द्रबहादुर वली, भेरी मावि, धुमखहरे, सुर्खेत

- गंगा भुसाल, नुवाकोट मावि, चिदिचौर, अर्घाखाँची
- कमला राजभण्डारी, ऐँसेलुखर्क-३, नयाँटोल, खोटाङ
- देवनारायण चौधरी, हडिया-४, उदयपुर
- कुलेकेशर राई, लक्ष्मीनारायण प्रावि, भोजपुर
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- लक्ष्मणप्रसाद भट्टराई, जनता उमावि, अमरौट-५, डैनहवा, नवलपरासी
- सिद्धिराज सुवेदी, बहादुरे मावि, भदौरे-१, कास्की
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- ठाकुरप्रसाद लम्साल, मालिका प्रावि, सलाङ, धादिङ
- प्रेमबहादुर राई/आशा राई, मधुगंगा प्रावि, भीरगाउँ-६, धनकुटा
- राजन भुजेल, भाषा निमावि, वडकादियाले-५, खोटाङ
- शशिधर पौडेल, जनता मावि, पाही राङखानी, बाग्लुङ
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- बुद्धि कार्की, बालेश्वर मावि, केरूङ-६, घुन्सा, सोलुखुम्बु
- कृष्णबहादुर लिम्बु 'कमल', कुरूले तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- केदारमान राई, महेन्द्रज्योति प्रावि, डम्बरखुँशिवाद्यालय-९, खोटाङ
- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी न.पा.-१३, कैलाली
- रंगनाथ गौतम, काम्राङ प्रावि, तसर्फ-८, धादिङ
- उद्धव आचार्य, झम्केश्वरी, पालुङ-१, मकवानपुर
- साधना अमात्य, जालपादेवी उमावि, फुल्पिङडाँडा-८, सिन्धुपाल्चोक
- गोविन्दप्रसाद आचार्य, जनकल्याण उमावि, पालुङ, मकवानपुर
- दिलीप कोइराला, नवदुर्गा मावि, दलगाउँ, भोजपुर
- शंकर लुइँटेल, नवदुर्गा मावि, दलगाउँ-३, भोजपुर
- तुल्सीप्रसाद पौडेल, सरस्वती मावि, सहारे-८, सिमघाट, सुर्खेत
- मनोज भण्डारी, परमानन्द सं गुरूकुलम् देवघाट-२, तनहुँ
- तेजनिधि ढकाल, तुल्सी-७, साउनेपानी, स्याङ्जा
- तिलक कुमारी खत्री, सुम्निम सनलाइट पब्लिक एकेडेमी, बजेडीचौर-४, सुर्खेत
- प्रकाश खड्का, वेष्ट प्वाइन्ट ई.बो. स्कूल, झलारी-७, कञ्चनपुर
- डोल्मा थापा, मेहेलकुना-५, सुर्खेत
- नारायणप्रसाद नेपाल, जुगल प्रावि, बतासे-४, साकिने, सिन्धुपाल्चोक
- खड्ग विक्रम बिष्ट, बैजनाथ मावि, सुडा-९, कन्चनपुर
- रामचन्द्र अधिकारी, किराञ्चोक कार्कीडाँडा मावि, बैरेनी-१, धादिङ
- गोविन्दप्रसाद ढुङ्गाना, महांकाल निमावि, ठूलोपर्सेल-१, पकुवाल, काभ्रे
- गणेश सुनार, बालभैरव प्र.निमावि, लेखगाउँ-१, थारी, सुर्खेत
- राजकुमार श्रेष्ठ, भीमेश्वर मावि, ल्याङ्ल्याङ्-५, रामेछाप
- हरिनारायण खतिवडा, शारदा सं. मावि, वावियाखर्क-३, रामेछाप
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- ओमप्रकाश जोशी, बैजनाथ नमुना उमावि, महेन्द्रनगर, कन्चनपुर
- लक्ष्मण दत्त भट्ट, बैजनाथ नमुना उमावि, कन्चनपुर
- तिलबिर सुनार, सरस्वती मावि, सहारे-८, सिमघाट, सुर्खेत
- पार्वती थापा मगर, भानु मावि, रत्नचौर, म्याग्दी

**सुडोकु-२६ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *अनिल चापागाई,* विद्यामन्दिर उमावि, बा.न.पा.-४, बाग्लुङ**

**सही समाधान पठाउने अन्य सहभागी**

- सन्दिप लिम्बु, धरान १९/२ 'ख', सृजनामार्ग, सुनसरी
- डिल्लीप्रसाद आचार्य, वौडेचार मावि, सिगाना-१, बाग्लुङ
- चन्द्रप्रकाश वली 'निश्चल', धारापानी गाविस-४, डोब, सुर्खेत
- तिलक कुमारी खत्री, सुम्निम सनलाइट पब्लिक एकेडेमी, बजेडीचौर-४, सुर्खेत
- नवीन निराकार, बजेडीचौर-७, सिम्ता, सुर्खेत
- प्रमोदकुमार दास, दीपेन्द्र निमावि, जोगीडाँडा, रिक्कु-६, उदयपुर
- विवेक श्रेष्ठ, ग्रामीण आदर्श बहुमुखी क्याम्पस, नेपालटार, काठमाडौ
- मीना के.सी./सावित्री के.सी., लोकराज आदर्श मावि, चिति, कार्कीडाँडा, लमजुङ
- नारायणप्रसाद ढकाल, विद्याप्रचार निमावि, मेमेङ्, आइतबारे, पाँचथर
- मेनुका गौतम, विद्याप्रचार निमावि, मेमेङ्-५, आइतबारे, पाँचथर
- तुलबहादुर पुन, भृकुटी प्रावि, भलाका-१, राङखानी, रोल्पा
- माधव अधिकारी, जनहित उमावि, खनालथोक, काभ्रे
- सुनिता नेपाल, सात कन्या कालिकादेवी प्रावि, कदमवास-१, लप्से, सिन्धुपाल्चोक
- अनिल चापागाई, विद्यामन्दिर उमावि, बाग्लुङ
- मानबहादुर थापा मगर, ने.रा. मावि, दौधा-८, गुल्मी
- सुरेशप्रसाद जैशी, राधा मावि, मंगलसेन-८, अछाम
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, चुल्लेपानी, मझुवा-४, रामेछाप
- रामजी राउत, जनज्योति प्रावि, माकुरे, रिस्कु-४, उदयपुर
- निरमाया श्रेष्ठ, सात कन्या कालिकादेवी प्रावि, कदमवास-१, लप्से, सिन्धुपाल्चोक
- मोहनकाजी बस्नेत, मावि सुगौरे, लधाभिर-२, सिन्धुली
- गोविन्दप्रसाद ढुङ्गाना, महाँकाल निमावि, ठूलोपर्सेल-१, पकुवाल, काभ्रे
- सम्झना श्रेष्ठ, ताङलीचोक मावि, गोरखा
- केदारमान राई, महेन्द्रज्योति प्रावि, डम्बर्खुशिवालय-९, खोटाङ्
- वीरसिंह बगाल, लटीनाथ प्रावि, बरमुडे, दार्चुला
- सान्ता/हिरा केप्छाकी मगर, जनता मावि, रानीबास-५, रौता, उदयपुर
- धनन्जय श्रेष्ठ, चन्द्रावती उमावि, लेखानी, सोरूङ्-१, छविसे, उदयपुर
- चन्द्रबहादुर वली, भेरी मावि, घुमखहरे-८, सुर्खेत
- हेमप्रसाद भट्टराई, भानु निमावि, रतनपुर, हत्पते-४, सिन्धुली
- कोमलबाबु थापा, देउराली मावि, तुलसी-७, चुरे, धनुषा
- योगेन्द्र हमाल, बाल भैरव प्र. निमावि, थारी, सुर्खेत
- लिलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, चौपाटा-७, दार्चुला
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- अरूणकुमार महतो, रा.प्रावि, नक्टाझिज-१, धनुषा
- हेमन्तप्रसाद खतिवडा, प. निमावि, सेरा, अछाम
- विष्णु घिताल, भानु मावि, मक्रान्चुली, मकवानपुर गढी-६, मकवानपुर
- राजकुमार श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङल्याङ-५, रामेछाप
- लक्ष्मणप्रसाद भट्टराई, जनता उमावि, अमरौट-५, डैनहजा, नवलपरासी
- मीठू डल्लाकोटी, निमावि, बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- ध्रुव प्रकाश न्यौपाने, इथुङ उमावि, रानीटार-६, पाँचथर
- ध्रुवनारायण चौधरी, जनता उमावि, मनरी, न.पा. नवलपसारी
- ढकबहादुर खुलाल, शारदा निमावि, साल्धारा-३, देउराली, काभ्रे
- प्रकाश तजले, वाइज ल्याण्ड ई. स्कूल, जगाती-७, भक्तपुर
- हरिनारायण खतिवडा, शारदा स. मावि, बावियाखर्क-३, रामेछाप
- हर्कबहादुर थापा मगर, तितौरे मावि, पालाकोट-७, बाग्लुङ्
- मदनराज जोशी, रिठा चौपाता-९, मैखोली, दार्चुला
- शम्भुबहादुर आले मगर, नीलकण्डेश्वर मावि, बठजोर-७, रामेछाप
- गुप्तबहादुर भण्डारी, महेन्द्र मलम्पार, मल्कवाङ-७, म्याग्दी
- कृष्णबहादुर लिम्बु 'कमल', कुरूले तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- बच्चु सापकोटा, बागेश्वरी प्रावि, कोगटे-७, मकवानपुर
- ओमप्रकाश जोशी, बैजनाथ नमुना उमावि, महेन्द्रनगर, कन्चनपुर
- जनकचन्द्र बैजनाथ, नमुना उमावि, कन्चनपुर
- सरोज रेग्मी, जन जागृत निमावि, तरगौली, नवलपरासी
- विष्णुबहादुर कार्की, बगैचा निमावि, भोटेओदार, लमजुङ
- मिना आले, अकला प्रावि, अर्चले-८, पाल्पा
- हेमराज पौडेल, लक्ष्मीनारायण निमावि, अमलाचौर-९, सरङ्गी, बाग्लुङ
- मदन पन्त, ताङलीचोक मावि, गोरखा
- इन्द्रबहादुर खत्री, सहारे-४, आपटाकुरा, सुर्खेत
- दीपकराज आर्चाय, सरस्वती मावि, सिमघाट, सहारे-८, सुर्खेत
- लालबहादुर डि.सी., सरस्वती मावि, सिमघाट, सहारे-८, सुर्खेत
- शिवबहादुर खड्का, जनशक्ति उमावि, नामजुङ्-४, गोरखा
- लक्ष्मीप्रसाद न्यौपाने, सरस्वती प्रावि, चक्रतिर्थ-१, लमजुङ
- कृष्ण अधिकारी, स.नि.मावि, सिमरा-३, बारा
- हरिराम पौडेल 'आत्रेय', प्रभात निमावि, मिजुरे-४, पाखुरीकोट, धादिङ
- रत्नराज इटनी, भुवनेश्वरी मावि, चैनपुर-१, तल्लो रामपुर, धादिङ
- नवराज सापकोटा, बुद्धि कल्याण प्रावि, श्रीनाथकोट-३, डाँडागाउँ, गोहोरे, गोरखा
- चन्द्रप्रसाद घिमिरे, पञ्चपोखरी प्रावि, चुचुरे-५, रामेछाप
- मल्लवराज जोशी, रिठा चौपाता-८, मैखोली, पनालीखेल, दार्चुला
- कपिलबहादुर गाहा, आलमदेवी-८, स्याङ्जा
- शिवबहादुर खड्का, जनशक्ति उमावि, नामजुङ-४, गोरखा
- ओमप्रकाश श्रेष्ठ, राम्चे प्रावि, बुंकोट, गोरखा
- राजेन्द्र अर्याल 'अविरल', शहीदगंगा उमावि, काहुँ शिवपुर-६, तनहुँ
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखाल-७, कन्चनपुर
- उद्धव इटनी, भुवनेश्वरी मावि, चैनपुर-१, धादिङ

**सामान्यज्ञान-२६ः कुनै पनि सहभागीबाट सही समाधान प्राप्त हुन सकेन ।**


# मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोन: ४२७७५५२/४२८१९७२

काठमाडौंबाट

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | विहान ५ बजे | वीरगञ्ज | विहान ८, १०:१५, ११, ११:४५ बजे, बेलुकी ८:१५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे | भरतपुर | विहान ८:४५ बजे, दिउँसो १२:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे | शिवनगर | दिउँसो १२:१५ बजे |
| धरान | विहान ५:५० बजे | टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ | टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| राजविराज | विहान ६ बजे | पर्सा-कपिया | दिउँसो २:१० बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे | पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| मलंगवा | विहान १०:४५ बजे | गीतानगर-जगतपुर | दिउँसो ३ बजे |
| जनकपुर | विहान ७:१५ बजे | | |
| कलैया | विहान १०:१५ बजे | | |

काठमाडौंतर्फ

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | विहान ५ बजे | कलैया | विहान ८ बजे |
| भद्रपुर | विहान ४:५० बजे | हेटौडा | विहान ११ बजे |
| मधुमल्ल | विहान ४:५० बजे | वीरगञ्ज | विहान ८, ९, ११:३०, बेलुकी ८:३० बजे |
| धरान | विहान ४:२० बजे | शिवनगर | विहान ५:३० बजे |
| विराटनगर | विहान ४:३० बजे | भरतपुर | विहान ५:३० बजे |
| इटहरी | विहान ५, ५:२०, ६:३०, ७ बजे | पर्सा | विहान ५:४५ बजे |
| राजविराज | विहान ५:३० बजे | मेघौली | विहान ६:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे | टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| लहान | ६:१५, ७, ७:१५, ९ बजे | पर्सा-कपिया | विहान ६:३० बजे |
| मलंगवा | विहान ५:१५ बजे | जगतपुर | विहान ७:१५ बजे |
| | | नारायणघाट | विहान ६:१५, ६:४५, ७, ७:४०, ८, ८:१५, ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौडाः ०४७-२०५३५ ।

यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

## वर्तमानका कुरा

# जलवायु परिवर्तनसँग बाँच्न सिकौं



**हामी जलवायु परिवर्तनबाट बच्न सक्दैनौँ, त्यसैले परिवर्तनसित बाँच्न सिक्नुपर्छ, यसैसित तालमेल मिलाउन जान्नुपर्छ । तालमेल मिलाउनका निम्ति जलवायु परिवर्तनको प्रकृति र प्रवृत्तिलाई बुझ्नुपर्छ र असल अभ्यासलाई बढाउनुपर्छ ।**

**पृथ्वीको** जलवायु नित्य परिवर्तनशील छ, परिवर्तनकै क्रममा अत्यन्त गर्मी र चिसा हिमयुगहरू पृथ्वीले पार गरिसकेको छ । जलवायु परिवर्तन हामीले रोक्न सक्ने कुरा होइन । जलवायु परिवर्तन जीवहरूको सृष्टि अघिदेखि नै हुँदै आएको छ । सबै जीवजन्तुले यो परिवर्तनलाई भोगिसकेका छन् । दुर्भाग्यवश, कहिलेकाहीं परिवर्तनको दर धेरै र अवधि छोटो हुन्छ जसले प्राणीहरूलाई तालमेल मिलाउन गाह्रो पर्छ । त्यस्तो वेलामा परिवर्तनका दुष्प्रभाव पनि धेरै हुन्छ । धेरैको मृत्यु हुन्छ । तर पनि परिवर्तन चाहिँ रोकिँदैन ।

प्राणीहरूमा रहेको प्रतिकूल परिस्थितिमा बाँच्न सक्ने क्षमता र समयक्रममा तिनमा आएको परिवर्तनको सूक्ष्म अध्ययन गरेर प्रसिद्ध प्रकृतिविद् चार्ल्स डार्बिनले 'सबभन्दा योग्य मात्र बाँच्छ' (सर्भाइभल अफ द फिटेस्ट) भनेका थिए । वातावरण अनुसार आफूमा परिवर्तन गर्न सकेका प्राणीहरू मात्र आजसम्म अस्तित्वमा रहेका छन् । जलवायु परिवर्तन प्राकृतिक प्रक्रिया हो भन्नुको अर्थ यसलाई चुपचाप सहनुपर्छ र यसले जताजता डोऱ्याउँछ, त्यतात्यता जानुपर्छ भन्ने चाहिँ होइन ।

भविष्यमा हुने परिवर्तनका बारेमा वेलैमा थाहा पाउने र परिवर्तनसित तालमेल मिलाउन सक्ने भएकाले नै मानिस पृथ्वीको सबभन्दा योग्य प्राणी सावित भएको हो । त्यसैले अहिले पृथ्वीले जुन किसिमको परिवर्तनको चाप भोगिरहेको छ, त्यसको व्यवस्थापनको अभिभारा पनि मानवजातिमै आएको छ । पृथ्वीको तापक्रम बढ्दै जाँदा विभिन्न ठाउँमा थुप्रिएर रहेको हिउँ पग्लिँदै जान्छ र समुद्रमा पानीको मात्रा बढ्छ । कैयन् टापुहरू डुब्ने अवस्थामा पुग्न सक्छन् । खासगरी विकासशील देशहरूसित परिवर्तनसँग तालमेल मिलाउन लाग्ने खर्च हुँदैन । अर्कातिर यही प्रक्रियाबाट रूस जस्ता देशलाई फाइदा हुनसक्छ किनभने त्यहाँ प्रशस्तै जमिन छ र साइबेरिया क्षेत्रबाट हिउँ पग्लियो भने त्यहाँको तेलको भण्डारको अझ ठूलो प्रयोग हुनसक्छ ।

कतिपय देशहरू अहिले नै एकदमै सम्पन्न छन् । तिनले जलवायु परिवर्तनका प्रभावहरू सितिमिति थाहा नै पाउने छैनन् । धनीहरू त्यसवेला पनि एयर कन्डिसनमा बसेर काम गरिनै रहन सक्छन् । विकसित देशमा प्रयोग हुने आधुनिक उपकरण र त्यस्तै महङ्गो जीवनशैलीका कारण थपिएको गर्मीको मार गरिब देशका जनतालाई परिरहन्छ । जलवायु परिवर्तनका प्रभाव बढ्दै जाँदा वर्षा कम हुँदै जाने कुरा देखिइसकेको छ । वर्षा कम भएपछि र हिउँको स्रोतबाट बग्ने नदीहरूमा पानी घटेपछि खडेरीको मार पक्कै बढ्छ । फलत: खाद्यान्नको उत्पादन घट्दै जानेछ । वातावरणीय कारणले शरणार्थी बन्नेहरूको सङ्ख्या धेरै बढ्नेछ । हामी जलवायु परिवर्तनबाट बच्न सक्दैनौँ, त्यसैले परिवर्तनसित बाँच्न सिक्नुपर्छ, यसैसित तालमेल मिलाउन जान्नुपर्छ । तालमेल मिलाउनका निम्ति जलवायु परिवर्तनको प्रकृति र प्रवृत्तिलाई बुझ्नुपर्छ र असल अभ्यासलाई बढाउनुपर्छ । बोटबिरुवाको सङ्ख्या बढाउनु, सकेसम्म कम ऊर्जा खर्च गर्नु, वर्षाको पानीलाई सकेसम्म धेरै जोगाएर प्रयोग गर्नु, सुक्खा सहन सक्ने खालका बाली र बालीका प्रजातिहरूको अनुसन्धान र खेती गर्नु यस्ता केही प्रभावकारी उपायहरू हुन् ।

वातावरण विनाश दुईधारे तरबार हो । यसले व्यक्तिको जीवन कष्टकर र महङ्गो बनाउँछ । अन्त्यमा पृथ्वीलाई नै बस्न नसकिने ठाउँ बनाइदिन्छ । तर वातावरण संरक्षण भने दुई हातमा लड्डु मिल्ने काम हो । यसबाट आफ्नो जीवन सुखी हुन्छ र सम्पूर्ण संसारका लागि काम गरेको सन्तुष्टि पनि प्राप्त हुन्छ ।

(द इकोनोमिस्ट, डिसेम्बर, २०१०)


अंकलाई नयाँ अर्थ
१८०० = १४४१
अब आर्थिक अभियान पढ्नुहोस् मात्र रु. १४४१ मा, वर्षैभरि
सितैमा पाउनुहोस् १ वर्षको सावधिक जीवन बीमा योजना*
Business Age
विद्यार्थी र शिक्षक स्पेशल अफर*
सितैमा पाउनुहोस् New Business Age ६ महिनाको लागि
साथै सबै ग्राहकलाई एउटा आकर्षक छाता पनि
** शर्तहरु लागु हुनेछ ।
यो योजना काठमाडौं उपत्यकाभित्र मात्र लागू हुनेछ
आर्थिक अभियान
अर्थ-राजनीतिक दैनिक
हरेक दृष्टि, आर्थिक कोण
Campaign Partner:
GURANS
गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि.
Gurans Life Insurance Co. Ltd.
लुम्बिनी प्लेटिनम बचत
उच्च सुरक्षा, अधिकतम प्रतिफल ७.५%
Campaign Supported by:
लुम्बिनी बैंक लिमिटेड
Lumbini Bank Limited
थप जानकारीको लागि
४२६७७१७

म.क्षे.हु.नि. द.नं. ५६/०६७/६८


# जहाँ नागरिक त्यहाँ नागरिक

दैनिक






epaper

www.nagariknews.com

Nepal Republic Media